# विकृतिविहीन न्यायपालिकाको विकास

## अध्ययन प्रतिवेदन

२०६६

विकृतिविहीन न्यायपालिकाको विकासका लागि अध्ययन कार्यदल

सर्वोच्च अदालत
२०६६

सर्वोच्च अदालत

# विकृतिविहीन न्यायपालिकाको विकासका लागि अध्ययन कार्यदल, २०६६

मिति : २०६६।११।२१।६

**श्री सम्माननीय प्रधान न्यायाधीशज्यू,**
**सर्वोच्च अदालत, काठमाडौं ।**

विषय : प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।

सम्माननीय महोदयबाट मिति २०६६।७।२८ मा पद बहालीका अवसरमा व्यक्त प्रतिबद्धताबमोजिम मिति २०६६।९।७ को निर्णयानुसार न्यायपालिकासामु विद्यमान विकृतिहरूको पहिचान गरी तिनको नियन्त्रणका उपायहरू सुझाउने मुख्य उद्देश्यसहित हामी सम्मिलित कार्यदल गठन भएको थियो । कार्यदललाई तोकिएको कार्यादेशबमोजिम न्याय क्षेत्रका सरोकारवालाहरूसँग अन्तर्क्रिया एवं छलफलका माध्यमबाट राय सुझाव संकलन गर्नुका साथै विभिन्न स्रोतबाट तथ्याङ्क एवं विवरणहरू संकलन गरी त्यसको विश्लेषण समेतका आधारमा विकृतिविहीन न्यायपालिकाको विकासका लागि गर्नुपर्ने दीर्घकालीन र तत्कालीन कार्यहरू समेतलाई समेटेर तयार पारिएको अध्ययन प्रतिवेदन सम्माननीयज्यू समक्ष पेश गरेका छौं ।

| ................... | ................... | ................... | .................. |
|---|---|---|---|
| **(प्रकाश वस्ती)** | (गिरीश चन्द्र लाल) | (खिलराज रेग्मी) | (रामप्रसाद श्रेष्ठ) |
| सदस्य | सदस्य | सदस्य | संयोजक |

# भूमिका

छिटो, छरितो, सुलभ, पारदर्शी एवं प्रभावकारी न्यायका लागि सवल, सक्षम, सुदृढ र स्वतन्त्र न्यायपालिका आवश्यक हुन्छ । लोकतन्त्रमा न्यायपालिकालाई जनआस्थाको धरोहर र केन्द्र विन्दु मानिन्छ । न्यायका मूल्य मान्यता र आदर्शलाई आत्मसात् गर्दै समय सापेक्ष रुपमा न्याय प्रदान गर्न सकेमात्र  न्यायपालिकाप्रतिको जनताको आस्था र विश्वासले जीवन्तता पाउँदछ । समयचक्रले यसको कार्यक्षेत्रमा ल्याउने विभिन्न किसिमका समस्याहरू र अवरोधहरूले यसलाई कमजोर बनाउने हुँदा तिनको समयमै पहिचान गरी चिरफार गर्दै अगाडि बढ्नु अपरिहार्य हुन्छ । यसै तथ्यलाई आत्मसात् गर्दै हाम्रो सन्दर्भमा पनि अदालतका समग्र काम कारवाहीमा देखिएका विभिन्न खालका समस्याहरूको पहिचान गरी समाधान गर्दै छिटो, छरितो र प्रभावकारी न्याय सम्पादनका माध्यमले विकृतिविहीन न्यायपालिकाको विकासका लागि आवश्यक अध्ययन गरी दुई महिनाभित्र प्रतिवेदन पेश गर्न मेरो संयोजकत्वमा चार सदस्यीय कार्यदल गठन भई कार्य प्रारम्भ भएको थियो ।

न्यायपालिका समक्ष विद्यमान रहेका विभिन्न किसिमका समस्याहरूको अध्ययन गर्न कार्यदलले काठमाडौँ उपत्यका र मोफसलका न्यायक्षेत्रसँग आवद्ध र सम्वद्ध सरोकारवालाहरूसँग छलफल र अन्तर्क्रियासमेतका माध्यमबाट राय सुझाउ संकलन गरेको थियो र संकलित राय सुझाउलाई हृदयंगम गर्दै  न्यायपालिकाका समस्याहरूको समाधानका उपायहरू पहिल्याउने प्रयास गरिएको छ । कार्यदल समक्ष प्राप्त भएका लिखित एवं मौखिक राय सुझाउका साथै प्रतिक्रियाका आधारमा न्यायपालिकाका समस्याहरू ठम्याउन धेरै सहयोग मिलेको छ । प्रस्तुत प्रतिवेदनमा न्यायपालिकामा चासो र सरोकार राख्ने सबैलाई पारदर्शी र प्रभावकारी न्याय प्रदान गर्न न्यायपालिकालाई परेका समस्या र अप्ठ्याराहरू के के हुन्, समस्या कहाँ, कसरी र कुन मात्रामा छन् र ती समस्याका कारक तत्व के के हुन्, न्यायपालिकाप्रति यसका सरोकारवालाहरूको के कस्तो दृष्टिकोण रहेको छ, देखिएका समस्याहरूको समाधानका लागि तत्काल र दीर्घकालमा गर्नुपर्ने सुधारका कार्यहरू के के हुन् भन्ने समेतका विषयमा चर्चा गरिएको छ । यसबाट न्यायपालिकाको भावी कार्यदिशा निर्धारण गर्न मद्दत पुग्नेछ भन्ने मलाई विश्वास लागेको छ ।

अध्ययन कार्यदलको गठन गरी अध्ययनको जिम्मेवारी प्रदान गर्नु भएकोमा सम्माननीय प्रधान न्यायाधीशज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अध्ययन, अनुसन्धान छलफल तथा अन्तर्क्रियामा कार्यदलका सदस्य माननीय न्यायाधीश श्री खिलराज रेग्मी, माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल, माननीय न्यायाधीश श्री प्रकाश वस्तीको सहभागिता र संयुक्त प्रयासमा यो प्रतिवेदन तयार भएको छ । छलफल तथा अन्तर्क्रियामा उपस्थित भएर प्रत्यक्ष सहभागिता जनाउने र लिखित एवं मौखिकरुपमा आफ्ना अमूल्य सुझाव दिई कार्यदलको काममा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सहभागी र न्यायपालिकाका शुभचिन्तकहरूप्रति कार्यदल आभारी रहेको छ ।

कार्यदलका तर्फबाट आयोजित अन्तर्क्रिया कार्यक्रमहरूमा पुनरावेदन अदालत जनकपुर, विराटनगर, नेपालगञ्ज र पोखराका माननीय मुख्य न्यायाधीशहरू र रजिष्ट्रारहरूले पुऱ्याउनु भएको सहयोगको हार्दिक प्रशंशा गर्दछु । अन्तर्क्रिया कार्यक्रमहरूमा प्रतिवेदकको भूमिका निर्वाह गर्नुहुने सर्वोच्च अदालतका उप-रजिष्ट्रारहरू श्री हेमन्त रावल, श्री विदुर कोइराला र श्री हिमलाल वेलवासेलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । प्रतिवेदन लेखनमा कार्यदलका सचिव श्री लेखनाथ पौडेल र सर्वोच्च अदालतका इजलास अधिकृत श्री उमेश कोइरालाले गर्नु भएको मिहिनेत र योगदानका लागि उहाँहरूलाई कार्यदलका तर्फबाट विशेष धन्यवाद दिन्छु । त्यसैगरी कार्यदलको कार्यमा व्यवस्थापकीय सहयोग गर्नुहुने सर्वोच्च अदालतका शाखा अधिकृत श्री चाणकमणि अर्याल, कम्प्यूटर टाइपमा सहयोग पुऱ्याउने श्री दीक्षितमान राजभण्डारी र श्री सुवर्णप्रभा के.सी.पनि धन्यवादको पात्र हुनु हुन्छ ।

**(रामप्रसाद श्रेष्ठ)**
**संयोजक**
**विकृतिविहीन न्यायपालिकाको विकास अध्ययन कार्यदल**

# अनुसूचीहरू

# विषय-सूची


**कार्यकारी सारांश**

**परिच्छेद् - एक**

**प्रारम्भिक** १-४

१.१ कार्यदलको गठन, उद्देश्य १

१.२ कार्यदललाई प्रदान गरिएको कार्यादेश १

१.३ कार्यदलको कार्याविधि २

१.४ अध्ययनको विधि २

१.५ अध्ययनको कार्यक्षेत्र ३

१.६ प्रतिवेदनको स्वरुप ४

**परिच्छेद् - दुई**

**तथ्य संकलन र अन्तर्क्रियाबाट प्राप्त सूचनाहरू** ५-६२

**परिच्छेद् - तीन**

**संकलित विवरण तथा सुझावहरूको संक्षिप्त विश्लेषण** ६३-७२

**परिच्छेद् - चार**

**समस्याहरूको पहिचान** ७३-८४

**परिच्छेद् - पाँच**

**निष्कर्ष र समाधानका उपायहरू सहितका सुझावहरू** ८५-१०६

५.१ दीर्घकालीन उपायहरू ८७

५.२ अल्पकालीन उपायहरू ८८

५.२.१ कार्यविधि कानूनमा सुधार ८९

५.२.२ न्याय परिषद्/न्याय सेवा आयोगको सक्रियता बढाउने ९०

५.२.३ सञ्चार माध्यमसँगको सम्बन्ध र सूचना सम्प्रेषण ९२

५.२.४ कानून व्यवसायीसँगको सम्बन्ध र अपेक्षा ९३

५.२.५ प्रशासनिक पक्षमा सुधारका क्षेत्र ९५

५.२.६ न्यायिक नेतृत्वबाट अपेक्षा ९६

५.२.७ आन्तरिक सुधारका क्षेत्र ९८

५.२.८ विकृतिका मूल कारक र तिनको नियन्त्रण ९९

५.२.९ सेवाग्राहीसँगको सम्बन्ध सुधार १००

५.२.१० अपराध अनुसन्धान र अभियोजन प्रणालीमा सुधार १०१

५.२.११ ध्यान दिनु पर्ने अन्य क्षेत्र १०२

**अनुसूचीहरू** १०७-१४४

१. गोरखापत्र दैनिकमा प्रकाशित कार्यदलको सूचना

२. अन्तर्क्रिया कार्यक्रमको विवरण

३. अन्तर्क्रिया कार्यक्रमका सहभागीहरूको नामावली

# कार्यकारी सारांश

## १. कार्यदलको गठन, उद्देश्य

सम्माननीय प्रधान न्यायाधीश श्री अनूपराज शर्माज्यूबाट मिति २०६६।७।२८ गते पद वहाली गर्दाका अवसरमा व्यक्त प्रतिबद्धताबमोजिम मिति २०६६।९।७ को निर्णयानुसार सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठको संयोजकत्वमा माननीय न्यायाधीशहरू श्री खिलराज रेग्मी, श्री गिरीश चन्द्र लाल र श्री प्रकाश वस्ती सदस्य रहेको कार्यदल गठन भएको हो ।

न्यायपालिका सामु रहेका विभिन्न समस्याहरू र त्यसबाट उत्पन्न भएका विकृतिहरूको नियन्त्रणका लागि प्रधान न्यायाधीश, पुनरावेदन अदालतका मुख्य न्यायाधीश र अन्य सम्वद्ध निकायहरू र त्यसका पदाधिकारीहरूको अपेक्षित भूमिका के हुनसक्छ ? भन्ने समेतका विषयमा तत्काल विकास गरिनुपर्ने संयन्त्र, अल्पकालीन तथा दीर्घकालीन रणनीति समेतका बारेमा अध्ययन गरी प्रतिवेदन पेश गर्नु नै कार्यदलको प्रमुख उद्देश्य रहेको छ ।

## २. कार्यदललाई प्रदान गरिएको कार्यादेश

कार्यदललाई देहाय बमोजिमको कार्यादेश प्रदान गरिएको थियो :

- न्यायाधीश, कानून व्यवसायी, सञ्चार माध्यम र सेवाग्राही समेतसँग अन्तर्क्रिया गर्ने
- विभिन्न माध्यमद्वारा सूचना सामग्री संकलन गर्ने
- अदालतभित्र हुने विकृति, त्यसको क्षेत्र, माध्यम र प्रकृतिको स्पष्ट पहिचान गर्ने
- समस्या समाधानका स्पष्ट अल्पकालीन र दीर्घकालीन उपाय निर्धारण गर्ने
- सिफारिश लागू गर्ने र अनुगमन गर्ने निकायको प्रभावकारीताका उपाय समेत निर्धारण गर्ने ।

## ३. अध्ययनको विधि

कार्यदलद्वारा राय सुझावहरू संकलनमा निम्नानुसारको अध्ययन विधि अवलम्वन गरिएको थियो :

- पत्रपत्रिकाका प्रकाशित समाचार र संप्रेषित विचारहरूको संकलन,
- इलेक्ट्रोनिक्स माध्यमबाट प्रवाह र सञ्चार भएका समाचार र सुझावहरूको संकलन,
- छलफल र अन्तर्क्रियाका माध्यमबाट सहभागीहरूबाट व्यक्त सुझाव र प्रतिक्रिया संकलन,
- न्याय परिषद, नेपाल कानून व्यवसायी परिषद, नेपाल बार एशोसिएशन, महान्यायाधिवक्ताको कार्यालयबाट प्राप्त सुझाव, उजूरी, कारवाहीसम्वन्धी विवरणको संकलन,
- सर्वोच्च अदालत बार एशोसिएशनबाट गरिएको अध्ययनमा आधारित **न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि अध्ययन समितिको प्रतिवेदन, २०६४**, विभिन्न लेखकहरूद्वारा प्रकाशित अदालत सम्वन्धी लेख, रचना, पुस्तक, प्रतिवेदन, पत्रपत्रिकाहरूको संकलन,
- अदालती काम कारवाहीसँग सम्वद्ध र आवद्ध सबै खाले सरोकारवालाहरूको पहिचान गरी उनीहरूका राय, सुझाव, प्रतिक्रिया र अनुभव संकलन,
- प्राप्त विवरण, राय, सुझाव एवं प्रतिक्रियाहरूको विश्लेषण ।

## ४. तथ्य संकलन र अन्तर्क्रियाबाट प्राप्त सूचनाहरू तथा त्यसको विश्लेषण

कार्यदलले आफ्नो कार्यविधि आफैं तय गर्न सक्ने व्यवस्थाअनुसार यसले समस्याहरूको पहिचान गरी ती समस्याहरूको समधानका लागि विभिन्न आधारहरू तय गरी सोही आधारमा गोरखापत्र दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरी सुझावहरू आव्हान समेत गरिएको थियो । कार्यदलको कार्यक्षेत्रसँग सम्बन्धित विषयका सूचनाहरूको संकलन गर्ने क्रममा कार्यदलले सम्बद्ध पक्षहरूसँगको अन्तर्क्रियालाई विषेश महत्त्व दिएको थियो । सुझाव संकलनमा काठमाडौं उपत्यकामा मात्र सीमित नरही काठमाडौं बाहिर पोखरा, नेपालगञ्ज, गुलेरिया, जनकपुर, विराटनगर र इनरुवामा छलफल तथा अन्तर्क्रिया कार्यक्रमहरू सम्पन्न गरिएका थिए ।

त्यसक्रममा ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल लगायतका नागरिक समाजका प्रतिनिधिहरू, कानून पत्रकारहरू, विभिन्न तहका बार एशोसिएशनका पदाधिकारीहरू, महान्यायाधिवक्ता तथा सरकारी वकीलहरू, पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरू, विभिन्न कर्मचारी संगठनका पदाधिकारीहरू, न्याय परिषद्का पूर्व तथा वर्तमान सचिवहरू, प्रहरी संगठनका पदाधिकारीहरू, नेपाल कानून व्यवसायी परिषद्का पदाधिकारीहरू, न्यायपालिका अधिकृत समाजका पदाधिकारीहरू र सेवाग्राही समेतसँग छलफल गरी सुझाव तथा प्रतिक्रिया संकलन गरिएको थियो ।

कार्यदलको आह्वानबमोजिम लिखित रुपमा सुझावहरू पनि प्राप्त भएका थिए । अध्ययनलाई यथार्थपरक तुल्याउने उद्देश्यले नियमनकारी संस्थाका रुपमा रहेका न्याय परिषद्, न्याय सेवा आयोग र कानून व्यवसायी परिषद्मा परेका उजूरीहरू र ती उजूरीका आधारमा भएका कारवाहीहरूको विवरण समेत संकलन गरिएको थियो ।

अध्ययनका सिलसिलामा **न्यायपालिकाको रणनीतिक योजना**मा व्यक्त प्रतिवद्धताका साथै नेपाल कानून समाजले गरेको अध्ययनमा **आधारित न्याय सम्पादनमा अदालतको भूमिका र प्रभावकारिता विषयक जनअभिमत सर्वेक्षण, २०५९** को प्रतिवेदन र सर्वोच्च अदालत बार एशोसिएशनले गरेको अध्ययनमा आधारित **न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि अध्ययन समितिको प्रतिवेदन, २०६४** को समेतको अध्ययन गरी त्यसरी विभिन्न स्रोतबाट संकलन गरिएका सुझाव, प्रतिक्रिया तथा विवरणहरूको विश्लेषण समेत गरिएको छ ।

## ५. समस्याको पहिचान

कार्यदलबाट न्यायपालिकाका सरोकारवालाहरू तथा सम्वद्ध पक्षहरूसँग गरिएको छलफल एवं अन्तर्क्रियाहरूबाट अदालतका काम कारवाहीका सम्बन्धमा व्यक्त भएका धारणा तथा संकलित अन्य विवरण समेतलाई अध्ययन, मनन् एवं विश्लेषण गर्दा न्यायपालिकाका काम कारवाहीलाई सरल, सुलभ र पहुँचयोग्य बनाउन विभिन्न कारणहरू समस्याको रुपमा देखिएका छन् । ती कारणहरूको निराकरण हुन नसक्दासम्म न्यायपालिकाभित्रका विकृति, विसंगति र त्रुटि कमजोरीहरू कायमै रहने र जनमानसमा न्यायपालिकाप्रतिको नकारात्मक छवि बन्न जाने निश्चित नै छ । न्यायिक काम कारवाहीमा देखिएका सबै खालका समस्याहरूको समाधानमा न्याय क्षेत्रका सरोकारवाला सबैको सामूहिक प्रयत्नको खाँचो पनि उत्तिकै रहेको छ । त्यसैले न्यायपालिका सामु रहेका आन्तरिक र बाह्य समस्याहरूमध्येका प्रमुख समस्याहरूका रुपमा ढिलासुस्ती, फैसला कार्यान्वयन, महङ्गो न्याय, पारदर्शिताको अभाव, आर्थिक अनियमितता तथा भ्रष्टाचारलाई लिइएको छ र तिनीहरूको कारण र त्यसको मात्रा समेत अध्ययन प्रतिवेदनमा किटान गरिएको छ ।

## ६. निष्कर्ष, समाधानका उपाय तथा सुझावहरू

न्यायपालिकाभित्रका विभिन्न खालका समस्याहरूलाई सम्वोधन गरी समाधान गर्न विभिन्न उपायहरू अवलम्वन गर्नुपर्ने निष्कर्षमा यो कार्यदल पुगेको छ । न्यायपालिकालाई विकृतिविहीन तुल्याउने कुरा न्यायपालिका एक्लैको प्रयासमा मात्र सम्भव हुँदैन । न्यायका सरोकारवाला निकायहरू र त्यस्ता निकायसँग सम्बद्ध व्यक्तिहरू मध्ये कुनै एउटाले मात्र पनि असहयोग गरेमा वा तिनीहरूमा कार्यक्षमताको अभाव भएमा वा तिनीहरूले कार्यसम्पादनमा लापरवाही गरेमा वा उनीहरूको काम कारवाहीमा विकृति विसंगति देखिएमा त्यसको सीधा असर न्यायिक कार्यमा पर्दछ र अन्ततोगत्वा: समग्र न्याय प्रणाली प्रभावित हुन पुग्दछ । न्यायपालिकाका सरोकारवालाहरू मध्ये कुनै एक अंगमा लागेको दागको धब्बा न्यायपालिकामा प्रतिविम्वित हुने वास्तविकता र जुनसुकै सरोकारवालाबाट भएका कमी कमजोरी र त्रुटिलाई न्यायपालिकाबाटै भएको ठान्ने र सबै कसिङ्गर न्यायपालिकामाथि नै थोपर्ने प्रवृत्तिले गर्दा सुशासनयुक्त न्यायपालिकाको अपेक्षा राख्दा सरोकारवाला सबैभित्र सुशासन र स्वच्छता कायम गर्नु अपरिहार्य हुन्छ । न्यायपालिकाभित्रै पनि केहीको कमजोरीको प्रतिविम्व सिंगो संस्थामा देखिने कुरालाई हृदयंगम गरी संस्थाभित्रका सबैले आ-आफ्नो क्षेत्रबाट स्वच्छ, निष्पक्ष र प्रभावकारी कार्य सम्पादनप्रति प्रतिबद्ध रहनु जरुरी हुन आउँछ । त्यसैले संस्थाभित्र र बाहिर सबैतिर स्वच्छता कायम गर्न सबैले व्यक्तिगत रुपमा पनि जिम्मेवारीवोध गर्नुपर्ने र सबै तिरका काम कारवाहीहरूको निरन्तर अनुगमन र मूल्याङ्कन गर्ने परिपाटी बसाल्न सोसम्बन्धी संयन्त्रहरूलाई प्रभावकारी बनाएर अघि बढ्नु पनि उत्तिकै आवश्यक हुन्छ ।

न्यायपालिका यथार्थतामा भन्दा अतिरञ्जित अफवाहबाट बढी आक्रान्त छ । न्यायपालिकाभित्रको विकृति बाहिर चर्चामा आएजतिको सघन देखिएका छैनन् । सानातिना त्रुटि कमजोरीलाई पनि बढाइचढाई गर्ने र व्यक्ति विशेषबाट भएका गलत कार्य र कमजोरीको दोष सिंगो संस्थामाथि थोपर्ने प्रवृत्तिले गर्दा न्यायपालिकाप्रतिको जनताको आस्था र विश्वासमा आँच पुगेको अवस्था देखिन्छ ।

न्यायपालिका यस्तो संस्था हो, जसले आफूलाई पूर्ण रुपमा विकृतिविहीन तुल्याएर अन्य संस्थाहरूका लागि उदाहरण प्रस्तुत गर्नुपर्छ । किनभने न्यायपालिकाको प्रमुख जिम्मेवारी भनेकै कानूनको शासन स्थापित गर्नु हो, भ्रष्टाचारजन्य क्रियालाई दण्डित गर्नु हो, नागरिकका हक अधिकारहरूको सुरक्षा गर्नु हो । त्यसैले न्यायपालिकालाई सबैको सामूहिक प्रयत्नबाट साँचो अर्थमा विकृतिविहीन न्यायपालिकाका रुपमा स्थापित गर्ने अभियानको प्रारम्भ न्यायपालिकाले नै गरेको छ, यो अध्ययन त्यही अभियानको एउटा कडी हो । अध्ययनबाट न्यायपालिकाभित्र र बाहिरका समस्याहरू पहिचान गरिएको हुँदा अबको प्रयास भनेको समस्याहरूको समाधान गर्दै अघि बढ्ने र त्यस क्रममा सरोकारवाला सबैलाई क्रियाशील गराउने हुनुपर्छ भन्ने यस कार्यदलको निष्कर्ष छ ।

कार्यदललाई समस्या समाधानका अल्पकालीन र दीर्घकालीन उपायहरू सिफारिश गर्ने र सिफारिश कार्यान्वयन तथा अनुगमन गर्ने निकायको प्रभावकारीताका उपायसमेत निर्धारण गर्ने प्रमुख जिम्मेवारी सुम्पिइएको परिप्रेक्ष्यमा प्रस्तुत अध्ययनबाट विद्यमान समस्याहरूको समाधानका लागि विभिन्न उपायहरूको अवलम्वन गर्नु पर्ने देखिएको छ । त्यस्ता उपायहरूलाई दीर्घकालीन र अल्पकालीन गरी दुई वर्गमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

### ६.१ दीर्घकालीन उपायहरू

दीर्घकालीन उपायहरूअन्तर्गत विभिन्न संहिताहरूको निर्माण, विशिष्टीकृत ऐनको व्यवस्था र विद्यमान कानूनमा समसामयिक परिमार्जन, अनुसन्धान प्रणालीको पुनरावलोकन, न्याय परिषद्को संरचनागत परिमार्जनलगायतका विषयहरूलाई समेटिएको छ । यी विषयहरू न्यायपालिका एक्लैको

प्रयासमा सम्भव नहुने र त्यसका लागि अध्ययन अनुसन्धानको निश्चित प्रक्रिया पार गरी निष्कर्षमा पुग्नुपर्ने आवश्यकता रहने हुँदा त्यसलाई दीर्घकालीन उपायका रुपमा राखिएको हो । तर, देहायका दीर्घकालीन उपायअन्तर्गत परेका विषयलाई सम्वोधन गर्न सम्बन्धित निकायले उदासीनता देखाउने हो भने विकृतिविहीन न्यायपालिकाको अभियानले सार्थकता पाउन सक्ने छैन ।

- संविधान निर्माणमा स्वतन्त्र न्यायपालिकाको प्रत्याभूति, न्यायाधीश नियुक्तिको मापदण्ड निर्धारण र न्याय परिषद्को पुनर्संरचना गरिनु पर्ने ।
- सरलीकृत देवानी र फौजदारी संहिता तथा कार्यविधि संहिताहरू तर्जुमा गरी लागू गरिनु पर्ने ।
- विचौलीयाका क्रियाकलापहरुलाई कारवाहीको दायरामा ल्याउन सो समेतका विषयवस्तुहरुलाई समेट्ने गरी अदालतको अवहेलनासम्बन्धी छुट्टै ऐन तर्जुमा गरी लागू गरिनु पर्ने ।
- न्याय सेवाका कर्मचारीहरूका लागि छुट्टै सेवा शर्त सम्बन्धी ऐन हुनु पर्ने ।
- न्यायपालिकाका आर्थिक अनियमितता र भ्रष्टाचारका सम्बन्धमा छुट्टै ऐन तर्जुमा गरी लागू गरिनु पर्ने ।
- कोर्ट फी ऐन र आय टिकट दस्तूर ऐनमा समसामयिक संशोधन गरिनु पर्ने ।
- अ.वं. १७ नं. को सुधारात्मक क्षेत्राधिकार बारे पुनर्विचार हुनु पर्ने ।
- म्याद र हदम्याद घटाउनु पर्ने र थाहा पाउने अवस्था सम्बन्धमा व्यावहारिक मापदण्डयुक्त कानूनी व्यवस्था गरिनु पर्ने ।
- न्याय परिषद्मा न्यायाधीशका अनियमित काम कारवाही र आचरणका सम्बन्धमा छानवीन गर्न संयन्त्र निर्माण गरी त्यसलाई प्रभावकारी रुपमा परिचालन गरिनु पर्ने ।
- गम्भीर अपराधका अभियुक्तलाई विदेश वा स्वदेशमै स्थानहद गर्ने व्यवस्था हुनुपर्ने ।
- नेपालका सन्दर्भमा मुद्दा चलाउने/नचलाउने विषयमा प्रहरीले राय बझाउन सक्ने साविकको व्यवस्थाको उपयोगिता समेतका सम्बन्धमा अध्ययन अनुसन्धान गरी सो सम्बन्धमा समसामयिक र व्यवहारिक रुपमा सुधार गरी लागू गरिनु पर्ने ।
- अनुसन्धान तथा अभियोजन त्रुटिपूर्ण देखिएको अवस्थामा सरकारवादी फौजदारी मुद्दाहरूमा पुनः अनुसन्धान एवं अभियोजन वा पूरक अभियोजनको व्यवस्था प्रभावकारी रुपमा लागू गर्नु पर्ने र त्यसप्रकारको निर्देशन अदालतबाट हुन सक्ने गरी सम्बन्धित कानूनहरूमा परिमार्जन गरिनु पर्ने ।
- सरल र प्रभावकारी फैसला कार्यान्वयन ऐन/नियमावली तर्जुमा गरी लागू गरिनु पर्ने ।
- सानातिना मुद्दामा संक्षिप्त प्रक्रिया (समरी ट्रायल) अदालतको अवधारणाअनुरुपको व्यवस्था गरिनु पर्ने ।
- नेपाल कानून व्यवसायी परिषद् ऐनमा समसामयिक सुधार गरिनु पर्ने ।

### ६.२ अल्पकालीन उपायहरू

अल्पकालीन उपायहरू अन्तर्गत न्यायपालिका र यसका सरोकारवाला निकायहरूको सहकार्यमा तत्काल गर्न सम्भव हुने विषयहरूलाई समावेश गरिएको छ । कार्यविधि कानूनमा सुधारका विषयमध्येका केही विषय विधायिकी अधीनको विषय भएपनि अदालत नियमावलीहरूमा संशोधन र परिमार्जन गरी त्यसको तत्कालीन समाधान खोज्न सकिने कार्यदलको निचोड रहेको छ । त्यसैगरी न्यायिक नेतृत्वले दृढ इच्छाशक्ति देखाउन सकेमा न्याय परिषद् र न्याय सेवा आयोगको विद्यमान संरचनाअन्तर्गत नै ती निकायहरूलाई प्रभावकारी रुपमा परिचालन गर्न सकिने अवस्थालाई पनि यसमा ईंगित गरिएको छ । त्यसका अतिरिक्त सञ्चार माध्यमसँगको सम्बन्धलाई परिभाषित गरी

समन्वयात्मक ढंगले कार्य गर्नु पर्ने विषय, अदालत व्यवस्थापनका विविध क्षेत्रमा बारसँग सहकार्य गर्दै अघि बढ्नु पर्ने विषय, न्यायपालिकाको प्रशासनिक नेतृत्वले वहन गर्नु पर्ने जिम्मेवारीको विषय, सेवाग्राहीमैत्री कार्यक्रमहरूको सञ्चालन र उनीहरूसँगको सम्बन्ध सुधारको विषय, अपराध अनुसन्धान र अभियोजन पक्षको प्रभावकारीताको विषय र अध्ययन अनुसन्धानका विषयहरूलाई यसअन्तर्गत समावेश गरी देहायबमोजिम प्रस्तुत गरिएको छ :

### ६.२.१ कार्यविधि कानूनमा सुधार

विद्यमान कार्यविधि कानून जटिल, झण्झटिलो र अधिक समय व्यतीत हुने खालको रहेको छ भन्ने गुनासो कायमै रहेको सन्दर्भमा कार्यविधि कानूनलाई समयानुकूल परिमार्जनको आवश्यकतावोध गरिएको छ । कार्यविधि कानूनको ठूलो हिस्सा मुलुकी ऐनले लिएको सन्दर्भमा सो को परिमार्जनको विषय न्यायपालिकाको मात्र अधीनमा नरहने यथार्थ हुँदा हुँदै पनि सम्बन्धित निकायहरूबाट यथोचित सहयोग प्राप्त हुने अपेक्षाका साथ अदालत नियमावलीहरूमा थप, संशोधन र परिमार्जनको विषय न्यायपालिका आफैंले व्यवस्थापन गर्न सक्ने विषय भएकाले त्यस्ता विषयमा न्यायिक नेतृत्वले तत्कालै पहल गर्नु पर्ने आवश्यकता यस कार्यदलले महसूस गरेको छ ।

### ६.२.२ न्याय परिषद्/न्याय सेवा आयोगको सक्रियता बढाउने

न्याय परिषद् र न्याय सेवा आयोगलाई संविधानले नै संवैधानिक अंगका रुपमा राखेको छ । न्यायिक स्वतन्त्रतालाई जीवन्त राख्ने प्रयोजनका लागि न्यायाधीशहरूको नियुक्ति, सरुवा, कार्यक्षमता वा आचरणको मूल्याङ्कन र कारवाहीको प्रक्रियामा न्याय परिषद्लाई महत्त्वपूर्ण जिम्मेवारी सुम्पिइएको पाइन्छ । त्यसैगरी न्यायसेवाका अधिकृत कर्मचारीहरूको सरुवा, बढुवा तथा विभागीय कारवाही समेतका विषयमा न्यायसेवा आयोगले भूमिका निर्वाह गर्दछ । यी दुबै निकायलाई छुट्टा छुट्टै निकायका रुपमा राखिएको भएपनि एउटै सचिवालयअन्तर्गतका कार्य सञ्चालन हुँदै आएको अवस्था छ । दुबै निकायको नेतृत्वमा प्रधान न्यायाधीश रहने अवस्थाले दुबै निकायलाई प्रभावकारी बनाउने विषय स्वाभाविक रुपमा न्यायिक नेतृत्वसँग जोडिन पुगेको छ ।

ती निकायअन्तर्गतका संयन्त्रहरूलाई क्रियाशील गराई कानूनले निश्चित गरेबमोजिमको अनुगमन नियन्त्रण समेतका माध्यमबाट न्यायिक जनशक्तिमा स्वच्छता, शुद्धता, इमान्दारी, नैतिकता, अनुशासन, निष्ठा कायम गराएर सुशासनको अनुभूति गराउनु पर्ने आवश्यकता महसूस गरिएको हुँदा यहाँ सो सम्बन्धमा सुझावहरू प्रस्तुत गरिएको छ ।

### ६.२.३ सञ्चार माध्यमसँगको सम्बन्ध र सूचना सम्प्रेषण

प्रभावकारी न्यायपालिकाको अपेक्षा गर्नेले न्यायप्रणालीमा देखिएका कमजोरी औंल्याउनु पर्छ, तर त्यसलाई अतिशयोक्तिपूर्ण रुपमा प्रस्तुत गरिँदा त्यसले न्यायप्रणालीप्रति नै वितृष्णा जगाउन सक्छ, न्यायप्रणालीप्रतिको वितृष्णाको परिणाम न्यायपालिका मात्र कमजोर हुने होइन, त्यसले समग्र राज्य व्यवस्थालाई नै असफलतातर्फ उन्मूख गराउँछ । त्यसैले सन्तुलित टिप्पणी, स्वस्थ्य आलोचना र रचनात्मक खवरदारी नै स्वच्छ र स्वतन्त्र न्याय प्रणालीको विकासका लागि महत्त्वपूर्ण आधार बन्न सक्छ भन्ने कुरालाई हृदयंगम गरी सञ्चार माध्यमसँगको सम्बन्धलाई परिभाषित गर्दै अघि बढ्नु पर्ने र न्यायपालिकालाई कमजोर पार्ने निहीत उद्देश्यका साथ अतिरञ्जनापूर्ण समाचारहरूको सम्प्रेषणलाई निरुत्साहित गर्न सञ्चार क्षेत्रका आधिकारिक निकायहरू र न्यायपालिकाभित्रको समन्वय संयन्त्रका माध्यमबाट संस्थागत सम्बन्धको आधार खडा गर्नु पर्ने सन्दर्भमा केही सुझावहरू प्रस्तुत गरिएको छ ।

### ६.२.४ कानून व्यवसायीसँगको सम्बन्ध र अपेक्षा

कानून व्यवसायीलाई अदालतको सहयोगी, अदालतको अधिकृत (Officer of the Court) र अदालतका मित्रका रुपमा लिइन्छ । कानून व्यवसायीको प्रमुख जिम्मेवारी भनेको आफ्नो पक्षको प्रतिरक्षा गर्नु हो, तर न्याय निरुपणको कार्यमा कानून व्यवसायीहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । उनीहरूको सहयोगबिना न्यायिक प्रक्रियालाई टुंगोमा पुऱ्याउने कार्य कठिन हुन्छ । कानून व्यवसायी सेवाग्राहीको सर्वाधिक निकटमा रहेर काम गर्ने वर्ग भएकाले मुद्दाका पक्षले न्यायपालिकाप्रति राख्ने धारणाको निर्माणमा पनि उनीहरूको अहं भूमिका रहन्छ । अध्ययनका क्रममा र न्यायिक सुशासनका विषयमा यस अघि विभिन्न संघ संस्थाहरूबाट गरिएका अध्ययनले पनि अदालतभित्रको विकृतिको प्रमुख माध्यमका रुपमा कानून व्यवसायी र कानून व्यवसायीसँग सम्बद्ध व्यक्तिहरूलाई शंकाको घेरामा राखेको पाइन्छ । न्यायिक प्रक्रियालाई छिटो छरितो र कम खर्चिलो बनाउन कानून व्यवसायीको भूमिका अत्यन्त महत्त्वपूर्ण हुने देखिएको छ ।

कानून व्यवसायीहरूको भूमिका सम्बन्धी आधारभूत सिद्धान्तहरू, १९९० ले पनि कानून, न्याय प्रशासन, मानव अधिकारको प्रबर्द्धन र संरक्षण लगायतका न्याय तथा कानूनसँग सम्बन्धित विषयहरूलाई सार्वजनिक वहसमा ल्याउने अधिकार कानून व्यवसायीलाई हुन्छ । तर, त्यस्तो अधिकारको प्रयोग विद्यमान कानून र व्यावसायिक मर्यादा तथा नैतिकता सम्मत हुनुपर्छ भन्ने मान्यता राखेको छ । कानून व्यवसायी परिषद् ऐन र त्यसअन्तर्गत जारी गरिएको कानून व्यवसायीको आचार संहिताले पनि कानून व्यवसायीका निश्चित मूल्य मान्यतामा जोड दिएको छ । यसै पृष्ठभूमिमा विकृतिरहित न्यायपालिकाको स्थापनामा कानून व्यवसायीको सहयोगको अपेक्षासहित केही सुझावहरू प्रस्तुत गरिएको छ ।

### ६.२.५ प्रशासनिक पक्षमा सुधारका क्षेत्र

न्याय निरुपण गर्ने कार्य न्यायाधीशको एक्लो प्रयासमा सम्भव हुँदैन । न्यायपालिकाभित्रका सबै अवयवले उपयुक्त ढंगले काम गरेमा मात्र न्यायपालिकाको छबि उज्यालो बन्दै जान्छ । न्यायका सेवाग्राहीहरूसँग सोझो सम्पर्कमा रहने कर्मचारीहरूले गर्ने व्यवहारमा सिंगो न्यायपालिकाको छबि प्रतिविम्वित हुन्छ । न्यायिक जनशक्ति मध्येको महत्त्वपूर्ण हिस्साका रुपमा रहने अधिकृत तथा सहायक कर्मचारीलाई कामप्रति उत्प्रेरित गराइराख्ने तथा उनीहरूलाई पेशागत/संस्थागत/व्यक्तिगत आचरण पालनाप्रति प्रतिबद्ध बनाउन न्यायपालिकाको प्रशासनिक नेतृत्वले प्रभावकारी भूमिका खेल्नु पर्छ । यिनै कुराहरूलाई आधार बनाएर प्रशासनिक नेतृत्वले तत्कालै गर्नु पर्ने केही कार्यहरूलाई प्रतिवेदनमा सुझावका रुपमा प्रस्तुत गरिएको छ ।

### ६.२.६ न्यायिक नेतृत्वबाट अपेक्षा

न्यायिक नेतृत्व स्वच्छ हुँदा, इमान्दार हुँदा र न्याय सम्पादनको कार्यप्रति प्रतिबद्ध हुँदा न्यायपालिका सामु विद्यमान अधिकांश समस्या स्वतः समाधान हुन्छन् भन्ने कुरालाई यो अध्ययनको सिलसिलामा सवैजसो सरोकारवालाहरूले उठाएको पाइयो । संविधान तथा सम्बद्ध कानूनहरूले पनि न्यायपालिकाको नेतृत्व लिने प्रधान न्यायाधीशलाई गहनतम् जिम्मेवारी सुम्पिएको छ । न्यायपालिकालाई विकृतिविहीन न्यायपालिकाको रुपमा विकास गर्ने र सेवाग्राहीले न्यायपालिकाबाट राखेका अपेक्षाहरूलाई सम्वोधन गरी उनीहरूलाई साँचो अर्थमा न्यायको अनुभूति गराउन प्रधान न्यायाधीशले नेतृत्वदायी भूमिका निर्वाह गर्नै पर्ने हुन्छ ।

त्यस अतिरिक्त पुनरावेदन अदालतका मुख्य न्यायाधीशले पनि आफ्नो र मातहत अदालतबाट

हुने काम कारवाहीको निरन्तर अनुगमन र मूल्याङ्कन गर्ने हो भने त्यसबाट पनि सार्थक परिणाम आउन सक्छ । जिल्ला अदालतको हकमा पनि सम्बन्धित न्यायाधीशले दृढता र इमान्दारी देखाउने, सेवाग्राहीसँग नियमित रुपमा सम्वादको वातावरण मिलाउने र सरोकारवालाहरूबीच सहकार्य र सम्बन्ध कायम गर्ने हो भने अदालतभित्र र बाहिरका सबै खाले समस्याहरूको समाधान सहज रुपमा गर्न सकिन्छ । त्यसैले न्यायिक नेतृत्वले निर्वाह गर्नु पर्ने भूमिकाका विषयमा पनि प्रतिवेदनमा बुँदागत रुपमा केही सुझावहरू प्रस्तुत गरिएको छ ।

### ६.२.७ आन्तरिक सुधारका क्षेत्र

न्यायपालिकाभित्रका कतिपय आन्तरिक कारणहरूले पनि न्याय सम्पादनको कार्यलाई प्रभावकारी बनाउन बाधा पुऱ्याएका छन् । प्रशासनिक तहबाटै आन्तरिक रुपमा व्यवस्थापन गर्न सकिने कतिपय विषयहरूतर्फ ध्यान जान नसकेकै कारणले गर्दा त्यस्ता विषय समस्याका रुपमा रहिरहेका छन् । अदालतको आन्तरिक सुरक्षा व्यवस्था, सेवाग्राहीलाई पुऱ्याइने सेवाको विवरण, फाँट व्यवस्थापन, वृत्ति विकासका अवसरहरूको न्यायोचित वितरण समेतका विविध विषयहरूलाई समेटेर सुझाव प्रस्तुत गरिएको छ ।

### ६.२.८ विकृतिका मूल कारक र तिनको नियन्त्रण

न्यायपालिका कमजोरीरहित छैन, यो समस्यारहित पनि छैन । तर, त्यसमध्ये विकृतिका केही स्वरुप अलि गम्भीर प्रकृतिका छन् । सुशासन र कानूनको शासन विपरीतका क्रियाकलापहरूलाई न्यायपालिकाले निरुत्साहित गर्नु पर्छ । विचौलीयाहरूले न्यायपालिकालाई नै बदनाम गराएको यथार्थलाई सबैले स्वीकार गरेको अवस्था छ । विचौलीया भनेको कुनै एक वर्ग वा व्यक्ति नभै यो एउटा अत्यन्त खराव प्रवृत्तिका रुपमा विद्यमान रहेको हुँदा त्यस्ता विचौलीयाहरूको पहिचान गरी त्यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने जिम्मेवारी न्यायपालिकाले वहन गर्नु जरुरी भएको छ । न्यायिक जनशक्तिको कुनै किसिमको संलग्नता नभएको विषयमा पनि विचौलीयाहरूले अदालतलाई मुछेर गलत काम कारवाही गर्ने गरेको र त्यसको नकारात्मक प्रभाव सिंगो न्यायपालिकामाथि परेको यथार्थवोध यो अध्ययनले पनि गरेको छ । विचौलीया एउटा विकृत व्यवसायको रुपमा हुर्कदो छ । अदालतमा भ्रष्टाचार व्याप्त छ र भ्रष्टाचारबिना कुनै पनि काम हुँदैन भन्ने सन्देश प्रवाह गर्नमा यो वर्ग उद्यत रहेको छ । विचौलीयाहरूलाई नियन्त्रण गर्न सकिएमा न्यायपालिकाभित्रका विकृति धेरै हदसम्म नियन्त्रित हुन पुग्नेछन् । यसका लागि मूलतः न्यायाधीश भ्रष्ट छैनन्, न्यायाधीशलाई प्रलोभित पार्न सकिँदैन भन्ने कुरा मन, बचन र कर्मले स्थापित गर्न आवश्यक छ । वस्तुतः न्यायका सरोकारवाला सबैको सहयोगको बलमा त्यस्तो प्रवृत्तिलाई निर्मूल गर्नु पर्ने खाँचो महशूस गर्दै प्रतिवेदनमा सुझावहरू प्रस्तुत गरिएको छ ।

### ६.२.९ सेवाग्राहीसँगको सम्बन्ध सुधार

न्यायपालिकाको मूल कार्य नै न्याय निरुपण हो । न्याय निरुपण गर्ने कार्य न्यायका सेवाग्राहीसँग सम्बन्धित विषय हो । न्यायपालिकाभित्रका कमी कमजोरीको कारणबाट न्यायापेक्षीहरू न्याय पाउने आफ्नो नैसर्गिक अधिकारबाट वञ्चित हुनु नपरोस् भन्ने सोच न्यायपालिकाले राख्नै पर्छ । न्याय माग्न अदालतमा प्रवेश गर्ने प्रत्येक व्यक्तिले न्यायपालिकाप्रतिको सकारात्मक छाप लिएर निस्कन पाओस् भन्ने तर्फ पनि न्यायपालिकाका जिम्मेवार अधिकारीहरू सजग र सतर्क हुनु पर्छ । सेवाग्राहीप्रति कर्मचारीले गर्ने व्यवहारदेखि लिएर उनीहरूले अपेक्षा गर्ने सुविधा समेतका विषयमा न्यायपालिकाका जिम्मेवार अंग संवेदनशील हुनै पर्छ । त्यसैले यहाँ सेवाग्राही मैत्री व्यवहार र सेवाग्राही

मैत्री भौतिक संरचना लगायत सेवाग्राहीका केही अपेक्षाहरूलाई सम्वोधन गरिनु पर्ने कुराहरूलाई प्रतिवेदनमा समेटिएको छ ।

### ६.२.१० अपराध अनुसन्धान र अभियोजन प्रणालीमा सुधार

अपराध अनुसन्धान र अभियोजनमा हुने त्रुटिले न्याय प्रदान गर्ने कार्यलाई नै प्रभाव पार्दछ । अनुसन्धान र अभियोजनसम्बन्धी निकाय सुदृढ भएनन् वा ती निकायहरूभित्रको विकृति विसंगतिको अन्त्य भएन भने विकृतिविहीन न्यायपालिकाको अभियान सार्थक हुन सक्दैन । अनुसन्धान र अभियोजनका विषयलाई सम्बन्धित पक्षले गम्भीरतापूर्वक नलिई औपचारिकता पूरा गर्ने तर्फ मात्र उद्यत रहने र त्यसका कारणबाट राज्यसंयन्त्रप्रति आमजनतामा वितृष्णा र अविश्वास सिर्जना हुन सक्ने सम्भावनातर्फ पनि सम्बन्धित क्षेत्रको ध्यान जानुपर्ने अनुभव गरिएको छ । फौजदारी न्याय र अनुसन्धान प्रणाली समयसापेक्ष नभएकोले त्यसमा अध्ययन अनुसन्धान गरी उपयुक्त प्रणालीको स्थापना गर्नुपर्ने, अपराध अनुसन्धानका लागि विशिष्टीकृत प्रहरी सेवाको व्यवस्था हुनुपर्ने, क्षेत्रीयस्तरमा समेत प्रहरीअन्तर्गत वैज्ञानिक प्रयोगशालाको स्थापना हुनु पर्ने, अपराधको अनुसन्धानमा निष्पक्षता र व्यावसायिक निष्ठा कायम गर्नु पर्ने, अपराध अनुसन्धानमा प्रहरी र सरकारी वकीलबीच समन्वय कायम गरिनु पर्ने, अनुसन्धान प्रक्रियामा भएका राम्रा पक्षहरूलाई फैसलामा समेत उल्लेख गरी अपराध अनुसन्धानमा संलग्न जनशक्तिलाई प्रोत्साहित गर्ने परिपाटी बसालिनु पर्ने र सम्बन्धित कानूनहरूमा समसामयिक परिमार्जन गरिनु पर्ने लगायतका सुझावहरु प्रस्तुत गरिएको छ ।

यसका अतिरिक्त न्यायपालिका र न्याय प्रणालीको समग्र सुधार प्रक्रियामा महत्त्वपूर्ण देखिएका अन्य केही विषयहरूलाई पनि प्रतिवेदनमा समेटिएको छ ।

### ७. प्रतिवेदनका अन्य विविध पक्षहरू

अध्ययनका क्रममा धारणा र प्रवृत्तिगत कुरा बाहेक कसैलाई ईंगित एवं किटान गरी विकृति, विसंगति एवं भ्रष्टाचारजन्य कार्यमा संलग्न भएको पहिचान साथ स्पष्ट कुरा आएको देखिएन । तथापि न्यायिक काम कारवाहीमा ढिलासुस्ती रहेको, कार्यविधि कानून परम्परागत र जटिल रहेको, फैसला कार्यान्वयन प्रभावकारी हुन नसकेको भन्ने जस्ता कार्यविधिगत पक्षलाई सबैले समस्याका रुपमा ईंगित गरेको पाइयो ।

त्यसैगरी न्याय परिषद्, न्याय सेवा आयोग, कानून व्यवसायी परिषद् लगायतका संयन्त्रहरूले अपेक्षित प्रभावकारिता देखाउन नसकेको, न्यायाधीश नियुक्तिका सम्बन्धमा निश्चित मापदण्ड कायम हुन नसकेको, दण्ड र पुरस्कारको व्यवस्थालाई उचित रुपमा लागू नगरिएको, संरक्षणवादले गर्दा सबैप्रति समान व्यवहार हुन नसकेको, न्यायिक जनशक्तिमा कार्यक्षमताको अभाव रहेको, कर्मचारीहरूमा सेवाग्राहीप्रतिको व्यवहारमा अपेक्षित सुधार नआएको, कर्मचारीलाई कार्यबोझको अनुपातमा सेवा सुविधा उपलब्ध गराउन नसकिएको, कर्मचारीहरूका लागि वृत्ति विकासको अवसरमा असमान व्यवहार हुने गरेको, न्यायाधीशहरूको गैसस अगैसससँग अनपेक्षित सम्बन्ध देखिएको, आचारसंहिताहरूको पालनाप्रति गम्भीरता नदेखिएको तथा प्रभावकारी अनुगमन नभएको, असहाय पक्षको न्यायमा सहज पहुँच सुनिश्चित हुन नसकेको र नजीरमा एकरुपता कायम हुन नसकेको भन्ने जस्ता न्यायपालिकाभित्रकै आन्तरिक समस्याका विषयहरू उठाएर त्यसबाट न्यायपालिकामा हुने विकृति र विसंगतिलाई हटाएर न्यायपालिकाभित्र सुधारको आवश्यकता रहेको भन्ने कुरा स्थापित गर्ने कोशिस अधिकांश सहभागीहरूले गरेका थिए ।

अपराध पीडितका समस्याप्रति राज्यले उचित संवेदनशीलता देखाउन नसकेको, अपराध अनुसन्धान प्रभावकारी हुन नसकेको र अनुसन्धान र अभियोजनका बीचमा समेत अपेक्षित समन्वय

कायम हुन नसकेको, अपराध अनुसन्धानलाई आधुनिक र वैज्ञानिक बनाउनेतर्फ राज्यको ध्यान जान नसकेको, सञ्चार माध्यमबाट यथार्थमा आधारित भन्दा पनि अतिरञ्जित तरिकाले न्यायिक समाचारहरू सम्प्रेषण हुने गरेको, कानून व्यवसायीले मुद्दाका पक्षसँग लिने शुल्क पारदर्शी नभएको, कानून व्यवसायीका तर्फबाट भएका कमजोरीहरूलाई सच्च्याउने कुरालाई कानून व्यवसायी सम्बद्ध संस्थाहरूले जिम्मेवारीवोध गर्न नसकेको, अर्धन्यायिक निकायबाट हुने न्यायिक कार्यमा त्रुटि हुने गरेको, अर्धन्यायिक निकायहरूमा आधारभूत कानूनी ज्ञानको समेत अभाव देखिएको भन्ने जस्ता सरोकारवाला निकायहरूसँग सम्बन्धित विषयलाई पनि समस्याका रुपमा उठाएको पाइयो ।

त्यसबाहेक बिचौलीयाहरूको सञ्जाललाई तोड्न तथा नियन्त्रण गर्न नसकिएको, बिचौलीयाका कारणबाट उत्पन्न हुने स्वाभाविक विकृतिको नियन्त्रणमा अपेक्षित क्रियाशीलता अवलम्वन हुन नसकेको र न्याय क्षेत्रका सरोकारवाला विभिन्न निकायहरूका बीचमा अपेक्षित समन्वयको अभाव रहेको भन्ने जस्ता साझा समस्याका विषयहरू पनि प्रमुखताका साथ उठाइएका छन् । उल्लिखित परिप्रेक्ष्यमा कसैले पनि दोषी किटान गरी न्यायपालिकाभित्रको विकृतिलाई नऔंल्याइएको भन्दैमा सुझाव वा प्रतिक्रियाका रुपमा औंल्याइएका विविध विषयहरूको सान्दर्भिकतालाई यस अध्ययनको सिलसिलामा पनि नकार्न मिल्ने अवस्था देखिएन । त्यसैले न्यायपालिकाको समग्र सुधार अभियानमा गहिरो सम्बन्ध राख्ने ती विषयहरूलाई आधार मानेर नै सुधारका क्षेत्र पहिचान गरी उपर्युक्त बमोजिमको निष्कर्षमा कार्यदल पुगेको छ । प्रतिवेदनमा प्रस्तुत गरिएका सुझावहरू सम्बन्धित क्षेत्रबाट प्रभावकारी रुपमा कार्यान्वयन हुनेछन् भन्ने अपेक्षा पनि कार्यदलले राखेको छ ।

# परिच्छेद् - एक

## प्रारम्भिक

### १.१ कार्यदलको गठन, उद्देश्य

सम्माननीय प्रधान न्यायाधीश श्री अनूपराज शर्माज्यूबाट मिति २०६६।७।२८ गते पद वहाली गर्दाका अवसरमा अदालतका समग्र कामकारवाहीमा देखिएका विविध खाले समस्याहरूको पहिचान गरी समाधान गर्दै छिटो, छरितो र प्रभावकारी न्याय सम्पादनका माध्यमले सेवा प्रदान गर्ने सुनिश्चित व्यवस्था गर्ने प्रतिवद्धता व्यक्त भएको थियो । सोही प्रतिबद्धता बमोजिम मिति २०६६।९।७ मा सम्माननीय प्रधान न्यायाधीशज्यूको निर्णयानुसार सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठको संयोजकत्वमा माननीय न्यायाधीशहरू श्री खिलराज रेग्मी, श्री गिरीश चन्द्र लाल र श्री प्रकाश वस्ती सदस्य रहेको कार्यदल गठन भएको हो ।

अदालतका सेवाग्राही, कानून व्यवसायी, सञ्चार माध्यम, न्यायपालिकासँग सम्वद्ध र आवद्ध सरोकारवालाहरूसँग छलफल, अन्तर्क्रिया तथा उनीहरूको आधिकारिक धारणा माग गर्ने लगायतका कार्य गरी प्राप्त भएका सुझाव तथा प्रतिक्रिया समेतको अध्ययन, अनुसन्धान र विश्लेषणद्वारा न्यायपालिकाभित्रको विकृतिको कारण र त्यसको अनुमानित मात्रा समेतको पहिचान गरी त्यसैका आधारमा विकृति न्यूनीकरण गर्ने उपायहरूका बारेमा विभिन्न निकाय तथा पदाधिकारीहरूको भूमिकाको समेत समीक्षा गरियो । विद्यमान विकृतिहरूको नियन्त्रणका लागि प्रधान न्यायाधीश, पुनरावेदन अदालतका मुख्य न्यायाधीश र अन्य सम्वद्ध निकायहरू र त्यसका पदाधिकारीहरूको अपेक्षित भूमिका के हुनसक्छ ? भन्ने समेतका विषयमा तत्काल विकास गरिनुपर्ने संयन्त्र, अल्पकालीन तथा दीर्घकालीन रणनीति समेतका बारेमा अध्ययन गरी प्रतिवेदन पेश गर्नु नै कार्यदलको प्रमुख उद्देश्य रहेको छ ।

### १.२ कार्यदललाई प्रदान गरिएको कार्यादेश

कार्यदललाई देहाय बमोजिमको कार्यादेश प्रदान गरिएको थियो :

- बार, प्रेस, न्यायकर्मी, न्यायाधीशसँग अन्तर्क्रिया गर्ने

- सेवाग्राहीसँग अन्तर्क्रिया गर्ने
- विभिन्न माध्यमद्वारा सूचना सामग्री संकलन गर्ने
- अदालतभित्र हुने विकृति, क्षेत्र, तिनको माध्यम र प्रकृतिको स्पष्ट पहिचान गर्ने
- समस्या समाधानका स्पष्ट अल्पकालीन र दीर्घकालीन उपाय निर्धारण गर्ने
- सिफारिश लागू गर्ने र अनुगमन गर्ने निकायको प्रभावकारीताका उपाय निर्धारण गर्ने ।

## १.३ अध्ययनको कार्याविधि

कार्यदलको कार्याविधि दुई महिना तोकिएको थियो । कार्यदल गठन आदेशले दिएको कार्यक्षेत्र र समय सीमाको अधीनमा रही  कार्य गर्ने सन्दर्भमा छलफल तथा निर्णय गर्न कार्यदलको वैठक कार्याविधि भरमा पटक पटक बसेको थियो । वैठकले अन्तर्क्रिया कार्यक्रमका लागि समूह, स्थान, मिति र प्रक्रिया तय गर्ने, आधिकारिक धारणा माग गर्ने व्यक्ति, समूह, निकाय, पहिचान गर्ने, प्राप्त राय सुझावको आधिकारीता र महत्त्वको यकीन गर्ने समेतका काम गरेको थियो । निर्धारित कार्याविधिभित्रै कार्यसम्पन्न गर्ने प्रयासका वावजुद केही समय अपुग भै कार्यदलको निर्णयानुसार १५ दिनको अवधि थपका लागि अनुरोध गरिएको थियो । थप भएको अवधि समेत गरी अध्ययनको कूल कार्याविधि **दुई महिना पन्ध्र दिन**को रह्यो ।

## १.४ अध्ययनको विधि

कार्यदलद्वारा राय सुझावहरू संकलनमा निम्नानुसारको अध्ययन विधि अवलम्वन गरिएको थियो :

- पत्रपत्रिकाका प्रकाशित समाचार र संप्रेषित विचारहरू संकलन,
- कार्यदललाई लिखित रुपमा प्राप्त भएका सुझावहरू संकलन,
- इलेक्ट्रोनिक्स माध्यमबाट प्रवाह र सञ्चार भएका समाचार र सुझावहरू संकलन,
- वयष्क अध्ययन विधिका आधारमा सहभागीहरूसितको छलफल र अन्तर्क्रियामा उनीहरूलाई बढीभन्दा बढी सहभागिता गराई राय संकलन,

- न्याय परिषद्, नेपाल कानून व्यवसायी परिषद्, नेपाल बार एशोसिएशन र महान्यायाधिवक्ताको कार्यालयबाट प्राप्त सुझाव, उजूरी, कारवाहीसम्वन्धी विवरणको संकलन,
- सर्वोच्च अदालत बार एशोसिएशनले न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि सम्बन्धमा दिएको प्रतिवेदन, विभिन्न विद्वानद्वारा प्रकाशित अदालतसम्वन्धी लेख, रचना, पुस्तक, अध्ययन प्रतिवेदन, पत्रपत्रिकाको संकलन,
- अदालती काम कारवाहीसँग सम्वद्ध र आवद्ध सबै खाले सरोकारवालाहरूको पहिचान गरी उनीहरूका राय, सुझाव, प्रतिक्रिया र अनुभव संकलन,
- प्राप्त विवरण, राय, सुझाव एवं प्रतिक्रियाहरूको विश्लेषण ।

## १.५ अध्ययनको कार्यक्षेत्र

कार्यदललाई दिइएको कार्यादेशका आधारमा न्यायपालिकामा विकृति र विसंगति आउन सक्ने क्षेत्रमा संलग्न सरोकारवालाहरूलाई अध्ययनको कार्य क्षेत्र मानी अध्ययन कार्यलाई अघि बढाइएको थियो । कार्यदलले न्यायापालिकाभित्रका र न्यायपालिकाबाहिरका देहायका वर्ग एवं समूहहरूलाई आफ्नो अध्ययनको क्षेत्रअन्तर्गत समेटेर अध्ययन कार्यलाई पूर्णता प्रदान गरेको छ :

### १.५.१ न्यायपालिकाभित्र

- न्यायाधीश र न्याय सम्पादन,
- कर्मचारी, सेवाग्राहीप्रति उनीहरूको व्यवहार र समग्र कार्यशैली, र
- अदालतबाट सम्पादित काम कारवाही र सो सम्बन्धमा परेका उजूरीहरू ।

### १.५.२ न्यायपालिका बाहिर

- सरकारी वकील र अभियोजन,
- निजी कानून व्यवसायी, उनीहरूका सम्बन्धमा परेका उजूरीहरू र त्यसमा भएका कारवाहीहरू,
- प्रहरी र उनीहरूबाट गरिने अपराध अनुसन्धान,

- सञ्चार माध्यम र सम्प्रेषित समाचारहरू,
- मानव अधिकारकर्मी र उनीहरूबाट निर्वाह हुने भूमिका,
- नागरिक समाजका प्रतिनिधि र अदालतसँग अपेक्षित धारणा, र
- नेपाल बार एशोसिएशन र सम्बद्ध बार एकाइहरूको धारणा ।

### १.६ प्रतिवेदनको स्वरुप

प्रस्तुत प्रतिवेदनलाई पाँचवटा परिच्छेद्मा विभक्त गरी पूर्णता प्रदान गरिएको छ । त्यसमध्ये प्रथम परिच्छेद्मा कार्यदलको गठन, उद्देश्य, कार्यादेश, कार्याबधि र अध्ययन विधि समेतका बारेमा उल्लेख गरिएको छ, जसलाई **प्रारम्भिक** परिच्छेद्को नामाकरण गरिएको छ । **दोस्रो परिच्छेद्**मा **तथ्य संकलन र अन्तर्क्रियाबाट प्राप्त सूचनाहरू** शीर्षकमा विभिन्न छलफल तथा अन्तर्क्रिया कार्यक्रममा सहभागीहरूद्वारा व्यक्त धारणालाई समावेश गरिएको छ । **तेस्रो परिच्छेद्**मा **संकलित विवरण तथा सुझावहरूको संक्षिप्त विश्लेषण** प्रस्तुत गरिएको छ । **चौथो परिच्छेद्**मा **समस्याहरूको पहिचान** शीर्षकमा ढिलासुस्ती, फैसला कार्यान्वयन, महङ्गो न्याय, पारदर्शिता र भ्रष्टाचार शीर्षकमा कारण र अनुमानित मात्रा समेतका बारेमा उल्लेख गरिएको छ । **पाचौं परिच्छेद्**मा **निष्कर्ष, समाधानका उपाय तथा सुझावहरू** प्रस्तुत गरिएका छन्, जसमा दीर्घकालीन र अल्पकालीन सुझावहरू समावेश गरिएको छ । प्रतिवेदनको अन्त्यमा **अनुसूचीहरू** राखिएका छन् ।

## परिच्छेद् - दुई

## तथ्य संकलन र अन्तर्क्रियाबाट प्राप्त सूचनाहरू

सम्माननीय प्रधान न्यायाधीशज्यूको मिति २०६६।९।७ को निर्णयका आधारमा गठित यस कार्यदलले मिति २०६६।९।८ मा सर्वोच्च अदालतबाट सोसम्बन्धी पत्र प्राप्त गरेको हो । सो को भोलिपल्ट अर्थात मिति २०६६।९।९ मा कार्यदलले सम्माननीय प्रधान न्यायाधीशज्यूलाई भेट गरी कार्यदलको उद्देश्य र यससँग गरिएका अपेक्षाहरूका विषयमा निर्देशन प्राप्त गर्‍यो । कार्यदलले आफ्नो कार्यविधि आफैं तय गर्न सक्ने निर्देशानुसार यसले समस्याको पहिचान गरी तिनीहरूको समधानका दीर्घकालीन र अल्पकालीन उपाय निक्र्यौल गर्ने विभिन्न माध्यमहरू मिति २०६६।९।१२ मा तय गर्‍यो । सोही आधारमा सर्वसाधारणबाट सुझावको अपेक्षा राख्दै कार्यदलले मिति २०६६।९।१५ मा गोरखापत्र दैनिकमा सार्वजनिक सूचना (**अनुसूची- १**) प्रकाशन गरी सुझावहरू आव्हान गरेको थियो । उक्त सूचनालाई सर्वोच्च अदालतको वेभसाइटमा पनि राखियो । विभिन्न सम्वद्ध समूहसँग अन्तर्क्रिया गरी तथा लिखित प्रतिक्रियाहरू माग गरी सम्बन्धित तथ्यहरूको जानकारी प्राप्त गर्ने कोशिश कार्यदलबाट भयो ।

कार्यदलको कार्यक्षेत्रसँग सम्बन्धित विषयका सूचनाहरूको संकलन गर्ने क्रममा कार्यदलले सम्बद्ध पक्षहरूसँगको अन्तर्क्रियालाई विषेश महत्त्व दियो । काठमाडौं उपत्यकाले मात्र समस्त देशको प्रतिनिधित्व गर्न नसक्ने र त्यत्तिमै सीमित रहँदा न्यायपालिकाभित्रका विकृतिहरूलाई औंल्याउन नसक्ने महसूस गरी कार्यदलले मोफसलका समस्याहरूलाई पनि उत्तिकै महत्त्व दिने नीति अवलम्वन गर्‍यो । त्यसै आधारमा कार्यदलबाट काठमाडौं बाहिर पोखरा, नेपालगञ्ज, गुलेरिया, जनकपुर, विराटनगर र इनरुवामा छलफल तथा अन्तर्क्रिया कार्यक्रमहरू सम्पन्न गरिए । उल्लिखित अन्तर्क्रिया र छलफलमा उपत्यकामा कार्यदलका चारै जना माननीय न्यायाधीशहरूको सहभागितामा राय सुझावहरू संकलन गरिएको थियो भने मोफसलका स्थानहरूमध्ये पोखरामा माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ, नेपालगञ्जमा माननीय न्यायाधीश श्री खिलराज रेग्मी, जनकपुरमा माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल र विराटनगरमा माननीय न्यायाधीश श्री प्रकाश वस्तीद्वारा छुट्टाछुट्टै कार्यक्रम बनाई राय सुझावहरू संकलन गरिएको थियो (अन्तर्क्रिया कार्यक्रमको विवरण र

कार्यक्रममा सहभागी व्यक्तिहरूको नामावली क्रमशः **अनुसूची- २** र **अनुसूची- ३** मा प्रस्तुत गरिएको छ) । ती कार्यक्रमहरूबाट मुख्य रुपमा प्राप्त भएका सुझावहरूलाई देहायमा उल्लेख गरिएको छ :

## २.१ अन्तरक्रियाबाट प्राप्त सुझावहरू

### २.१.१ काठमाडौं उपत्यका

सरोकारवालाहरूबाट राय सुझाव संकलनको प्रारम्भ काठमाडौं उपत्यकाबाट गरिएको थियो । त्यसक्रममा ट्रान्सपरेन्सी इन्टरनेशनल, कानून पत्रकारहरू, विभिन्न बार एशोसिएशनका पदाधिकारीहरू, महान्यायाधिवक्ता तथा सरकारी वकीलहरू, पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरू, सर्वोच्च अदालतका कर्मचारी संगठनहरू, न्याय परिषद्का पूर्व तथा वर्तमान सचिवहरू, प्रहरी संगठनका पदाधिकारीहरू, नेपाल कानून व्यवसायी परिषद्का पदाधिकारीहरू, न्यायपालिका अधिकृत समाजका पदाधिकारीहरू र सेवाग्राही समेतसँग छलफल गरिएको थियो । छलफलका क्रममा प्राप्त भएका राय सुझावहरूलाई देहायमा बुँदागत रुपमा छुट्टा छुट्टै प्रस्तुत गरिएको छ :

**क. ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल**

मिति २०६६।९।१४ र मिति २०६६।११।२० मा ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालका पदाधिकारीहरू र सो संस्थाको न्यायिक समितिका पदाधिकारीहरूसँग भएको छलफलमा व्यक्त भएका मुख्य मुख्य धारणाहरू देहायबमोजिम छन् :

- न्यायपालिकाभित्रको विकृतिको अन्त्यका लागि हरेक न्यायाधीश र कर्मचारी जवाफदेही र प्रतिबद्ध हुनु पर्दछ ।
- आचारसंहिता बनाएर मात्र हुँदैन, त्यसको प्रभावकारी कार्यान्वयन र अनुगमन समेत गरिनु पर्दछ ।
- पर्याप्त वजेट र कर्मचारीको अभावमा न्यायिक स्वतन्त्रता कायम राख्न गाह्रो पर्दछ ।
- अदालतप्रतिको गलत धारणा कम गर्न अदालतका राम्रा कामहरू जनतासमक्ष लैजान सञ्चार माध्यमको प्रयोग गर्नुपर्दछ र सञ्चार माध्यमले सहयोग गर्नुपर्दछ ।

- अदालतमा काम गर्ने न्यायाधीश र कर्मचारीका बीचमा तलव, सेवा, सुविधामा बढी अन्तर् हुनु हुँदैन ।
- अदालतलाई बदनाम गर्नमा कर्मचारीको गलत क्रियाकलापले समेत मद्दत पुऱ्याएको छ, त्यसैले कर्मचारीहरूको त्यस किसिमको प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्दछ ।
- न्यायाधीश नियुक्ति गर्ने विषय अत्यन्त महत्वपूर्ण भएकाले त्यसमा गम्भीरतापूर्वक विचार पुऱ्याउनु पर्दछ ।
- न्यायपालिकाका काम कारवाही बारेमा सञ्चार माध्यमका प्रतिनिधिहरूसँग बसेर छलफल गर्न हिच्किचाउनु हुँदैन ।
- सानातिना मुद्दा तल्ला अदालतबाटै अन्तिम हुने गरी व्यवस्था गर्नु पर्दछ, त्यस्ता मुद्दा सर्वोच्च अदालतमा आउन रोक्नु पर्दछ ।
- अदालत विदेशी प्रभावबाट मुक्त रहने स्वच्छ वातावरण बनाइनु पर्दछ ।
- न्याय परिषद् ऐनको दफा ४ प्रयोग भई विकृतिको आभाष पाइने फैसलाको टिप्पणी माथिल्लो अदालतबाट लेखिनु पर्दछ ।
- सर्वोच्च अदालतका फैसलाहरुको पुनरावलोकन गर्ने व्यवस्थालाई प्रभावकारी बनाउन सर्वोच्च अदालतबाट सेवा निवृत्त न्यायाधीशहरुमध्येबाट समूह (Panel) बनाई सो संयन्त्रले पुनरावलोकन गर्ने भनी छनौट गरेका मुद्दाहरु पुनरावलोकन गरी हेर्ने व्यवस्था गरिनु पर्दछ ।

**ख. कानून पत्रकारहरू**

मिति २०६६।९।१६ मा कानून पत्रकारहरूसँग गरिएको छलफलका क्रममा प्राप्त भएका मुख्य विचारहरू देहायबमोजिम छन् :

- तारेख लिनेदिने व्यवस्था नै गलत छ ।
- कतिपय कानून व्यवसायीको क्रियाकलापले पनि अदालत बदनाम हुन पुगेको अवस्था छ ।
- न्यायाधीश, कर्मचारी र वकील सबै पक्षमा सुधारको खाँचो छ । न्यायाधीश स्वच्छ भए विचौलीया निरूत्साहित र नियन्त्रित हुनेछन् ।
- अदालतमा सञ्चार माध्यमको जति प्रवेश हुन्छ, त्यति नै न्याय पारदर्शी र बलियो हुन्छ ।

- न्यायपालिकाविरुद्ध आएका समचारको अदालतले तत्कालै खण्डन गर्नुपर्दछ । विभिन्न पत्रपत्रिका र रिपोर्टबाट अदालतका विरुद्धमा विभिन्न खाले समाचार आउँदा पनि अदालत चुप लागेर बस्छ, खण्डन गर्दैन । यसले अदालतप्रतिको नकारात्मक धारणा जनतासमक्ष पुगेको छ ।
- कानून व्यवसायीलाई करको दायरामा ल्याउनु पर्दछ ।
- न्यायाधीशको सम्पत्ति सार्वजनिक गर्नुपर्दछ ।
- न्यायाधीश विरुद्धको उजूरीको छानवीनलाई  प्रभावकारी बनाउनु पर्दछ ।
- विचौलीया तथा कानून व्यवसायीको बोलाबाला हुनुमा अहिलेको अदालती ढाँचा जिम्मेवार रहेको छ ।
- ढिलासुस्ती, विचौलीयाको विगविगी र फैसला कार्यान्वयन अदालतका मूल समस्या हुन् ।
- न्यायाधीशको निगरानी न्यायाधीशले नै गर्नुपर्दछ ।
- न्याय परिषदका काम कारवाही पारदर्शी छैनन् ।
- मुद्दा हटाउने वकीलको प्रवृत्ति र मुद्दा पन्छाउने न्यायाधीशको प्रवृतिमा नियन्त्रण हुनुपर्दछ ।
- कर्मचारीबाट हुने सानातिना अनियमितताले सेवाग्राहीमा नकारात्मक सन्देश गई रहेको छ ।

**ग. उपत्यकाका जिल्ला बार तथा पुनरावेदन अदालत पाटन बारका पदाधिकारीहरू**

मिति २०६६।९।२० मा काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला बार र पाटन स्थित पुनरावेदन अदालत बार एशोसिएशनका पदाधिकारीहरूसँग संयुक्त रुपमा छलफल गरिएको थियो । छलफलका क्रममा व्यक्त गरिएका मुख्य मुख्य विचारहरू देहायबमोजिम छन् :

- न्यायपालिकामा विकृति भित्र्याउनमा न्यायाधीश, कर्मचारी र कानून व्यवसायी उत्तिकै जिम्मेवार छन् ।
- विचौलीयाको भूमिका बदनामीको अर्को प्रमुख कारण हो ।
- गलत क्रियाकलापमा संलग्न कर्मचारीको सरुवा नहुनाले विकृति बढिरहेको छ । सेवाग्राहीलाई झण्झट दिने र झुलाउने प्रवृत्ति कर्मचारीमा रहेको छ । तर नेतृत्वबाट त्यस्ता कर्मचारीलाई संरक्षण प्राप्त छ ।

- काठमाडौं जिल्ला अदालतमा कालोकोट लगाएर प्रमाणपत्र नभएका विचौलीया घुम्छन् । त्यस्ता विचौलीयालाई निरुत्साहित गर्नुपर्दछ ।
- फौज्दारी मुद्दामा गलत अनुसन्धान गर्नेलाई कारवाही हुनपर्दछ ।
- अपराध अनुसन्धान पक्ष अत्यन्त कमजोर छ । प्रमाण कमजोर भएर अदालतले सफाई दिँदा पनि अदालतले नै दोषको भागी हुनु पर्ने अवस्था छ । प्रहरी अनुसन्धानमा रहेका त्रुटि पनि निर्णयमा औंल्याउनु पर्दछ ।
- अनुसन्धानको क्रममा प्रहरीले पक्राउ गरेका व्यक्तिलाई सार्वजनिक गर्दा जनताले सो व्यक्तिलाई साँच्चै नै अपराधी मान्दछन् । पछि अदालतबाट प्रमाणको आधारमा सफाई दिँदा अदालत बदनाम हुने गरेको छ । यसमा विचार पुऱ्याउनु पर्दछ ।
- जिल्ला अदालतमा थुनछेक आदेश हुँदा भीडभाडलाई हेरेर आदेश गरिन्छ । भीडभाडको ईच्छा विपरीत गए बदनामी होला भनी न्यायाधीश जोगिन खोज्दा न्याय प्रभावित भएको छ ।
- अर्धन्यायिक निकायका काम कारवाही र ढिलासुस्तीले पनि न्यायप्रतिको जनआस्थामा ह्रास ल्याएको छ ।
- अदालतमा मेलमिलाप प्रक्रियाले प्रोत्साहन पाउनु पर्दछ ।
- न्यायाधीशको उल्टी रेकर्ड राख्ने व्यवस्था पुनः आरम्भ गर्नुपर्दछ ।
- म्याद तामेलीमा हामी तामेलदारलाई मात्रै दोष दिन्छौं, सुविधा दिदैनौं, त्यसैले गर्दा छिटो काम हुँदैन ।
- अदालतलाई मन्दिर र न्यायाधीशलाई भगवान सम्झने एकथरि पक्ष छन् भने अदालतलाई जुवाघर सम्झने अर्काथरि पनि छन् । त्यसैले विकृति र अफवाह छुट्याउनु पर्दछ । अदालतप्रति विकृतिभन्दा पनि अफवाह बढी छ ।
- आफूले जीते राम्रो, हारे नराम्रो भन्दै अफवाह फैलाउने प्रचलन छ । विशेष गरेर नराम्रा समाचारमात्रै बाहिर आउने गर्दछन् । अदालतबाट गरिएका राम्रा काम प्रचार प्रसार नहुनाले विकृति बढेको जनतामा भ्रम छ ।

### घ. महान्यायाधिवक्ता तथा अन्तर्गतका अधिकारीहरू

मिति २०६६।९।२२ मा महान्यायाधिवक्ता, नायव महान्यायाधिवक्ता, सहन्यायाधिवक्ता तथा काठमाडौं उपत्यकाका सरकारी वकील कार्यालयका अधिकारीहरूसँग छलफल गर्दा मुख्य रुपमा देहायबमोजिमका राय सुझावहरू प्राप्त भएका थिए :

- अपराध अनुसन्धानको विद्यमान प्रणालीमा पुनर्विचार हुनुपर्दछ ।
- पूरक माग (अ.वं. ८८ नं.) को व्यवस्थालाई प्रभावकारी बनाउनु पर्दछ ।
- राज्यका विभिन्न निकायहरूले समेत महान्यायाधिवक्ता कार्यालयलाई जानकारीसम्म नदिई निजी क्षेत्रका वकील राख्ने गर्दछन् ।
- महान्यायाधिवक्ताको कार्यालयअन्तर्गत जनशक्तिको अभाव रहेको छ । दक्षता अभिवृद्धिका अवसर पनि कम उपलब्ध छन् ।
- प्रहरीबाट मुद्दा अन्तिम दिन तिर ल्याउने प्रवृत्ति छ, मुद्दा फर्काउँदा सरकारी वकील बदनाम हुने गरेको छ ।
- अदालतबाट अधिकांश सरकारी गवाहलाई अदालतमा उपस्थित गराउँदाकै दिन वयान गराइँदैन । सरकारी साक्षी आफ्नो खर्चमा आउनु पर्ने व्यवस्थाले अदालतप्रति नकारात्मक प्रभाव पारिरहेको छ । खर्च दिने व्यवस्था अहिलेसम्म कार्यान्वयन भएको छैन ।
- प्रतिकूल हुने साक्षीलाई जीरह गर्ने बारेमा कानूनी व्यवस्थाको अभाव छ ।
- अनुसन्धान गर्ने प्रहरी सरकारी वकीलको मातहतमा नरहेसम्म विकृति हट्दैन ।
- अनुसन्धान गर्ने हामी, मुद्दा हेर्ने अदालत हो भन्ने प्रहरीको मानसिकताले सरकारी वकीललाई कमजोर बनाएको छ ।
- सरकारी वकीललाई निजामती होइन, सरकारी वकील बनाउनु पर्दछ । त्यसका लागि छुट्टै सेवा शर्त ऐनको आवश्यकता रहेको छ ।
- सरकारी वकीललाई पनि न्यायाधीश सरहको सुविधा दिनु पर्दछ । सेवा सुविधा राम्रो नभएको कारण सरकारी वकील पलायन हुने प्रवृत्ति बढेको छ । सेवा सुविधा राम्रो भएमा सरकारी वकीलले न्यायाधीश पद खोज्दैनन् ।

- गम्भीर प्रकृतिका आपराधिक मुद्दा समेत राजनीतिको नाममा फिर्ता लिइदिने सरकारी प्रवृत्तिले नकारात्मक सन्देश दिएको छ। यसले दण्डहीनतालाई समेत बढाएको छ।

**ङ. सेवाग्राहीहरू**

मिति २०६६।९।२६ मा अदालतका सेवाग्राहीहरूसँग समेत छलफल गरिएको थियो । छलफलका क्रममा मुख्य रुपमा देहायबमोजिमका राय सुझावहरू प्राप्त भएका थिए :

- मुद्दा सुनुवाईको लागि पालो नै नआउने समस्या रहेको छ। आएको पालोमा पनि पेशी स्थगित हुन्छ। त्यसपछि लामो समयको तारेख दिइन्छ।
- प्रमाणको लागि भनी मिसिल पूरै मगाउने, लामो समयसम्म यहीँ राख्ने कार्यले गर्दा अर्को अड्डाको काममा समेत असर परेको छ । प्रमाणलाई चाहिने प्रतिलिपि कागज राखेर अरु मिसिल कागज फर्काउने व्यवस्था गरिएमा अन्य काम कारवाही अबरुद्ध नहुने अवस्था रहने हुँदा त्यसतर्फ न्याय प्रशासनले ध्यान दिनु राम्रो हुन्छ।
- रिट निवेदनमा सर्वोच्च अदालतले निर्णय त गर्छ तर कार्यान्वयन पक्ष अत्यन्त कमजोर रहेको छ, या त कार्यान्वयन नै हुँदैन, भएपनि ढिलो हुन्छ।
- बन्द हडतालले गर्दा तारेख लिन समस्या भएको छ।
- जिल्ला तहमा बढी विकृति छ, बिचौलीयाले पैसा माग्छन्, अफवाह फैलाउँछन्।
- कानून व्यवसायीले बढी शुल्क लिने गरेका छन्, तर राम्रो मिहिनेत गरिदिँदैनन् । त्यसैले कानून व्यवसायीको शुल्क तोकिनु पर्दछ।
- गरिनुपर्ने आदेश सबै एकैपटक गरिनुपर्दछ।
- तारेख प्रथा नै हटाउनुपर्दछ।

**च. पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीशहरू**

मिति २०६६।९।२८ मा पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीशहरूसँग गरिएको छलफलका क्रममा मुख्य रुपमा देहायबमोजिमका राय सुझावहरू प्राप्त भएका थिए :

- अदालतका कर्मचारी र न्यायाधीशको सुरक्षाको उचित व्यवस्था गर्नुपर्दछ।
- कर्मचारी संगठनहरूको चर्को र अनावश्यक दवाव रहने गरेको छ।

- कर्मचारीहरू विभिन्न राजनीतिक संघ, संगठनमा आवद्ध भएकोले उनीहरूमा अनुशासनहीनता व्याप्त भएबाट नियन्त्रणमा कठिनाई भएको छ ।
- सर्वोच्च अदालतले मातहतका अदालतको लागि संरक्षकको भूमिका निर्वाह गर्नु पर्दछ ।
- पक्षसँग कानून व्यवसायीले दर्ता दस्तूर आदि भनी बढी पैसा माग्ने र लिने गरेको गुनासो सेवाग्राहीले गर्ने गरेका छन् ।
- कर्मचारीका हकमा भ्रष्टाचारको शंका लागेमा तुरुन्त सरुवा गर्नुपर्दछ ।
- न्यायपालिकाभित्रका समाचारलाई अतिरञ्जनापूर्ण तरिकाले सम्प्रेषण गर्ने पत्रकारहरूप्रति सचेत रहनु पर्दछ ।
- राम्रो काम गरे राम्रो फल पाउँछु भन्ने भरोसा कर्मचारीलाई छैन । कर्मचारी प्रशासन निष्पक्ष हुनुपर्दछ ।
- सूचना पारदर्शी बनाउन नसकेका कारण पनि सेवाग्राही ठगिएका छन् । विचौलीयाले सबैभन्दा वढी भ्रष्टाचारको सन्देश फैलाएका छन् ।
- न्यायाधीश निश्चित समयसम्म मात्र रहने भएपनि कर्मचारी स्थायी रुपमा रहन्छन् । गलत कार्य फाँटवालाबाट भए पनि उनीहरूलाई चिढाएर हामीलाई साध्य हुँदैन भन्ने सेवाग्राही र कानून व्यवसायीको धारणा रहेको छ ।
- हामीले सरुवा गरेका व्यक्ति १/२ महिनामा सरुवा वा काजका नाममा पुरानै ठाउँमा आउँछन् ।
- स्थानीय कर्मचारीहरूलाई लामो समयसम्म एकै ठाउँमा राख्नाले अनुशासनहीनता बढेको छ ।
- बार र वेञ्च प्रतिबद्ध भै क्रियाशील भएमा भ्रष्टाचार रोक्न सकिन्छ ।
- अदालतबाट फैसला गरिन्छ तर वर्षौसम्म फैसला कार्यान्वयन हुन नसक्दा गलत सन्देश गएको छ ।
- कुनै जिल्ला न्यायाधीशको कार्य क्षमताको खराव मूल्याङ्कन गर्दागर्दै पनि राम्रो ठाउँमा सरुवा गरिन्छ भने मुख्य न्यायाधीशलाई काम गर्न कठिन हुन्छ । यस्तो अवस्थामा जिल्ला न्यायाधीश र कर्मचारीले मुख्य न्यायाधीशलाई नटेर्ने संभावना बढी हुन्छ ।
- अदालतप्रतिको जनधारणा भनिए जति नराम्रो नभई अतिरञ्जित गरिएको पनि छ ।

- पुनरावेदन अदालतका मुख्य न्यायाधीशबाट त्रैमासिक प्रतिवेदनको मूल्याङ्कन हुनुपर्दछ ।
- कर्मचारी र न्यायाधीशबीच सेवा सुविधामा ठूलो अन्तर छ । कर्मचारी सुविधा वृद्धि गर्नु पर्ने अवस्था छ ।
- प्रहरी/वकीलले मुद्दा कमजोर बनाएर चलाउने अनि अदालतलाई दोष दिने प्रवृत्तिलाई निरुत्साहित गर्न नसकेसम्म अदालतको छवि राम्रो हुन सक्दैन ।
- अपराध अनुसन्धानकर्ताहरूको कामको पनि निरीक्षण र मूल्याङ्कन हुने व्यवस्था भएमा त्यसलाई प्रभावकारी बनाउन सहज हुन्छ ।
- तालिममा छनौट गर्दा इजलास चल्ने गरी छनौट गर्ने गर्नुपर्दछ ।
- मुख्य न्यायाधीशलाई राम्रा र नराम्रा दुवै कामप्रति जिम्मेवार बनाउन अधिकार पनि दिनुपर्दछ ।
- सेवाग्राही मुद्दा दर्तादेखि नै दस्तूरीबाट आक्रान्त छन्, त्यसैले भ्रष्टाचार अदालतमा व्याप्त छ भन्ने धारणा बनाउन सेवाग्राही बाध्य छन् । न्यायाधीशका नाममा रकम लिएर फट्टा खेल्ने प्रवृत्ति केही कर्मचारी, कानून व्यवसायी र विचौलीयामा व्याप्त छ भन्ने सुनिन्छ ।
- चिया नास्ता खर्चको लोभ देखाएर कर्मचारीलाई आफ्नो पक्षमा काम गराउन खोज्ने सेवाग्राहीको प्रवृत्तिमा पनि सुधार आवश्यक छ ।
- हामी बढी प्रचारमुखी भयौं कि ? हामी ठूला र राजनीतिक रूपमा प्रभावशाली कानून व्यवसायी रिझाउन उद्यत छौं कि ? भन्ने सन्दर्भमा हामीले पनि आत्ममूल्याङ्कन गर्नु जरुरी छ ।
- विचौलीयालाई हामीले निगरानी गरी हामी नै कडा भयौं भने नियन्त्रण हुन्छ । कानून व्यवसायीद्वारा समेत अदालतमा भ्रष्टाचार व्याप्त छ भनी भ्रम फिजाइएको छ ।
- मुद्दा हारेपछि आफ्नो कमजोरी लुकाउन भ्रष्टाचारको आरोप लगाइन्छ । कानून व्यवसायीको आकांक्षा बढेको छ, कानून व्यवसायी खर्चिला भएका छन् । त्यसको भार सेवाग्राहीमा पर्ने गरेको छ ।
- काठमाडौं, भक्तपुर र ललितपुरलाई सफा राख्न सक्यौं भन्ने ६० प्रतिशतभन्दा बढी विकृति अन्त्य हुन्छ र जनआस्था बढ्छ ।

- कतिपय विचौलीयाको संरक्षण हामीबाटै पनि भएको छ कि ? आत्मालोचना गरी विचौलीयालाई संरक्षण दिईंदैन भन्ने सन्देश जानु जरुरी छ ।
- दरवन्दीअनुसार कर्मचारीको पदपूर्ति कहिल्यै पनि हुन सकेको छैन ।
- कर्मचारीलाई पुरष्कार दिन गरिएको सिफारिश पारदर्शी छैन ।
- सरुवामा कुनै ठाउँ राम्रो कुनै ठाउँ नराम्रो भन्नुले भ्रष्टाचार रहेको प्रमाणित हुन्छ । सरुवा नियमित र क्षेत्रगत रुपमा अनिवार्यतः हुनुपर्दछ ।
- काज राख्ने र खटाउने व्यवस्थाको व्यापक दुरुपयोग भएको छ । मुख्य न्यायाधीशलाई तत् तत् क्षेत्रको प्रमुख बनाइनु पर्दछ । सरूवा, काज, भ्रष्टाचार नियन्त्रणलगायतका कार्यमा मुख्य न्यायाधीशलाई जिम्मेवार बनाइनु पर्दछ ।

छ. <u>सर्वोच्च अदालतका विभिन्न कर्मचारी सगठनहरू</u>

मिति २०६६।९।२९ मा सर्वोच्च अदालतका विभिन्न कर्मचारी संगठन (कर्मचारी संघ, संगठन, युनियन, मिलन केन्द्र आदि) का पदाधिकारीहरूसँग छलफल गरिएको थियो । छलफलमा सहभागी कर्मचारी प्रतिनिधिहरूबाट विषयवस्तुसँग सम्बन्धित देहायबमोजिमका राय सुझावहरू प्रस्तुत गरिएका थिए :

- अत्यन्त कमजोर आर्थिक हैसियतका सेवाग्राहीहरू पनि न्याय माग्न आउँछन्, त्यस्ता व्यक्तिहरूले सही सूचना समेत पाउन सक्दैनन् । त्यसैले प्रत्येक अदालतमा प्रभावकारी सूचना एकाई (Help Desk) राख्नु पर्दछ ।
- मुद्दाको चापका कारणबाट तीन महिना लामो पेशी दिनु पर्ने अवस्था छ, तर साप्ताहिक/दैनिक पेशी सूचीबाट मुद्दा स्थगित हुन्छ, त्यसबाट सेवाग्राहीले हैरानी पाउँछन् ।
- तोकिएको दिन पेशीको पालो नआउँदा पक्षले हैरानी मात्रै पाउँछन् । सेवाग्राहीको आक्रोश हामीले व्यहोर्न पर्दछ । काम हुने दिनमा मात्रै पेशी राख्ने व्यवस्था गर्नु पर्दछ । न्याय परिषद्ले प्रभावकारी काम गर्न सकेको छैन् ।
- न्याय सेवाका लागि छुट्टै विशिष्टीकृत ऐनको आवश्यकता छ । न्यायपालिकाका कर्मचारीहरूका लागि न्यायिक भत्ताको व्यवस्था हुनुपर्दछ ।
- कर्मचारीहरूलाई अनिवार्य रुपमा सेवा प्रवेश तालिम दिनुपर्दछ ।

- उत्पीडित र पिछडिएका वर्गलाई अदालतले सम्वोधन गर्नुपर्दछ। कतिपय सेवाग्राहीले भाषिक समस्या समेत भोगेको अवस्था छ । गरीव, निम्न वर्गीय र पिछडिएकालाई न्याय सहज बनाउनु पर्दछ।
- कसैले दस्तूरी दियो भने तुरुन्तै काम गर्ने र नदिनेको नगर्ने कमजोरी हामीमध्ये केहीमा छ।
- फैसला लेखन ढिलो हुने गरेको छ, फैसला कहिले तयार हुने भन्ने कुराको जानकारी सेवाग्राहीलाई दिनुपर्दछ। फैसला तयारीमा जनगुनासो छ।
- समूह (Panel) का मुद्दा कुनै इजलासबाट नहट्ने, कुनैबाट हट्ने गरेको छ। त्यसमा एकरुपता कायम हुनु पर्दछ।
- कजलिष्ट ननिस्कदै पेशी हटाउने व्यवस्था गर्नुपर्दछ।
- सुधारको थालनी सवैभन्दा पहिले काठमाडौं जिल्ला अदालतबाट गर्नुपर्दछ।
- न्यायाधीश/ राजपत्रांकित र अनंकित कर्मचारी बीचको खाडल नपुरिएसम्म विकृति घट्दैन।
- राजपत्र अनंकित कर्मचारीको मनोबल र उत्प्रेरणा ह्रासोन्मूख छ, त्यसलाई बढाउने कार्यक्रम संचालन हुनुपर्दछ।
- राजपत्रअनंकित कर्मचारीप्रति न्यायाधीश तथा राजपत्रांकित कर्मचारीले गर्ने व्यवहारमा सुधारको आवश्यकता छ।
- बहसका लागि समय व्यवस्थापन गर्नुपर्दछ।
- सर्वोच्च अदालतको फैसला वेभसाइटमा राख्ने र त्यसलाई सम्वन्धित जिल्ला अदालत मार्फतबाट नक्कल लिने व्यवस्था गर्नुपर्दछ।
- कानून व्यवसायीको सेवा अत्यन्त महङ्गो रहेको गुनासो सेवाग्राहीहरूले गर्दछन् । त्यसैले उनीहरूले लिन पाउने शुल्क तोक्नु पर्ने अवस्था छ।
- धरौटी फिर्ता र कोर्ट फी फिर्ताको प्रक्रिया अति झण्झटिलो छ, त्यसमा सरलीकरणको आवश्यकता छ।
- उजूरी पेटिका प्रभावकारी हुन सकेको छैन।
- कर्मचारीलाई अनावश्यक रुपमा काजमा राख्ने प्रचलनको अन्त्य हुनु पर्दछ र कार्यालय प्रमुखबाट कसैलाई काखा, कसैलाई पाखाको व्यवहार हुनु हुँदैन।

### ज. न्याय परिषद्का पूर्व तथा वर्तमान सचिवहरू

मिति २०६६।१०।४ मा न्याय परिषद्का पूर्व सचिवहरू तथा वर्तमान सचिवहरूसँग पनि छलफल गरिएको थियो । छलफलका क्रममा मुख्य रुपमा देहायबमोजिमका राय सुझावहरू प्रस्तुत गरिएको थियो :

- सर्वोच्च अदालतको न्यायाधीशको हकमा पनि न्याय परिषद्ले कारवाही अगाडि बढाउन सक्छ ।
- न्याय परिषद्को संरचना पदेनमुखी भएको कारणले गर्दा यसप्रति कसैको स्वामित्ववोध भएन ।
- संस्थागत काम गर्ने सोचाई नभएको कारण न्याय परिषद् कमजोर भएको छ ।
- न्याय परिषदमा पाँच किसिमका शक्ति केन्द्रहरू भए । एउटालाई समाते काम हुन्छ भन्ने मानसिकताले गर्दा परिषद्ले निर्वाह गर्नुपर्ने अभिभावकीय भूमिका ओझेलमा पर्दै गएको छ ।
- जो बढी अधिकारवाला कहाँ धाउँछ, त्यो त्यति नै वदमाश हुन्छ ।
- राजपत्रांकित द्वितीय र प्रथम श्रेणीलाई जिल्ला न्यायाधीशमा लाने नलाने नीतिगत निर्णयलाई तोड्दै, कहिले लाने कहिले नलाने फितलो नीति र व्यवहारले पनि असर पारेको छ ।
- नियुक्ति गर्दा माथिबाट होइन तलबाट हेर्ने र आफ्नो मान्छे कहाँ कति नम्वरमा छ, त्यसअनुसार छान्ने प्रवृत्तिले गर्दा न्यायाधीश नियुक्तिको विषय विवादमा पर्ने गरेको छ ।
- सर्वोच्च अदालत र न्याय परिषद्का कर्मचारीबीच यदाकदा मतभेद देखा पर्ने गरेको छ । त्यसलाई प्रधान न्यायाधीशले मिलाउनु पर्दछ ।
- हामीले पहिले आफूमा नै सुधार ल्याउनु जरुरी छ । न्याय परिषद्को काम कारवाहीमा राजनीतिक हस्तक्षेप हुने गरेको समेत यदाकदा पाइएको छ ।
- अधिकांश कानून मन्त्रीको न्याय परिषद्मा भूमिका प्रायः नियुक्ति र सरुवामा चासो राख्ने, आफूले भनेको जस्तो नभए वैठकमा नआउने प्रवृत्ति रहने गरेको पाइन्छ ।
- प्रधान न्यायाधीश आफू ठीक भए नातावाद, कृपावाद, चाकडी, चाप्लुसी जस्ता आधा विकृति कम हुन्छन् ।
- पूर्ण समय काम गर्ने सदस्य नभई परिषद्ले प्रभावकारी रुपमा काम गर्न नसक्ने देखिन्छ ।

- न्यायाधीशको सम्पत्ति विवरण थन्किएर रहेको छ । न्याय परिषद्ले सदस्य तोकी न्यायाधीशहरूको सम्पत्ति विवरण नियमित अध्ययन गराउनु पर्दछ । छानवीन गर्ने सदस्यलाई अधिकारसम्पन्न बनाउनु पर्दछ ।
- अधिकांश निरीक्षण प्रतिवेदनमा न्यायाधीशको सही मूल्याङ्कन भएको हुँदैन ।
- सदस्यबाटै  परिषद्को गोप्यता भंग हुने गरेको अवस्था पनि छ ।
- न्याय परिषद्का विषयमा हल्का टिप्पणी (Lose Talk) गरिन्छ । संरक्षणवाद हावी छ । कसैको हकमा कुनै मापदण्ड र कसैको हकमा अर्को मापदण्ड अपनाइन्छ ।
- जवर्जस्ती चोरीलाई कुटपीटमा परिणत गरिएको फैसलालाई पुनरावेदन अदालतबाट सदर भयो, त्यसमा जिल्ला न्यायाधीशलाई कारवाही भयो, तर सदर गर्ने पुनरावेदन अदालतका न्यायाधीशको सर्वोच्च अदालतमा नियुक्ति भएको उदाहरण विकृतिका सम्बन्धमा मननीय छ ।
- सर्वोच्च अदालत र न्याय परिषद सचिवालयका बीचमा प्रशासनिक टक्कर भै रहने अवस्थालाई विचार गरी दुबै निकायको सचिवको जिम्मेवारी एकैजनालाई दिँदा राम्रो हुने देखिन्छ ।
- न्यायाधीश नियुक्ति गर्दा न्यायपालिकालाई न्याय गर्नुपर्नेमा कतिपय अवस्थामा नियुक्ति पाउनेलाई न्याय भएको महसूस हुन्छ ।
- क्षमता छैन भनेर कुनै व्यक्तिलाई माथिल्लो पदमा नियुक्ति नगर्ने तर कार्यबोझ भएको संवेदनशील ठाउँमा राख्नु उचित हुँदैन । त्यसको विकल्पमा त्यस्ता व्यक्तिलाई अतिरिक्तमा बढुवा गरी राख्ने र राम्रो नगरे म्याद थप नगर्ने गर्नुपर्दछ ।
- हप्तामा कम्तीमा एकदिन प्रधान न्यायाधीशले परिषद्को काममा समय दिनु पर्दछ ।
- न्यायाधीशलाई काजमा राख्दा न्याय परिषद् सचिवालयलाई जानकारी नै हुँदैन । काज खटाउने काम परिषद्ले नै गर्नुपर्दछ ।
- न्याय परिषद्को काम कारवाहीमा पारदर्शिता हुनुपर्दछ ।
- सर्वोच्च अदालतको न्यायाधीशलाई महाअभियोग लगाउन सिफारिश तथा कारवाहीको उठान न्याय परिषद्बाट हुने संवैधानिक व्यवस्था गर्नुपर्दछ ।

### झ. नेपाल प्रहरी

मिति २०६६।१०।५ मा नेपाल प्रहरीका जिम्मेवार अधिकारीहरूसँग छलफल गरिएको थियो । छलफलका क्रममा मुख्य रुपमा देहाय बमोजिमका राय सुझावहरू प्रस्तुत भएका थिए :

- थुनछेकमा प्रमाणको मूल्याङ्कन कम हुन्छ । अदालतमा भीडको प्रभाव पर्ने गरेको छ ।
- अदालत बलियो भयो भने प्रहरी बलियो हुन्छ र प्रहरी बलियो भए अदालत पनि बलियो हुन्छ ।
- सरकारी साक्षी सुरक्षित नहुने हुँदा सरकारी साक्षीलाई तत्कालै बुझिदिने व्यवस्था हुनुपर्दछ । अदालतले म्याद थपकै दिनमा सरकारी साक्षी समेत बुझ्नु उचित हुन्छ ।
- फौजदारी मुद्दामा निरन्तर सुनुवाई हुनुपर्दछ ।
- राम्रो अनुसन्धान गर्नेलाई पुरष्कार दिनुपर्दछ । राम्रो अनुसन्धानको अदालतले समेत निर्णयमा सिफारिश गर्नुपर्दछ ।
- अनुसन्धानको लागि पर्याप्त वजेटको व्यवस्था हुन सकेको छैन । राज्यले आवश्यक खर्च समेत उपलव्ध गराउन सकेको छैन ।
- अपराधको प्रकृतिमा निरन्तर रुपमा परिवर्तन आउने गर्छ, अहिले संगठित अपराधका घटनाहरू समेत हुने गरेका छन् ।
- विशेषज्ञलाई अदालतले सामान्य साक्षी सरह व्यवहार गर्न र उनीहरूलाई लामो समयसम्म प्रतीक्षामा राख्नु उचित हुँदैन । उनीहरूलाई सम्मानजनक व्यवहार गरिनु पर्दछ ।
- एकै ठाउँमा बसेर नियमित रुपमा छलफल गर्ने वातावरण र अवसर छैन । सरकारी वकीलसँग भेट नियमित नहुने समस्या रहेको छ ।
- सरकारी वकीललाई मात्रै मुद्दा चलाउने नचलाउने निर्णय गर्ने अधिकार दिइनु हुँदैन । राजनीतिले अपराध अनुसन्धानलाई प्रभाव पार्न दिनु हुँदैन । अनुसन्धानको सम्पूर्ण जिम्मा प्रहरीलाई हुने तर नियन्त्रण, निर्देशन सरकारी वकीलले दिने सरकारी मुद्दासम्बन्धी ऐनको व्यवस्था गलत छ । सरकारी वकील अनुसन्धान विशेषज्ञ हुँदैन । त्यसबाट अनुसन्धानकर्ताको

मनोवल गिर्ने अवस्था रहेको छ । प्रहरीको राय फालेर अर्को राय लेख्ने बानी गलत हो । प्रहरीले घटनालाई नजिकबाट हेरेको हुन्छ । प्रहरीको राय पनि मिसिल संलग्न हुनु पर्दछ ।

- पुरष्कार र दण्डको व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्दछ । तिथि, मिति र व्याकरणलाई आधार बनाएर अपराधीलाई छोडिएका घटना पनि छन् । छोड्ने नियतबाट नै त्यसो गर्ने गरिन्छ ।
- संक्षिप्त कारवाही अदालत (Summary Court) गठन नभई हुँदैन । यसले नब्बे प्रतिशत अपराध रोक्छ ।
- मुद्दा फैसला गर्दा प्रमाण तथा आधार के के छ भन्नु भन्दा पनि के के छैन भनेर हेर्ने गरेको पाइन्छ । अत्यन्त ठूलो ठगीको विगो भएको मुद्दामा समेत आरोपीहरू अति कम धरौटीमा छुट्छन् । अत्यन्त कम महत्त्वको र सानोतिनो कुरा फरक भएको कारणले अभियुक्त छोडिन्छ ।
- फौजदारी न्यायप्रणालीमै पुनर्बिचार गरिनु पर्दछ । अपराध अनुसन्धान गर्ने छुट्टै निकाय हुनुपर्दछ । अपराध अनुसन्धान गर्ने प्रहरीलाई अन्य काममा खटाइनु हुँदैन ।
- कस्तो अभियोग लगाइयो र अदालतबाट के निर्णय भयो भन्ने प्रहरीलाई थाहा नहुने विद्यमान प्रणालीमा सुधार नभएसम्म अनुसन्धान प्रणालीमा सुधार ल्याउन सकिँदैन ।

**ञ. नेपाल कानून व्यवसायी परिषद्**

मिति २०६६।१०।६ मा नेपाल कानून व्यवसायी परिषद्का पदाधिकारी तथा अनुशासन समितिका सदस्यहरूसँग गरिएको छलफलका क्रममा मुख्य रुपमा देहाय बमोजिमका राय सुझावहरू प्राप्त हुन आएका थिए :

- न्यायपालिकाको प्रमुख अंग बार पनि भएकाले विकृतिको आधा जिम्मा बारले लिनु पर्दछ ।
- महान्यायाधिवक्ता र नेपाल बार एशोसिएशनको अध्यक्षको पदीय जिम्मेवारीको कारणले गर्दा निजहरूलाई फुर्सद हुँदैन । पाँच विकास क्षेत्रका पार्षदहरू विभिन्न क्षेत्रमा छरिएर रहेका हुँदा उनीहरूको उपस्थिति पनि कम हुने गर्दछ ।
- सर्वोच्च अदालतका रजिष्ट्रार र कानून संकायका डिनलाई पनि फुर्सद हुँदैन । त्यसैले परिषद्का लागि पूर्णकालीन अध्यक्षको व्यवस्था गरिनु पर्दछ । यदि अध्यक्ष पदेन नै बनाइने हो भने पूर्णकालीन उपाध्यक्षलाई अधिकारसम्पन्न बनाइनु पर्दछ ।

- सेवाग्राहीको पनि प्रतिनिधित्व हुने गरी परिषद्को संरचनामा परिवर्तन गरिनु पर्दछ ।
- परिषद्लाई अधिकार सम्पन्न बनाउनु पर्दछ । कानून व्यवसायीका फर्म/चेम्बर/कार्यालय परिषद्मा अनिवार्य दर्ता गराउनु पर्ने व्यवस्था गर्नु पर्दछ । कानून व्यवसायीका फर्ममा कार्यरत जनशक्तिको विवरण समेत परिषद्मा अभिलेख अद्याबधिक राख्ने व्यवस्था गरिनु पर्दछ ।
- कानून व्यवसायीले पनि आम्दानीको विवरण पेश गर्ने व्यवस्था गर्नुपर्दछ । आयका आधारमा कर तिरे नतिरेको यकीन गरेर मात्र अद्यावधिक गर्ने व्यवस्था हुनुपर्दछ । न्यायाधीश नियुक्ति र सरकारी निकायमा कानूनी सल्लाहकार बनाउन र सरकारले गठन गर्ने आयोगसमेतमा जिम्मेवारी दिँदा समेत कर तिरेको कुरालाई आधार बनाउनु पर्दछ ।
- मुद्दा हटाउने कानून व्यवसायीको अभिलेख राख्नु पर्दछ ।
- कानून व्यवसायीको हकमा राम्रो काम गर्नेलाई सम्मान गर्ने परम्परा अदालतले समेत बसाल्नु पर्दछ ।
- कानून व्यवसायीका रुपमा विचौलीयाहरू पनि छन् । फलाना कानून व्यवसायी कहाँ गए मुद्दा जितिन्छ भन्ने हल्लाले काम गरेको छ । बदमासीलाई ढाकछोप नगरी कारवाही गर्नु पर्दछ ।
- गरीव र असहायलाई सरकारद्वारा दिइएको कानूनी सहायता रकम कर्मचारीले तलव, घरभाडा र टेलिफोनमा मात्र खर्च हुने गरेको भन्ने समेतको गुनासो सुनिएको छ ।
- फिराद प्रतिउत्तर एउटैले लेखेको भन्ने समेतको उजूरी पर्ने गरेको छ । मिसिल अदालतले नदिने हुँदा कारवाही गर्न समस्या भएको छ ।
- अनुशासन समितिमा अपेक्षित सक्रियता ल्याउनु पर्दछ ।
- कानून व्यवसायीको आचारसंहिता अपूर्ण छ, त्यसलाई समयसापेक्ष रुपमा परिमार्जन गरिनु आवश्यक छ ।

**ट. सर्वोच्च अदालत बार एशोसिएशनका पदाधिकारी तथा वरिष्ठ अधिवक्ता र अधिवक्ताहरू**

मिति २०६६।१०।८ मा सर्वोच्च अदालत बार एशोसिएशनका पदाधिकारी र वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूसँग समेत छलफल गरिएको थियो । छलफलका क्रममा मुख्य रुपमा देहायबमोजिमका राय सुझावहरू प्राप्त भएका थिए :

- अदालतलाई  विकृतिविहीन बनाउने दायित्व न्यायिक नेतृत्वले लिनु पर्दछ । नेतृत्व ठीक भए अधिकांश समस्या समाधान हुनेछन् । कानून व्यवसायी र अदालतका कर्मचारी ठीक भएमा बाँकी समस्याहरू पनि स्वतः समाधान हुनेछन् ।
- बार र बेञ्चको सामूहिक प्रयासबाट न्यायपालिकाको जनआस्था बचाउन र बढाउन आवश्यक छ ।
- भ्रष्टाचारमा न्यायाधीश, कानून व्यवसायी, कर्मचारी समेतको संलग्नता रहेको हुन्छ । भ्रष्टाचार बढाउनमा विचौलीया सबैभन्दा बढी जिम्मेवार  छन् ।
- भ्रष्टाचार छ भनेर मात्र हुँदैन, कारवाही गर्न सक्नु पर्दछ ।
- कानून व्यवसायी राजनीतिक नेताको पछि लाग्नु हुँदैन ।
- अदालत जनताको लागि हो भन्ने अनुभूति प्रदान गरिनु पर्दछ ।
- मिसिल र आदेश नहेरी पत्रिकामा प्रकाशित कुराको भरमा काज वा सरुवा गर्नु हुँदैन ।
- अहिले जिल्ला र पुनरावेदन अदालतमा खुलमखुल्ला र सर्वोच्च अदालतमा लुकिछिपी भ्रष्टाचार छ भन्ने जनगुनासो छ । यसको निराकरण न्याय परिषद्ले गर्न सकेको छैन । सर्वोच्च अदालतको हकमा प्रधान न्यायाधीशले रोकथाम गर्नु पर्दछ ।
- न्यायिक भ्रष्टाचार नियन्त्रणका लागि छुट्टै ऐन बनाउनु पर्दछ ।
- तारेख गुज्रे पनि शुरु अदालतमा डिसमिस हुनु हुँदैन । तारेख गुज्रेमा प्रतिकूल निर्णय हुने मुद्दामा वारेस र कानून व्यवसायीबाट गलत काम हुन सक्ने संभावना हुन्छ ।
- पुरानो मुद्दामा ढिलो हुने भन्ने मानसिकताले झ.झि. नै हुँदैन कि भन्ने आशंका हुन्छ । फैसला गर्ने काम लगत लिने मानसिकताले मात्रै गर्नु हुँदैन ।
- अदालत गैसस (NGO) मुखी भएको छ । सार्वजनिक सरोकार (PIL) सम्बन्धी मुद्दा गैससले दायर गर्ने प्रवृत्ति राम्रो भएन । गैससका मुद्दामा न्यायाधीश बढी सक्रिय हुने गरेको आरोप पनि लाग्ने गरेको छ । गैससले आफू अनुकूल फैसला गर्ने न्यायाधीशलाई बोलाउने र मान गर्ने गरेको पनि पाइएको छ । गैससको व्यापारमा अदालतका निर्णयबाट मद्दत मिल्न हुनु हुँदैन ।

- कानून व्यवसायीले पेश गरेका कतिपय नजीर फैसलामा उल्लेख गरिँदैन, न त त्यसको खण्डन नै गरिन्छ ।
- सेवा निवृत न्यायाधीशलाई पुनः सार्वजनिक जिम्मेवारी दिनु हुँदैन । सेवा निवृत्त न्यायाधीशलाई आयोग र समिति कहीँ पनि राख्नु हुँदैन ।
- बिचौलीयाहरू मुद्दामा ठेक्का लिएरै हिँड्छन् । सबै न्यायाधीशहरूले विचौलीयाबाट टाढै रहने प्रतिबद्धता व्यक्त गर्ने हो भने धेरै हदसम्म विकृति समाप्त हुन्छ । विचौलीयालाई उन्मूलन गर्ने व्यवस्था हुनुपर्दछ ।
- न्यायपालिकामा बसेका मानिसका नातेदार र इष्टमित्र, कर्मचारी र कानून व्यवसायी मुख्य विचौलीया हुन् ।
- कानून व्यवसायीको सम्पत्ति विवरण पनि पेश हुनु जरुरी छ ।
- न्यायाधीशको कार्यसम्पादन क्षमताको पनि अभिलेख राख्नु पर्दछ ।
- शुरुदेखि सबै मुद्दामा टिपोट किताव तयार हुनुपर्दछ ।
- थुनछेक, रोक्का र फुकुवाको १७ नं. निवेदनलाई गंभीरतापूर्वक लिई निकासा दिनु पर्दछ ।
- कानून व्यवसायीले पनि परिचयपत्र लगाएर मात्र अदालत प्रवेश गर्नु पर्दछ ।
- आधार र कारण नखोली न्याय कसरी गरियो भन्ने दुविधा रहन्छ ।
- केही जिल्ला अदालतमा कायम रहेको समूह (Panel) प्रणालीले भ्रष्टाचारलाई बढावा दिएको छ । यसको प्रभाव र परिणामको मूल्याङ्कन हुनुपर्दछ ।
- न्यायाधीश नियुक्तिको प्रणाली नै गलत छ । न्यायाधीश नियुक्तिमा समावेशी गराउन सम्भव हुँदैन । योग्यलाई प्राथमिकता दिनु पर्दछ ।
- न्यायपालिकाप्रतिको जनआस्थामा सर्वोच्च अदालतबाट भन्दा पुनरावेदन र जिल्ला अदालतको काम कारवाहीले प्रतिकूल प्रभाव पारेको छ ।
- कर्मचारीसम्वन्धी मुद्दा हेर्ने प्रशासकीय अदालत हुँदाहुँदै सर्वोच्च अदालतमा त्यस्ता मुद्दाको चाप बढेको छ, त्यस्ता मुद्दा त्यहीँ पठाउनु पर्दछ ।
- उल्टी पटके र सदरको अभिलेख नराख्दा पनि जथाभावी भएको छ । न्यायाधीशका राम्रो फैसलाको संस्थागत रुपमा बारले प्रतिरक्षा गर्नुपर्दछ ।

## ठ. न्यायपालिका अधिकृत समाज

मिति २०६६।१०।११ मा न्यायपालिका अधिकृत समाजका पदाधिकारीहरूसँग गरिएको छलफलका क्रममा मुख्य रुपमा देहायबमोजिमका राय सुझावहरू प्राप्त भएका थिए :

- पुराना ऐन, नियम कानूनमा सुधारको आवश्यकता छ।
- अनुगमनलाई प्रभावकारी बनाउनु पर्दछ।
- पुरष्कार र दण्ड प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।
- न्यायाधीश र कर्मचारीको घरदैलो धाउने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्दछ।
- बढुवा हुने अवस्थासम्म सेवाकालीन तालिम नपाउने स्थिति रहनु हुँदैन। त्यसलाई ध्यानमा राखी उचित समयमा तालिमको व्यवस्था गरिनु पर्दछ।
- राष्ट्रिय न्यायिक प्रतिष्ठानलाई अदालतअन्तर्गतको निकायका रुपमा चित्रण गर्ने गरिएको छ, त्यस्तो प्राज्ञिक संस्थालाई आफ्ना मान्छेलाई भत्ता खुवाउने थलोका रुपमा विकास गरिनु हुँदैन।
- स्रेस्तेदारउपरको नियन्त्रणात्मक अधिकार पुनरावेदन अदालतका रजिष्ट्रारलाई दिनुपर्दछ।
- गलत समाचार प्रवाह गर्ने व्यक्ति वा सञ्चार माध्यमसँग छलफल गरी सही सूचना सम्प्रेषणको वातावरण निर्माण गर्नु पर्दछ।
- प्रशासनिक काम कारवाहीमा पारदर्शिता अपनाउनु पर्दछ।
- वैदेशिक सहायताको सदुपयोग नभएको र त्यसै क्रममा न्यायमा सहज पहुँच परियोजनाको पैसा विदेश भ्रमण र पाँच तारे होटेलमा भोज कार्यक्रममा खर्च भएको भन्ने जनगुनासोलाई मनन गरी त्यस्ता सहयोगको अधिकतम सदुपयोग गरिनु पर्दछ।
- कार्यविधिगत जटिलता कम भए भ्रष्टाचार स्वतः कम हुन्छ।
- कर्मचारीमा अनुशासनहीनता बढ्दै गएको छ। अनुशासन कायम गर्न नितान्त जरुरी छ।
- ढिलासुस्ती हटाउन समयसारिणी प्रणाली (Track System) विकास गर्नुपर्दछ।

- राजपत्रांकित प्रथम श्रेणीका अधिकृत र जिल्ला न्यायाधीशको सेवा सुविधाका बीचमा फरक हुनु हुँदैन । न्यायाधीश र कर्मचारीका बीचको सेवा सुविधाको अन्तरले पनि न्यायिक कर्मचारीमा नैराश्यता छाएको छ ।
- म्याद तामेलीको कार्यलाई करारमा गराउनु पर्दछ ।
- फैसला लेखनलाई शीघ्र बनाएर एक महिनाभित्र फैसला दिने वातावरण तयार हुनुपर्दछ ।
- सिसिटीभी (CCTV) लाई प्रभावकारी बनाउनु पर्दछ ।
- कानून सुधार नभई फैसला कार्यान्वयनमा विकृति हट्न सक्दैन । कानून प्रणाली पनि धेरै हदसम्म दोषी छ ।

**ङ. नेपाल बार एशोसिएशन**

राय सुझाव संकलनका सिलसिलामा नेपाल बार एशोसिएशनका निवर्तमान तथा वर्तमान पदाधिकारीहरूसँग सो समयसम्ममा कार्यदलसमक्ष प्राप्त भएका सुझावहरुको संक्षिप्त विवरणसहित पनि मिति २०६३।११।४ मा छलफल गरिएको थियो । यस कार्यदलको प्रतिवेदन कार्यान्वयनमा नेपाल बार एशोसिएशनको अपरिहार्य भूमिकाको अपेक्षाका साथ छलफल अगाडि बढाइएको थियो । छलफलमा मुख्य रुपमा देहायबमोजिमका सुझावहरु प्राप्त भए :

- धेरै अघिदेखि नै सबै सरोकारवालाहरू समेतको प्रतिनिधित्व गराएर कार्यदल गठन गर्ने आवाज उठेको थियो, त्यसअनुसार गरिएको भए अध्ययन बढी प्रभावकारी हुने थियो । अध्ययन प्रतिवेदन कार्यान्वयनको चरणमा त्यस्तो समिति गठन गरिनु उचित हुनेछ ।
- नजीरहरूमा एकरुपता कायम गर्न सकिएको छैन, पछिल्ला नजीरहरूमा पनि निश्चितता र एकरुपता कायम हुन सकेको छैन ।
- विकृति र विसंगतिको सन्दर्भमा न्यायाधीशको नियुक्ति, सरुवा तथा कारवाही पनि महत्त्वपूर्ण मानिन्छ । त्यो विषय न्याय परिषद्सँग जोडिन्छ । तर न्याय परिषद्ले त्यससम्बन्धमा निश्चित मापदण्ड बनाएको जानकारीमा आएको छैन । न्याय परिषद्को काम कारवाहीमा पारदर्शिता छैन । न्याय परिषद् ऐनमा लेखेको कुरा कति कार्यान्वयन भयो र नलेखेका कति कुरा भए त्यसलाई गम्भीरतापूर्वक मूल्याङ्कन गरिनु पर्दछ ।
- गैससको प्रभाव सर्वोच्च अदालतको निर्णयमा समेत परेको छ ।

- पुनरावलोकनको निवेदनको सुनुवाईमा कानून व्यवसायीको प्रतिनिधित्व हुँदैन । तर, पुनरावलोकनबाट भएका निर्णयहरूले पछिल्ला मुद्दालाई प्रभावित पारेको अवस्था हुँदा दीर्घकालीन असर गर्ने नयाँ निर्णय गर्दा कानून व्यवसायीको प्रतिनिधित्व गराउँदा राम्रो हुन्छ ।
- न्यायपालिकाका विरुद्धमा यतिखेर ठूलो प्रहार भइरहेको हुँदा न्यायका सरोकारवाला सबै गम्भीर हुनु जरुरी छ ।
- अहिले न्यायिक स्वतन्त्रता नै धरापमा परेको अवस्था हुँदा स्वतन्त्र न्यायपालिका सम्बन्धमा सेमिनार/गोष्ठीलगायतका कार्यक्रमहरूमा जोड दिनु पर्ने अवस्था छ । त्यसमा नेपाल बार एशोसिएशन पनि प्रयत्नशील छ ।
- नक्कली छाप लगाएर फैसला तयार गर्नेसम्मका घटनाहरू पनि कानून व्यवसायीबाट भएका छन्, त्यस्तो कार्यलाई निरुत्साहित गर्ने र दण्डित गर्ने कुरामा कानून व्यवसायी परिषद्ले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । तर महान्यायाधिवक्ता पदेन अध्यक्ष हुने व्यवस्था रहेको र सो पदको स्थायित्व नभएको कारणले गर्दा परिषद अपेक्षित रुपमा सक्रिय हुन सकेको छैन ।
- सेवाग्राही र न्यायपालिकाभित्रका कर्मचारीका बीचमा दूरी बढेको अवस्था छ । त्यस्तो अवस्थाको तत्कालै अन्त्य हुनु पर्दछ ।
- कानून व्यवसायीले सेवा दिँदा लिने शुल्कका सम्बन्धमा संयुक्त राज्य अमेरिका लगायतका देशमा नगद नलिएर, बैंकमार्फत लेनदेन हुने हुँदा त्यसमा पारदर्शिता रहन्छ । तर नेपालमा कानून व्यवसायीले संस्थाबाट पाउने रकममा कर काटिन्छ, पक्षले उल्लेख्य रकम नदिने हुँदा त्यसको हिसावकितावका सम्बन्धमा बढी जोड दिन आवश्यक छैन । बरु कानून व्यवसायी परिषद्मा कानून व्यवसायीले फर्मसम्म दर्ता गराउने तर्फ सोच्न सकिन्छ ।
- कानून व्यवसायीको हकमा कानून व्यवसायी परिषद् र न्यायाधीशको हकमा न्याय परिषद्लाई प्रभावकारी बनाइनु पर्दछ ।
- कानून व्यवसायी परिषद् ऐनमा कानून व्यवसायीले परिषद् समक्ष सम्पत्ति पेश गर्ने व्यवस्था गरिनु पर्दछ ।
- गंभीर प्रकृतिका फौजदारी मुद्दामा सरकारी वकील र अदालतको भूमिकाबाट समाज सन्तुष्ट हुन सकेको छैन ।

- झूठो बक्ने साक्षीलाई सजाय गरिने प्रक्रियालाई प्रभावकारी बनाउनु जरुरी छ ।
- जिल्ला अदालतमा नमूनाका रुपमा प्रयोगमा ल्याइएका फौजदारी र देवानी इजलासको अवधारणाले त्यति प्रभावकारी परिणाम दिन नसकेको हुँदा त्यसलाई पुनर्विचार गरिनु पर्दछ ।
- पूर्ण इजलासबाट भएका फैसलालाई संयुक्त इजलासले अनिवार्य रुपमा पालना गर्ने हो भने विकृतिको अवस्था धेरै कम हुन्छ ।
- सेवाग्राहीसँग नजिकमा रहेर काम गर्ने कर्मचारीको व्यवहारमा नै अदालतप्रतिको आस्था र धारणा निर्भर रहेको हुँदा त्यस्ता कर्मचारीले नराम्रो गर्दा अदालतको छवि बिग्रन्छ ।
- तारेख टुटाउने व्यवस्था लागू गर्ने कुरालाई पक्षको सहमतिमा छाड्नु पर्दछ ।
- कानून व्यवसायी समेत सबै राम्रा छैनन्, सजाय गर्ने व्यवस्था कडाईमा साथ लागू गर्नुपर्दछ ।
- स्वतन्त्र न्यायपालिकाको अवधारणालाई जोगाउन न्याय परिषद्भित्र छुट्टै प्रभावकारी संयन्त्र बनाउनु पर्दछ । अहिलेकै संरचना र कार्यशैलीमा न्याय परिषद्ले प्रभावकारी भूमिका निर्वाह गर्न सक्दैन ।
- न्याय परिषद्लाई न्यायाधीश, वकील, समाजसेवीलगायतको समावेशी संरचनामा लैजानु पर्दछ ।
- विकृति विसंगति हटाउन बार सहमत छ, बार र बेञ्च मिलेर अगाडि बढ्नु पर्दछ ।
- न्यायपालिकामा सुधारका लागि साच्चै नै लागि पर्ने न्यायिक नेतृत्वको प्रतिवद्धता रहन्छ भने बार एशोसिएशन सहयोग गर्न तयार छ ।
- कानून व्यवसायी पेशा नचलेर विस्थापित भएको अवस्था पनि छ, त्यसैले कानून व्यवसायी सबै सम्पन्न छन् भन्ने सोचाई र दृष्टिकोण राख्नु उपयुक्त हुँदैन ।
- नोटरी पब्लिकलाई अधिकृत वारेसनामा प्रमाणित गर्ने समेत अधिकार दिइनुपर्दछ । पेशाको दायरा वढाउन न्यायिक नेतृत्वले सहयोग गर्नु पर्दछ ।
- बहस व्यवस्थापनमा सबै कानून व्यवसायीलाई समान व्यवहार देखाउनु पर्दछ ।
- फौजदारी मुद्दाको अनुसन्धान पद्धति नै अत्यन्त कमजोर छ । सरकारी वकील र प्रहरीका बीचमा उचित समन्वय कायम हुन सकेको छैन ।

- शुरु तहको अदालतका काम कारवाहीबाट नै जनताको आस्था र विश्वासमा ह्रास आएको अवस्था छ ।
- वहस व्यवस्थापनका लागि शुरुमा नै निर्णायक बुँदा तय (Issue Frame) गर्ने प्रणालीको विकास गर्नु पर्दछ । त्यसभन्दा बाहिर गएर वहस गर्ने वकीललाई अदालतले नियन्त्रण गर्नुपर्दछ ।
- अदालतप्रतिको जनआस्थालाई कमजोर पार्ने काममा अनुसन्धान अधिकारी, सरकारी वकील, सञ्चार माध्यमको समेत भूमिका रहेको छ, त्यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्नु जरुरी छ ।
- अर्धन्यायिक निकायमा समेत कानून व्यवसायीको अनिवार्य उपस्थिति हुने व्यवस्था गर्नु पर्दछ ।
- जसरी पनि साविती गराउने, अनुसन्धान प्रक्रियामा सरकारी वकीलले कुनै भूमिका निर्वाह नगर्ने, कुटपीटमा चल्ने मुद्दालाई ज्यान मार्ने उद्योगअन्तर्गत चलाउने समेतको अवस्थाबाट जनआस्था प्रबर्द्धन गर्न सकिँदैन ।
- न्यायाधीश र कानून व्यवसायीबीच अविश्वासको वातावरण आउन दिनु हुँदैन ।
- न्यायाधीशबाट हुने प्रत्येक अन्तिम आदेश वा निर्णय न्याय परिषद्को अभिलेखमा रहने र नियमित रुपमा त्यसको अध्ययन हुनुपर्दछ ।
- हप्तामा चार दिन फैसला गर्ने र दुई दिन फैसला लेख्ने गर्नु उपयुक्त हुन्छ ।
- बहसका क्रममा पेश भएका नजीर र उठाइएका तथ्यहरूलाई फैसलामा सम्बोधन गरिनु पर्दछ ।
- दोहोऱ्याउने निस्सा दिने नदिने आदेश गर्दा समेत आधार र कारण उल्लेख गर्ने व्यवस्था हुनु पर्दछ । आधार कारणबिनाको आदेश गर्ने परिपाटीलाई राम्रो मान्न सकिँदैन । त्यस्तो आदेश अन्तिम आदेश नै भएको हुँदा आधार र कारण खुलाउनु पर्दछ ।
- कानून व्यवसायीको फर्म दर्तालाई अनिवार्य गराइनु पर्दछ । न्यायाधीश नियुक्तिमा कानून व्यवसायीलाई उचित स्थान नदिई विभेद गरिएको छ ।
- सर्वोच्च अदालतमा नि.सु. मा राख्ने प्रवृत्ति बढ्दै गएको छ, जटिलता नभएका मुद्दामा समेत नि.सु.मा राखिने गरेको अवस्था छ, त्यसैले नि.सु. राख्दा आधार र कारण खोल्नु पर्दछ ।
- कानूनको निर्माण र सुधारमा बारलाई समेत संलग्न गराउने परिपाटी बसाल्नु आवश्यक छ ।

- न्यायाधीशलाई माथिल्लो अदालतमा नियुक्ति गर्दा पहिलेका फैसलाहरूको अध्ययन गरी त्यसलाई समेत आधार बनाउनु पर्दछ ।
- सवै न्यायाधीशको आवास एकै ठाउँ भएमा सुरक्षा प्रबन्धमा सहज हुने र आवासमा हुन सक्ने विकृतिको पनि अन्त्य हुन्छ ।
- सर्वोच्च अदालतबाट प्रतिपादित नजीरलाई तल्लो तहका न्यायाधीशले आफ्नो स्वार्थ अनुकूल छनौट गरी प्रयोग गर्ने गरेको पाइन्छ, त्यसलाई निरुत्साहित गरिनु पर्दछ ।
- पूर्ण इजलासबाट प्रतिपादित नजीर समेत प्रकाशन नभएको अवस्थाको अन्त्य हुनु पर्दछ ।

### २.१.२ मोफसल

काठमाडौं उपत्यकाबाहिर जनकपुरलाई केन्द्र बनाएर धनुषा तथा महोत्तरी, विराटनगरलाई केन्द्र बनाएर मोरङ तथा सुनसरी, नेपालगञ्जलाई केन्द्र बनाएर बाँके तथा बर्दिया र पोखरालाई केन्द्र **बनाएर** कास्की जिल्ला स्थित पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरू, सरकारी वकील, प्रहरी, बार एकाइका प्रतिनिधि, नागरिक समाज, सरोकारवाला, कर्मचारी संगठनका प्रतिनिधि समेतसँग छलफल गरिएको थियो । छलफलमा अभिव्यक्त भएका धारणाहरूलाई छुट्टा छुट्टै बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

#### क. धनुषा /**महोत्तरी**

#### १. जिल्ला तथा पुनरावेदन बार एकाइ

- भ्रष्टाचार, नातावाद र कृपावादलाई संरक्षण गर्ने व्यक्ति पहिचान गरी सार्वजनिक गर्नुपर्दछ ।
- साविकको गोला प्रथा हटाएर न्यायाधीशलाई मुद्दा नै तोक्ने व्यवस्थाले विकृति ल्याएको छ । जिल्ला र पुनरावेदन अदालतमा गोला प्रथा नै कायम गरिनु पर्दछ ।
- माथिल्लो अदालतका न्यायाधीशबाट हुने तल्लो अदालतको निरीक्षण प्रभावकारी हुन सकेको छैन ।
- त्रुटि सच्याउने र गल्ती गर्नेलाई सजाय गर्ने परम्परा नभएका कारणले भ्रष्टाचारीलाई कारवाही हुन्छ भन्ने विश्वास जनतामा हराएको छ ।
- विकृतिको अन्त्यका लागि प्रथमतः न्यायाधीश आफैंले संकल्प गर्नुपर्दछ ।

- कानूनले तोकेको समयमा फैसला गर्नुपर्दछ । कानून तोड्ने न्यायाधीशको विरुद्धमा उजूरी लिएर प्रधान न्यायाधीश समक्ष जाँदा पनि कुनै कारवाही भएन, त्यस्ता न्यायाधीशलाई सर्वोच्च अदालतमा बढुवा गरियो ।
- पुनरावेदन अदालतका न्यायाधीशहरूमा बढी मुद्दा फैसला गर्ने नाममा शुरु सदर गर्ने प्रवृत्ति हुनु हुँदैन । त्यसबाट अन्याय पर्न जान्छ ।
- अदालतको विगो फाँट विकृतिको थलो भएको छ । तहसिलदारबाट फैसला कार्यान्वयन उचित ढंगले हुन सकेको छैन ।
- जिल्ला र पुनरावेदन तहका न्यायाधीशलाई समयमै वढुवा नगरिने, पुरष्कृत नहुने हुँदा विकृति आएको छ । २६/२७ वर्षसम्म एउटै तहको अदालतमा बस्नु पर्ने अवस्थाले गर्दा त्यस्तो स्थिति उत्पन्न भएको हो ।

**२. पुनरावेदन तथा जिल्ला अदालतका माननीय न्यायाधीशहरू**

- न्यायपालिकाभित्र विकृति, विसंगति छ । भित्री आलोचना गर्ने ठाउँ नभएर आक्रोश बाहिर गएको छ । घरदैलो प्रवृत्ति व्यापक छ, निष्पक्षता छैन । आचारसंहिता राम्रोसँग पालना भएको छैन ।
- सरुवा र वढुवाका अवसरलाई प्रणालीवद्ध रुपमा लैजानु पर्दछ ।
- अदालतमा हुने विकृति र विसंगतिको केन्द्रविन्दु काठमाडौं उपत्यका हो । मूलतः विचौलीयाहरूको कारणबाट आलोचना खेप्नु परेको छ ।
- अदालतको पारदर्शिता विस्तार गर्नुपर्दछ ।
- न्यायाधीश र न्यायिक कर्मचारीका बीचमा ठूलो दूरी देखिएको छ, त्यसको अन्त्यका लागि न्यायिक कर्मचारीलाई न्यायिक भत्तालगायतका सुविधा दिनु पर्दछ ।
- हामी आफैं अदालतमा विकृति भएको प्रचार प्रसार गर्दै हिँड्छौं । सम्मेलन, गोष्ठीमा भन्छौं, यो प्रवृत्ति नै गलत छ । आन्तरिक समस्याको समाधान आन्तरिक रुपमा नै गर्नु पर्दछ । हामी आफैंभित्र सकारात्मक सोचको खाँचो छ ।
- कानून व्यवसायीको शुल्क विकृतिसँग जोडिएको छ, कर्मचारीले कानून व्यवसायीको शुल्कमा आफ्नो अंश रहेको दावी गर्छ ।

- सञ्चार माध्यमका भरमा न्यायपालिकाभित्र विकृति छ भनेर न्यायिक नेतृत्व जानु हुँदैन ।
- सामाजिक परिवेशलाई अध्ययन गरेर न्यायपालिकालाई समयसापेक्ष बनाउनु पर्दछ ।
- कानून व्यवसायीले गलत मस्यौदा गरेको कारणबाट पक्षले भोग्नु परेको असरको दोष पनि अदालतमाथि नै लगाइन्छ ।

**३. पुनरावेदन अदालत जनकपुर र जिल्ला अदालत धनुषाका सेवाग्राहीहरू**

- पेशी हटाउने कुरामा इजलासले समान व्यवहार गर्ने गरेको छैन ।
- इजलासले कुनै पक्षप्रति गर्ने व्यवहारलाई हेर्दा कुनै कुनै इजलासमाथि आशंका गर्नुपर्ने अवस्था छ ।
- अदालतभित्रका कर्मचारीले सेवाग्राहीलाई खासै झण्झट दिएका छैनन् । पुनरावेदन अदालतले थुनामा राख्ने आदेश दिँदा पनि प्रहरीले अपराधीलाई पक्राउ नगरेको अवस्थासमेत रहेको छ ।
- अदालतप्रति विश्वास उठेमा न्यायका लागि जाने ठाउँ नै बाँकी रहँदैन । तर अदालतबाट चित्त बुझ्दो न्याय प्राप्त हुन सकेको छैन ।
- राजनीतिक दलका विभिन्न संगठनहरू रहेका र राजनीतिक प्रतिद्वन्दिताको रिस आवेगमा आएर अनावश्यक हैरानी दिनका लागि समेत मुद्दा लगाइन्छ, अदालतले जस्तो मुद्दा दर्ता गर्न ल्याए पनि दर्ता गरिदिन्छ ।
- समान तथ्य भएको मुद्दामा कुनैमा अति कम र कुनैमा अत्यधिक धरौट मागिन्छ, त्यस्तो असमान व्यवहार अदालतबाट हुनु हुँदैन ।

**४. जनकपुरका मानव अधिकारकर्मी, पत्रकार र नागरिक समाज**

- आर्थिक पहुँच, भनसुन, अनावश्यक रुपमा पेशी हटाउने र समयमै फैसला नगर्ने प्रवृत्तिले समस्या जन्माएको छ ।
- राजनीतिक परिवर्तनसँगै न्यायालयमा परिवर्तन भएको छ र न्यायालयमा पूर्वाग्रह पनि छ ।
- अदालतबाट प्रमाणको सही मूल्याङ्कन नगरीकनै फैसला हुने गरेको पनि पाइन्छ ।
- निर्दोष व्यक्तिलाई तीन वर्षसम्म पुर्पक्षमा राखी फैसला हुँदा सफाई दिने कुराले न्याय प्रणालीमाथि नै प्रश्न उठेको छ, त्यसरी थुनामा रहनु परेको व्यक्तिले क्षतिपूर्ति पाउने व्यवस्था हुनु पर्दछ ।

- जनताले छिटो छरितो स्वच्छ र निष्पक्ष न्याय पाएका छैनन्, न्यायिक प्रक्रियामा देखिएका त्यस्ता समस्याहरूले गर्दा जनतामा वितृष्णा जागेको छ । आपराधिक समूहको आश्रयमा जनता जान थालेका छन् ।
- न्यायाधीश वादी/ प्रतिवादीहरू र साक्षीले बोलेको कुरा बुझ्ने हुनु पर्दछ, मातृभाषामा न्याय पाउने अधिकार सुनिश्चित हुनुपर्दछ, यसको लागि न्यायकर्ता पनि स्थानीय भाषाको जानकार र प्रशिक्षित हुनुपर्दछ ।

**५. जनकपुरका अर्धन्यायिक निकायका पदाधिकारी तथा सरकारी वकीलहरू**

- अर्धन्यायिक निकायमा मुद्दाको निर्णय अमुक व्यक्तिको पक्षमा पार्ने राजनीतिक दवाब आउने गरेको हुँदा न्यायिक काम कारवाही अदालतबाटै भएमा निष्पक्षता कायम हुने ।
- भूमिसुधारले धेरै कानूनी विषयमा निर्णय दिनुपर्ने, तर निर्णय गर्ने अधिकारी कानूनी ज्ञान नभएको व्यक्ति हुँदा कानूनबमोजिमको न्याय दिन अप्ठयारो परेको अवस्था देखिएको छ । त्यसैले भूमिसुधार कार्यालयमा मुद्दा हेर्ने अधिकारीको रुपमा कानूनको जानकार व्यक्ति हुनु नितान्त आवश्यक छ ।
- काठ दाउराको विवादमा समय सापेक्ष विगोको आधारमा वन कार्यालयलाई मुद्दा हेर्ने अधिकार दिनु पर्दछ ।

**६. जनकपुरका प्रहरी अधिकृतहरू**

- अनुसन्धान पक्ष कमजोर छ, अनुसन्धानलाई विशिष्टीकरण गर्नु पर्दछ ।
- अपराध अनुसन्धानको प्रक्रिया प्रणालीबाट भन्दा आदेशको भरमा चल्ने प्रवृत्ति हटनु जरुरी छ ।
- अपराध अनुसन्धानमा सबै क्षेत्रबाट सहयोग हुनु पर्दछ ।
- न्यायपालिकासम्बन्धी सम्पूर्ण काम कारवाहीको निगरानी अदालत स्वयंले नै गर्नु पर्दछ ।
- पीडितको सुरक्षालाई राज्यले ध्यान दिनु पर्दछ ।
- प्रहरीको सेवा सुविधा बढाउनु पर्दछ ।
- अनुसन्धानदेखि न्यायालयसम्म भीडले र प्रसारवाजीले न्यायलाई प्रभावित पारेको अवस्था देखिएको छ ।

- मानव अधिकारवादी संघ संस्थाहरूले अत्याधिक चासो र सरोकार राख्ने गरेकोले पनि अपराध अनुसन्धानलाई गोप्य राख्न अप्ठयारो हुने गरेको छ ।
- प्रहरीको अनुसन्धान राम्रो भएमा सरकारी वकीलबाट अभियोजनमा फरक पार्न सक्ने अवस्था रहँदैन ।
- भ्रष्टाचार नियन्त्रणको दरिलो संयन्त्र बनाउनु पर्दछ ।
- हाल कायम रहेको प्रतिद्वन्द्वात्मक प्रणालीको सट्टा अन्वेषणात्मक प्रणाली उपयुक्त हुने देखिन्छ ।
- घटनास्थलमा न्यायाधीश पुग्ने र शुरुदेखि मुद्दाको काम कारवाहीमा न्यायाधीशले जानकारी राख्ने गर्दा न्याय निरुपणमा प्रभावकारिता आउन सक्छ ।
- पक्राउ गरेको व्यक्तिलाई २४ घण्टाभित्र अदालत लानुपर्ने व्यवस्था सवै अवस्थामा सम्भव नहुने हुँदा विशेष अवस्थामा यो व्यवस्थालाई खुकुलो पार्नु पर्दछ ।
- अनुसन्धानको क्रममा विषयवस्तुको गाम्भीर्यतालाई हेरेर २५ दिनभन्दा बढी हिरासतमा राख्न पाउने व्यवस्था समेत हुनु पर्दछ ।
- तराई क्षेत्रमा खास अभियुक्तलाई मात्रै नभई गाउँभरिका रिस उठेका व्यक्तिहरूलाई पोल गर्ने प्रचलनले दोषी र निर्दोष व्यक्तिको पहिचानमा कठिनाई हुने गरेको छ ।
- अनुसन्धानको कमी कमजोरीमा अनुसन्धान अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ र अदालतले फैसला लेख्दा फैसलामा नै अनुसन्धान बिगार्ने प्रहरीको नाम उल्लेख गरी टिप्पणी समेत गर्नु पर्दछ ।

**७. जनकपुरका अदालतका अधिकृत तथा संघ संगठनमा आवद्ध कर्मचारी**

- मुद्दाका पक्षबाट कर्मचारीका नाममा कानून व्यवसायीले पैसा लिने गरेको पाइन्छ ।
- न्यायपालिकाभित्रको विकृति विसंगतिको कुरा धेरै अफवाह र केही सत्य हो ।
- दरवन्दीअनुसारको कर्मचारी पूर्ति हुन नसकेको कारणले सवारी चालकलाई समेत फाँटमा राखेर काम गर्नु परेको छ, समयमै गर्नुपर्ने काममा ढिलाई भएको छ ।
- न्यायाधीश र अधिकृतहरूको तलवमानमा ठूलो अन्तर रहेको कारणले गर्दा कर्मचारीमा उत्साहको सट्टा नैराश्यता देखिएको छ । त्यस किसिमको अन्तरले गर्दा सेवाभित्र सहभागीतामूलक काम हुन सकेको छैन ।

- कर्मचारीहरूका लागि आवास सुविधा र अतिरिक्त कामबापतको सुविधा समेत प्रदान गरिनु पर्दछ, सुरक्षाको उचित प्रबन्ध गरिनु पर्दछ ।
- कर्मचारीको कामको मूल्यांकन गरी राम्रो काम गर्नेलाई पुरष्कार दिने अधिकार कार्यालय प्रमुखलाई दिइनु पर्दछ ।
- न्यायाधीशहरूबाट कर्मचारीप्रति उचित व्यवहार गरिनु पर्दछ ।
- कानून व्यवसायीको शुल्क तोकेर सार्वजनिक नगरिँदासम्म अदालतको वदनामी हट्दैन । तराईमा मौसमअनुसार इजलास बस्ने समय र पोशाकको व्यवस्था गर्नु पर्दछ ।
- विद्युत आपूर्तिमा देखिएको समस्याबाट अदालतका काम कारवाही अबरुद्ध हुन नदिन जेनेरेटरको व्यवस्था गरिनु पर्दछ ।

**ख. मोरङ्ग/सुनसरी**

**१. नेपाल बार एशोसिएशन जिल्ला तथा पुनरावेदन एकाई**

- अनावश्यक रुपमा पटक-पटक आदेश गर्ने न्यायाधीश र पटक पटक मुद्दा हटाउने कानून व्यवसायीको प्रवृत्तिलाई निरुत्साहित गरिनुपर्दछ ।
- सबैभन्दा पहिले सर्वोच्च अदालतले नै आफूलाई विकृतिविहीन अदालतको रुपमा दृष्टान्त प्रस्तुत गर्नु पर्दछ ।
- हुलहुज्जत तथा जुलुस निकालेर अदालतको आदेश तथा निर्णयलाई प्रभाव पार्ने प्रवृत्तिलाई निरुत्साहित गरिनुपर्दछ ।
- सर्वोच्च अदालतको घुम्ती इजलास उपत्यकाबाहिर पनि रहने व्यवस्था गरिनु पर्दछ ।
- न्यायिक काम कारवाहीमा न्यायपालिकाको नियन्त्रणका लागि पनि न्यायिक प्रहरीको व्यवस्था गरिनु पर्दछ ।
- फैसला कार्यान्वयन रोक्न बनावटी मुद्दा दर्ता गरी मुल्तवीको माग गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनु पर्दछ ।
- वैतनिक वकीलको संख्या र पारिश्रमिक बढाइनु पर्दछ ।

- पक्राउ परेका अभियुक्तको हकमा शीघ्र कारवाही हुनुपर्दछ, पक्राउ नपरेकालाई पर्खेर ढिलाई गरिनु हुँदैन ।
- कानून व्यवसायीको सुरक्षा व्यवस्था हुनुपर्दछ ।
- फैसला भएको र फैसला सही गरेको दुवै मिति उल्लेख गर्ने व्यवस्था भए ढिलाई केही हदसम्म कम हुन्छ ।
- महान्यायाधिवक्ता र अभियोजन प्रमुख (Directorate of Public Prosecution) को अलग्गै व्यवस्था हुनुपर्दछ ।
- देश भरका श्रमिकको मुद्दा काठमाडौँबाट मात्र हेरेर नपुग्ने हुँदा बाहिर पनि श्रम अदालत रहने व्यवस्था गरिनु पर्दछ ।

**२. नेपाल बार एशोसिएशन सुनसरी**

- भविष्यमा न्यायिक निरोपणको विषय हुन सक्ने कुरामा सर्वोच्च अदालतले निर्देशन जारी गर्नु हुँदैन ।
- सम्पत्ति विवरणलाई आधार मानेर कारवाहीको शुरुवात गर्न सकेमा भ्रष्टाचार नियन्त्रण हुन्छ ।
- कानून व्यवसायीबाट न्यायाधीशमा नियुक्ति गर्दा क्षमता, दक्षता, इमान्दारी र नैतिकता जस्ता कुरालाई आधार मानिनु पर्दछ ।
- सरकारी वकील तथा प्रहरीले पनि विचौलीयाको काम गरेको भन्ने जनगुनासो हुँदा त्यस्ता व्यक्तिको पहिचान गरी कारवाही गरिनु पर्दछ ।

**३. पुनरावेदन अदालत विराटनगर र मोरङ्ग जिल्ला अदालतका माननीय न्यायाधीशहरू**

- पेशी हटेपछि इजलासबाटै अर्को पेशी तोक्ने व्यवस्था हुनुपर्दछ ।
- कानून व्यवसायीको शुल्क तोकी तिनले लिएको रकमको पक्षलाई रसिद दिने व्यवस्था हुनु पर्दछ ।
- जहिले सुकै नक्कल सारेर म्याद कायम गरी पुनरावेदन गर्न पाइने व्यवस्थाले न्यायमा ढिलाई भएको हुँदा त्यस्तो व्यवस्थाको अन्त्य गरिनु पर्दछ ।

**४. सुनसरी जिल्ला अदालतका माननीय न्यायाधीशहरू**

- फैसला भएकै मितिबाट म्याद कायम गरी संक्षिप्त निवेदन दिने र फैसला प्राप्त गरेपछि पूर्ण विवरणसहितको पुनरावेदन गर्ने व्यवस्था हुनु पर्दछ ।
- राम्रो काम गर्ने पुरष्कृत नभए नराम्रो गर्नेको मनोवल वढ्ने हुँदा दण्ड र पुरष्कारको व्यवस्थालाई प्रभावकारी रुपमा लागू गर्नु पर्दछ ।
- हरेक अदालतमा आवश्यकताअनुसार दोभाषेको व्यवस्था हुनु पर्दछ ।

**५. पुनरावेदन अदालत विराटनगर र मोरङ्ग जिल्ला अदालतका सेवाग्राहीहरू**

- कानूनी तथा अदालती काम कारवाहीको भाषा सरल र सबैले बुझ्ने हुनु पर्दछ ।
- अदालतबाट सबैलाई सम्मानजनक तथा समान व्यवहार हुनु पर्दछ ।
- मेलमिलाप पद्धतिलाई प्रोत्साहन गर्नु पर्दछ ।
- असहाय पक्षको कानून व्यवसायी (वैतनिक वकील) अरूसँग प्रतिष्पर्धापूर्ण प्रतिनिधित्व गर्न सक्ने क्षमतावान हुनुपर्दछ ।
- मुद्दाका पक्षको समेत सुरक्षाको प्रबन्ध हुनुपर्दछ ।
- बन्दको जानकारी अदालत स्वयम्लाई हुँदाहुदै तारिख थाम्न सिफारिश माग्नु पर्ने व्यवस्थाले गर्दा पक्षलाई दोहोरो हैरानी भएको छ ।
- गाउँ विकास समितिमा सचिव कार्यस्थानमा नरहँदा थप समस्या जन्मेको छ ।

**६. विराटनगरका मानव अधिकारकर्मी, पत्रकार र नागरिक समाज**

- अदालतमा रहेको परम्परागत कार्यशैलीको अन्त्य गरी त्यसमा समसामयिक सुधार गरिनु पर्दछ ।
- न्यायिक काम कारवाहीको विषयमा समेत सार्वजनिक सुनुवाई गरी आत्ममूल्याङ्कन गर्ने परिपाटी बसाल्नु पर्दछ ।
- मुद्दाको औचित्य नै समाप्त भएपछि निर्णय हुने अवस्थाले अदालतप्रतिको जनआस्था घट्ने हुँदा छिटो छरितो न्यायमा जोड दिनु पर्दछ ।
- न्यायाधीश नियुक्ति गर्दा भागवण्डाको आधारमा नभै क्षमता, दक्षता इमान्दारी तथा न्यायाधीशमा हुनुपर्ने अन्य गुणलाई आधार मानेर गरिनु पर्दछ ।

- खराब काम गर्नेलाई भएको कारवाहीको बारेमा सूचना प्रवाह गरिनुपर्दछ ।
- न्यायाधीश नियुक्ति गर्दा गरिने संसदीय सुनुवाईले न्यायिक स्वतन्त्रता खतरामा पारेको र न्यायिक स्वतन्त्रताको अभावमा न्यायपालिकाभित्रको विकृति, विसंगतिको चर्चा गर्नुको कुनै औचित्य नरहने हुँदा सर्वप्रथम न्यायिक स्वतन्त्रताको जगेर्ना गर्ने तर्फ ध्यान केन्द्रित गर्नु पर्दछ ।

**७. विराटनगरका अर्धन्यायिक निकायका पदाधिकारीहरू**

- वनसम्बन्धी मुद्दामा अदालतले फैसला गर्नुअघि विशेषज्ञ परामर्श (Technical Amicus curie) लिने गर्दा प्रभावकारी न्याय दिन सकिन्छ ।
- वन मुद्दामा बरामद भएका सवारी साधन बैंक जमानत लिई सवारी धनीलाई फिर्ता गर्ने वा तत्काल लिलाम गर्ने व्यवस्था हुनु पर्दछ ।
- अर्धन्यायिक निकायमा कार्यरत् कर्मचारीलाई मुद्दासम्बन्धी जानकारीमूलक तालिम दिइनु पर्दछ ।
- अर्धन्यायिक निकायको कार्यविधि नियमावली बनाइनु पर्दछ ।
- अर्धन्यायिक निकायमा वैज्ञानिक अभिलेख प्रणालीको विकास गरेर अदालतबाट माग भएका मिसिल शीध्र पठाउन सकिने व्यवस्था गरिनु पर्दछ । कानूनी भाषालाई सरल र बोधगम्य बनाइनु पर्दछ ।

**८. विराटनगरका सरकारी वकीलहरू**

- राजश्वसम्बन्धी मुद्दामा पक्ष आफैंले मुद्दामा विलम्ब गराउन प्रयत्न गर्ने कुरालाई विचार गरिनु पर्दछ ।
- सरकारवादी मुद्दामा पुनरावेदन तथा थाम्ने थमाउने म्यादलाई छोटो पारिनु पर्दछ ।
- जाहेरवालाको कानून व्यवसायीलाई पेशी हटाउन दिइनु हुँदैन ।
- प्रहरीमा अपराध अनुसन्धानको लागि छुट्टै एकाइ रहनु पर्दछ र त्यसमा काम गर्ने प्रहरीलाई अरु काममा खटाइनु हुँदैन ।
- राजधानी बाहिर पनि क्षेत्रीय स्तरमा विधि विज्ञान प्रयोगशाला रहनु पर्दछ ।

९. विराटनगरका प्रहरी अधिकृतहरू

- क्षेत्रीय स्तरमा वैज्ञानिक प्रयोगशालाको व्यवस्था हुनु पर्दछ ।
- मुद्दाको कारवाहीमा भएको ढिलाईले अपराधीकरणलाई प्रश्रय मिलेको हुँदा छिटो छरितो बनाइनु पर्दछ ।
- सञ्चार माध्यमले अतिरञ्जित गरेर समाचार प्रवाह गरिदिँदा अनुसन्धान तथा अदालतको निर्णय समेत प्रभावित भएको छ ।
- प्रहरीभित्र छुट्टै अनुसन्धान एकाई स्थापना हुनु पर्दछ ।
- साक्षीलाई दैनिक भ्रमण भत्ता दिने व्यवस्था व्यवहारमा लागू हुनु पर्दछ ।

**१०. पुनरावेदन अदालत विराटनगरका अधिकृत तथा संघ संगठनमा आवद्ध कर्मचारी**

- अदालतका कर्मचारीको लागि छुट्टै सेवा शर्तसम्बन्धी ऐन बन्नु पर्दछ ।
- कर्मचारीलाई तालिम तथा वृत्ति विकासको सुनिश्चितता हुनु पर्दछ ।
- अदालतमा जुलुस र घेराउ जस्ता क्रियाकलापबाट निर्णयमा प्रभाव पार्ने प्रवृत्तिलाई निरुत्साहित गरिनु पर्दछ ।
- फिल्डमा खटिएपछि नियमानुसार पाउने दैनिक भ्रमण भत्ताको सुनिश्चिता हुनु पर्दछ ।
- सरुवालाई न्यायोचित बनाइनु पर्दछ ।
- न्यायिक प्रहरीको व्यवस्था गरिनु पर्दछ ।
- न्यायाधीशको आचारसंहिता कडाईका साथ लागू हुनु पर्दछ ।
- नजीरमा विरोधाभाषको अवस्थाको अन्त्य हुनु पर्दछ ।
- मिलापत्र गर्दा कुनै पनि किसिमको दस्तूर नलाग्ने कानूनी व्यवस्था हुनु पर्दछ ।
- पुनरावेदन तहमा मिलापत्र गर्दा शुरु अदालतको फैसलाले लागेको दण्ड जरीवाना मिनाहा हुने व्यवस्था हुनु पर्दछ ।
- पञ्चकृते मूल्य कायम गर्दा जटिलता आएको हुँदा मालपोतको न्यूनतम् मूल्याङ्कनलाई मान्यता दिइनु पर्दछ ।
- कानून व्यवसायीको पनि सम्पत्तिको विवरण लिइनु पर्दछ ।
- कानून व्यवसायीले पक्षसँग लिएको रकमको रसीद दिने व्यवस्था गरिनु पर्दछ ।

### ग. बाँके / बर्दिया

### १. नेपाल बार एशोसिएशन जिल्ला तथा पुनरावेदन बार एकाई

- न्यायाधीश एवं कर्मचारीको सेवा सुविधा अन्तर्राष्ट्रिय स्तरको बनाइनु पर्दछ ।
- वैतनिक वकीलको लागि उचित पारिश्रमिकको व्यवस्था गरिनु पर्दछ ।
- तल्ला तहका अदालतबाट सम्पादन गर्ने काम कारवाहीको विवरण सबैले देख्ने गरी प्रकाशित गर्नु पर्दछ ।
- कुनै कर्मचारी वा न्यायाधीशउपर छानवीन गर्दा भ्रष्टाचार भएको हो वा अज्ञानतावस भएको हो भन्ने कुराको पहिचान गर्नु पर्दछ ।
- अदालतको क्षेत्राधिकारमा पनि समयानुकूलको सुधार आवश्यक छ ।
- वाणिज्य इजलासको प्रभावकारिता बढाउनु आवश्यक छ ।
- न्याय परिषद्को भूमिकाले पनि विकृति बढाएको हुँदा न्याय परिषद्लाई प्रभावकारी बनाइनु जरुरी छ ।
- विकृति समाधानका लागि न्यायकर्मीमा सकारात्मक सोच आवश्यक छ, विचारमा शुद्वता आवश्यक छ ।
- विवाद समाधानका वैकल्पिक उपायको अवलम्बन गरिँदा न्यायालयको महत्त्व र औचित्यलाई घट्ने गरी गरिनु हुँदैन ।
- भएका कानूनको उचित कार्यान्वयन नभई कानूनको अभावमात्रै देखाउने प्रवृत्ति राम्रो होइन ।
- निरीक्षणमा दिइएका निर्देशनको पालन हुनु पर्दछ ।
- मुद्दाका पक्षप्रति कर्मचारीले उचित व्यवहार गर्नु पर्दछ ।
- न्यायपालिकाको संरचनामा नै व्यापक सुधारको खाँचो छ ।
- न्यायाधीशलाई व्यक्तिगत रुपले दोष दिनुभन्दा पनि समग्र पद्धतिमा पुनर्विचार गर्नु जरुरी छ ।
- न्यायालयका समस्याप्रति न्यायालयका न्यायाधीशहरूमा गम्भीरताको खाँचो छ । अदालतको गल्तीका कारण मुद्दाका पक्षको हकहितमा असर पर्नु हुँदैन ।
- राज्यका अन्य अंगभन्दा न्यायालय नै बढी काम गर्ने अंगको रुपमा रहेको छ ।
- न्यायालयलाई अरूको नकारात्मक प्रभावबाट जोगाउनु जरुरी छ ।

- न्याय परिषद्को संरचनामा सुधार गरिनु पर्दछ ।
- गलत फैसला गराउने कार्यमा संलग्न सरकारी वकील र निजी क्षेत्रका कानून व्यवसायीलाई पनि कारवाही गरिनु पर्दछ ।
- अदालतका लागि विज्ञापन गरिएका पदहरूमा स्थानीय व्यक्तिहरूलाई प्राथमिकता दिने व्यवस्था गर्नु पर्दछ ।
- कानून व्यवसायीहरूको आचारसंहिताको विषयमा छलफल हुनु पर्दछ ।

**२. जिल्ला बार एकाइ बर्दिया**

- न्यायालयमा जनशक्तिको अभाव भएकोले काममा प्रतिकूल असर परेको छ ।
- ज्यान मार्ने उद्योगमा पीडितलाई उपचार खर्च दिने व्यवस्था हुन आवश्यकता छ ।
- सबै तहका अदालतका न्यायाधीशहरूका लागि आवासगृह हुँदा राम्रो हुन्छ ।
- सर्वोच्च अदालतका न्यायाधीशहरूको आवास क्षेत्र एकै ठाउँमा बनाउन राम्रो हुन्छ ।
- निष्पक्षता नै न्यायालयको सम्पत्ति र पूँजी हो भन्ने कुरालाई सबै न्यायकर्मीले बुझ्नु पर्दछ ।
- मुलुकी ऐन अ.वं. १८४क नं. को प्रयोग सन्तोषजनक ढंगले हुने गरेको छैन ।
- न्यायपालिका र सञ्चार जगतसँगको सम्वन्धलाई पनि सकारात्मक तरिकाले बुझ्नु र बुझाउनु जरुरी छ ।
- न्यायिक काम कारवाहीमा स्तरीयता ल्याउन कानूनी शिक्षाको प्रचार प्रसार आवश्यक छ ।
- अदालतले सिद्धान्त र कुरामा मात्र होइन, व्यवहारमा सुधार गर्नु पर्दछ ।

**३. पुनरावेदन अदालत नेपालगञ्ज र बाँके जिल्ला अदालतका माननीय न्यायाधीशहरू**

- जनमानसमा ज्यादै असहिष्णुता बढ्दै गएको अवस्था छ, यसले गर्दा पनि विकृति बढ्दै गएको देखिन्छ ।
- अनुशासनहीन काम गर्ने कुनै पनि पदाधिकारीलाई तत्काल कानूनबमोजिमको कारवाही गर्ने वातावरण बनाउनु जरुरी देखिन्छ ।
- मूल्याङ्कन पद्धतिमा पुनर्विचार गरिनु जरुरी देखिन्छ ।
- समस्याहरू बढी उपत्यकाकै अदालतमा भएकाले सुधार पनि त्यहीँबाट नै शुरु गरिनु पर्दछ ।

- अदालतको सुरक्षा व्यवस्था र कर्मचारीको काम गर्ने शैली आफैं पनि समस्याको रुपमा रहेको देखिन्छ ।
- जनशक्तिको अभाव छ, भएको जनशक्तिमा पनि काममा गुणस्तरीयताको कमी पनि समस्याको रुपमा रहेको पाइन्छ, काममा स्तरीयता क्रमशः हराउँदै गएको छ ।
- जिम्मेवारीको अभाव र अनुशासनमा कमी पनि समस्याका रुपमा रहेको देखिन्छ ।
- बाह्य सम्बन्ध र आन्तरिक रुपमा माथिबाट संरक्षणका कारणले कर्मचारीहरूमा केही उच्छृंखलता बढाएको छ ।
- काममा गोपनीयता रहँदैन, जसले गर्दा न्यायाधीश एवं अदालतको सुरक्षामा पनि समस्या सिर्जना भएको छ, न्यायाधीशहरूका बीचमा च्याम्बरमा भएको छलफल पनि बाहिर जाने गरेको अवस्था छ ।
- न्यायालयका कामकारबाहीका सम्बन्धमा न्यायाधीश पनि बढी जिम्मेवार हुनु आवश्यक देखिन्छ । समाजमा न्यायाधीश उदाहरणीय बन्नु पर्दछ ।
- आर्थिक स्रोतको बाँडफाँड वा बजेट विनियोजन गर्दा कार्यबोझ, कर्मचारीको संख्या र अदालत भवनको अवस्था समेतलाई उचित ध्यान दिनु जरुरी देखिन्छ ।

**४. पुनरावेदन अदालत नेपालगञ्ज र बाँके जिल्ला अदालतका सेवाग्राहीहरू**

- मुद्दाको पक्षलाई समेत सुरक्षा खतरा छ ।
- सर्वोच्च अदालतबाट भएको फैसलालाई समेत मान्दिन भन्ने प्रवृत्ति यदाकदा देखिने गरेको छ ।
- कानून व्यवसायी पनि विपक्षसँग मिलेको अवस्था छ ।
- अदालतको कारणले मात्र मुद्दा ढिला भएको होइन, अन्य निकायको काम कारबाहीले पनि मुद्दाको कारवाहीमा ढिलाई भएको छ ।

**५. नेपालगञ्जका मानव अधिकारकर्मी, पत्रकार र नागरिक समाज**

- थुनुवाका सम्बन्धमा म्याद थप गर्दा अदालत त्यति गम्भीर हुने गरेको पाईदैन ।
- हिरासतको यातनालाई नियन्त्रण गर्न सकिएको देखिँदैन ।

- राजश्व अधिकारीलाई बिपक्षी बनाई दिइएको मुद्दामा राजश्वकै व्यक्ति राजश्व न्यायाधीकरणमा हुँदा न्याय प्राप्ति सहज हुन सकेको देखिँदैन ।
- अर्धन्यायिक निकायसँग अदालतको सम्बन्ध त्यति सुमधुर रहेको पाइदैन ।
- अर्धन्यायिक निकाय र प्रहरीले अदालतको आदेशलाई गम्भीरतापूर्वक पालना गरेको देखिँदैन ।
- अदालतले राजनीतिक हस्तक्षेपको अवस्थामा सक्रियताका साथ प्रतिरोध गर्न सक्नु पर्दछ ।

**६. नेपालगञ्जका अर्धन्यायिक निकायका पदाधिकारी तथा सरकारी वकीलहरू**

- न्यायिक काम कारवाहीलाई प्रभावकारी बनाउन शान्ति सुरक्षाको स्थितिमा सुधार आउनु जरुरी छ ।
- लेखापढी व्यवसायीबाट गरिने कामले बढी समस्या ल्याएको पाइन्छ ।
- न्यायपालिकाभित्रका समस्यालाई कानून व्यवसायीले झन् गम्भीर बनाउने प्रवृत्ति देखिएको छ ।
- अर्धन्यायिक निकायबाट गरिने काममा कानूनको उचित पालन हुने गरेको देखिँदैन । यसको नकारात्मक असर न्याय सम्पादनमा पर्दछ ।
- सरकारी वकीललाई पेशीको जानकारी समयमा नआउँदा समयको व्यबस्थापन गर्न कठिनाई भएको छ । यसले गर्दा मुद्दाको तयारीमै असर पर्ने र सरकारी मुद्दा कमजोर हुने अवस्था देखिने हुँदा यसतर्फ पनि गम्भीरतापूर्वक ध्यान दिनु आवश्यक छ ।

**७. नेपालगञ्जस्थित विभिन्न तहका प्रहरी अधिकृतहरू**

- न्याय क्षेत्र समन्वय समितिलाई प्रभावकारी बनाउन सकिएको छैन ।
- न्याय क्षेत्र समन्वय समितिको बैठक बस्दा आ-आफ्ना समस्याहरूमा मात्र केन्द्रित हुने गरेको छ ।
- प्रहरीबाट हुने अनुसन्धानमा भएको मिहिनेतको उचित सम्बोधन हुन सकेको छैन ।
- समाजमा आपराधिक प्रवृत्तिहरू बढिरहेको अवस्थामा प्रहरीले मुद्दामा अपेक्षित समय दिन सकेको छैन ।
- प्रहरीमा आर्थिक अभाव छ र विशेषज्ञताको पनि कमी रहेको छ ।
- प्रहरी र सरकारी वकीलबीच सहज सम्पर्क र समन्वयको अभाव छ ।

८. **नेपालगञ्जस्थित अदालतमा कार्यरत अधिकृत तथा संघ संगठनमा आवद्ध कर्मचारीहरू**

- कार्यबोझको आधारमा कर्मचारीहरूको पदस्थापन गरिनु पर्दछ ।
- कम्प्युटरको तालिम सबै तहका कर्मचारीलाई आवश्यक छ ।
- तामेल्दारका लागि फिल्डभत्ता साह्रै न्यून भएकाले बढाउनु जरुरी छ ।
- प्रशासनिक प्रकृतिका काममा प्रशासनिक अधिकारीबाटै कार्य सम्पन्न गरिनु पर्दछ, यसले सेवाग्राहीलाई समेत सुविधा पुग्न सक्तछ ।
- कानूनमा प्रमाणपत्र तहको शिक्षा आर्जन गरेको जनशक्ति नहुँदा पनि अदालती कामकारबाहीमा समस्या देखिएको छ । त्यसैले नयाँ नियुक्ति भएका कर्मचारीहरूलाई अदालती कामकारबाहीका सम्बन्धमा थप प्रशिक्षणको आवश्यकता छ । यसका लागि आवश्यक पर्ने बजेटको व्यवस्था हुनु आवश्यक छ ।
- नयाँ नियुक्ति हुने न्यायाधीशहरूलाई पनि जिम्मेवारी संहाल्नु अघि नै प्रभावकारी अभिमुखीकरण तालिमको व्यवस्था हुनु जरुरी छ ।
- धरौटी र कोर्ट फीको रकम समयमै निकासा हुनु जरुरी छ । त्यसको केही रकम आर्थिक बर्षको शुरुमै निकासा भए राम्रो हुन्छ ।
- हाम्रा आचरण र व्यवहारहरूलाई पनि पारदर्शी बनाउनु जरुरी छ ।
- न्यायिक कामकारबाहीका सम्बन्धमा सेवाग्राहीहरू तथा सञ्चार माध्यमसँग नियमित अन्तर्क्रिया गरिनु आवश्यक छ । सो कार्यका लागि विभागीय सहमति आवश्यक छ ।
- केन्द्रले बनाएको सफटवेयर भन्दा स्थानीय स्तरमै बनाएर प्रयोग गर्दा राम्रो र व्यावहारिक हुन्छ ।
- सेवा प्रवेश गरेको एघार वर्षसम्म पनि सेवाकालीन तालिमको अवसर पाउन नसकेको अवस्थाको अन्त्य हुनु पर्दछ ।
- परम्परागत कार्यबिधिमा समसामयिक सुधार नभई राम्रो परिणाम प्राप्त हुन सक्तैन ।

### घ. कास्की

### १. नेपाल बार एशोसिएशन जिल्ला तथा पुनरावेदन बार एकाई

- न्यायिक स्वतन्त्रता स्वच्छन्दतामा परिणत हुँदै गएको सन्देश जाने गरी काम कारवाही भएको छ ।
- पछिल्लो समयमा अदालत व्यवस्थापनमा भएका सुधारले गर्दा न्यायिक काम कारवाहीमा केही मात्रामा छिटोछरितो भएको छ । तर, त्यो नै पर्याप्त छैन, अझै सुधार हुनुपर्दछ ।
- न्यायाधीश र वकीलको निगरानी राख्ने छुट्टै संयन्त्र हुनुपर्दछ । अहिलेको न्याय परिषद्को संरचनाले प्रभावकारी भूमिका निर्वाह गर्न सकेको छैन ।
- न्यायपालिकालाई संसदको मातहत हुने खालको व्यवस्था कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैन ।
- वर्तमान संसदीय सुनुवाई प्रणाली न्यायिक स्वतन्त्रताको परिप्रेक्ष्यमा विचारणीय छ ।
- बाहिरबाट न्यायाधीश नियुक्ति गर्दा राजनीतिक दलगत भाग बण्डाका आधारमा भएको देखिएको छ । त्यसबाट स्वतन्त्र न्याय सम्पादन प्रभावित हुन्छ ।
- झगडिया झिकाउने बेलामा न्यायाधीश गम्भीर भएको पाईदैन । शुरु फैसला सदर गर्ने प्रवृत्तिले न्याय प्रभावित भएको छ ।
- कार्यविधिसंहिता तर्जुमा गरी लागू गरिनुपर्दछ ।
- सर्वोच्च अदालत बार एशोसिएशनको अध्ययन प्रतिवेदन ३० प्रतिशत लागू गर्न सके पनि धेरै सुधार हुन्छ ।
- साक्षी बकपत्रमा पक्षहरूलाई हैरानी दिइएको छ ।
- सम्बन्ध विच्छेद् मुद्दामा पक्षको फोटो टाँस्ने व्यवस्थाबाट थप झण्झट भएको छ ।
- अ.बं. १७ नं. को निवेदनमा समेत नि.सु. राख्ने गरिएको र बहस नोट समेत पेश गर्ने गराउने गरिन्छ । यसले मुद्दाको कारवाही लम्व्याएको र न्यायाधीशको कार्यक्षमतामा प्रश्न उठाएको छ ।
- अदालतका कर्मचारीले तोकिएको वा झगडिया आएको दिनमा उसको काम नगरी भोलिपल्ट भनेर दुःख दिने गर्दछन् ।

- नेपालको न्यायपालिकालाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउनु पर्ने जरुरी छ, त्यसका लागि जनशक्तिको क्षमता अभिबृद्धि जरुरी छ ।
- न्यायाधीश नियुक्तिको हालको प्रक्रिया खारेज नगरेसम्म स्वतन्त्र र सक्षम न्यायाधीशले अवसर पाउँदैनन् ।
- कानून व्यवसायीको शुल्क कानूनले नै निश्चित गर्नु पर्दछ ।
- समाजमा भ्रष्टाचार व्याप्त भएकाले अदालत मात्र स्वच्छ हुन सक्दैन ।
- पक्षले मुद्दाको टुंगो कति समयमा लाग्छ भनेर सोध्दा हामी जवाफ दिन सक्दैनौं । त्यसैले फैसला गर्ने प्रक्रियालाई छिटोछरितो पार्नु जरुरी छ ।
- ढिलाई हटाई फैसला कार्यान्वयनमा सुधार तत्कालको आवश्यकता हो ।
- पेशी हटाउने प्रक्रियामा पनि अदातलको एउटै मापदण्ड छैन ।
- सबै समस्याको निराकरण एकैचोटी हुन सम्भव छैन । न्यायाधीशले आफ्नो संस्थाको कमजोरीहरू कानून व्यवसायीतिर तेर्स्याउँछन् ।
- हामी आफैं पनि दोषरहित छैनौं । मुद्दा मामिलामा कानून व्यवसायीले ठेक्का लिने गरेको समेत पाइन्छ ।
- न्यायिक सक्रियता देखाउँदा अदालत सचेत हुनु पर्दछ ।
- पुनरावेदन अदालतको संख्या आवश्यक भन्दा धेरै भएको छ र पुनरावेदन अदालतमा आवश्यकताबिना नै न्यायाधीश नियुक्ति गरिएको छ ।
- न्यायपालिकाभित्र व्यापक सुधार गर्न सकिएन भने न्यायपालिकाको अस्तित्व संकटमा पर्दछ ।
- सुधारका लागि पहिलो भूमिका न्यायाधीशले निर्वाह गर्नु पर्दछ, त्यसपछि मात्रै कानून व्यवसायीको भूमिका हुन्छ ।
- एउटै खालको विवादमा फरक-फरक फैसला आउँछन् ।
- बजार, पत्रिका र भीड हेरेर न्याय गर्ने प्रवृत्ति समेत यदाकदा देखिएको छ ।
- कानून व्यवसायीको शुल्क पक्षसँगको करारबाट तय गरी कर तिर्ने वातावरण हुनुपर्दछ, त्यसमा बेञ्चबाट सहयोग हुनुपर्दछ । सम्बन्धित ऐन, कानूनमा सुधार गरी शुल्क पारदर्शी

बनाउनु पर्दछ । कानून व्यवसायीको पनि सम्पत्ति विवरण र त्यसको स्रोतको औचित्य कानूनले पुष्टि गर्ने व्यवस्था हुनु पर्दछ ।

- जनशक्तिको क्षमता अभिवृद्धि जरुरी छ । कर्मचारीको छनौटमा पनि सुधार गरिनु पर्दछ । तालीम दिइनु पर्दछ । न्यायिक कर्मचारीलाई पनि सुविधा बढाउनु पर्दछ । अन्यथा कर्मचारीले पक्षलाई सेवा दिन तयार हुँदैनन् ।
- सीमित व्यक्तिको बदमासीले समग्र संस्थालाई बदनाम गराएको छ ।
- फैसला कार्यान्वयनको अनुगमन गर्ने निकाय छैन ।
- न्यायाधीशले पनि सिर्जनशील (Creative) फैसला गर्नुपर्दछ । वकीलको बहसलाई खण्डन नगरी फैसला गर्ने प्रवृत्तिलाई त्याग्नु पर्दछ, फैसला पनि एउटा अनुसन्धान (Research) नै हो, त्यसैले तर्कसंगत फैसला गर्नु पर्दछ ।
- यातना दिई लिएको बयानलाई आधार लिई फैसला गरिँदा अन्याय भएको छ । यसबाट नेपालको न्यायप्रणालीप्रति नै शंका उत्पन्न भएको छ ।
- अदालतमा कार्यरत तल्लो तहका कर्मचारीबाट सेवाग्राहीप्रतिको व्यवहारमा उचित ध्यान दिइएको छैन । त्यसमा सुधारको खाँचो छ ।

**२. पुनरावेदन अदालत पोखरा र कास्की जिल्ला अदालतका माननीय न्यायाधीशहरू**

- न्यायाधीश आचारसंहितालाई कडाईका साथ लागू गराई स्वतन्त्रता, निष्पक्षता, निष्ठा, सदाचार, सक्षमता र लगनशीलता आदिको पालना गर्नु पर्दछ ।
- भ्रष्टाचार नियन्त्रण गर्न न्याय परिषद्ले निरन्तर अनुसन्धान र अनुगमन गरी भ्रष्टाचार, आचारसंहिता उल्लंघन, ढिलासुस्ती, जनशक्ति व्यवस्थापन तथा परिचालनलगायतका क्षेत्रमा सजग भै ध्यान पुर्‍याउनु पर्दछ ।
- सरकारी कार्यालय, सेना, प्रहरी, स्थानीय निकाय, राजनीतिक दलहरू र सम्वद्ध निकायहरूसँग नियमित रुपमा माथिल्लो स्तरबाट समन्वय र सहयोग लिन र गर्न सक्ने वातावरणको निर्माण गरिनु पर्दछ ।

- न्यायिक कार्यमा न्यायाधीश र कर्मचारीको बराबरी भूमिका रहन्छ, तर कार्यक्षेत्रमा न्यायाधीश विरुद्ध कर्मचारी जस्तो अवस्था सिर्जना भएको छ । त्यसैले न्यायाधीश र कर्मचारीको सेवा, शर्त र सुविधासम्बन्धी व्यवस्थामा एकरुपता कायम गरिनु आवश्यक छ ।
- न्यायाधीशको कार्यक्षमता अभिवृद्धि गर्नु आवश्यक छ, त्यसो गर्दा भावी संघीय न्यायिक संरचनाअनुरुपको कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।
- कानून पत्रिका अद्यावधिक छैनन्, त्यसबाट कार्यक्षेत्रमा बाधा परेको छ । २०६२/०६३ भन्दा पछाडिको कानून पत्रिका उपलब्ध हुन सकेका छैनन् ।
- जनशक्ति र बजेट आवश्यकताअनुसार उपलब्ध हुन सकेको छैन ।
- सुरक्षा खतराको कारणले न्यायिक काम कारवाहीमा प्रत्यक्ष प्रभाव परेको छ, हुल हुज्जत गरी न्यायलाई प्रभाव पार्ने प्रवृत्ति बढेको छ ।
- सर्वोच्च अदालतबाट हालै गरिएको परिपत्रमा मुद्दा फछ्र्यौटका सम्बन्धमा सबै न्यायाधीशलाई एकमुष्ट ध्यानाकर्षण गरिएको छ । कार्य प्रगतिअनुरुप ध्यानाकर्षण गराउनु पर्नेमा त्यसो हुन सकेन । त्यसबाट राम्रो कार्य प्रगति भएका न्यायाधीशलाई पनि कम कार्य प्रगति गर्ने सरह राखिएको अनुभूति भएको छ ।
- मेलमिलाप प्रक्रियालाई प्रभावकारी बनाउन सकिएको छैन, त्यसको सकारात्मक परिणाम आउन सकेको छैन ।
- मिलापत्र केन्द्र निष्क्रिय भएको छ । मेलमिलाप केन्द्रमा एकजना अधिकृतस्तरको कर्मचारी तोक्ने व्यवस्था भएमा प्रभावकारी हुने थियो ।
- न्यायाधीशको नाम बेच्ने प्रवृत्ति कायमै रहेको छ, त्यसले न्यायपालिकाको छविमा नकारात्मक असर परेको छ ।
- विचौलीयाको कारण अदालत वदनाम भएको छ । विचौलीया भनेको संगठित अपराधको एउटा रुप नै बनेको छ, त्यसलाई पहिचान गरी दण्डित गरिनु पर्दछ ।
- कानून व्यवसायीलाई पक्षले कति दस्तूर दिएको हो भन्ने कुरा पारदर्शी बनाउने संयन्त्र निर्माण गरिनु पर्दछ ।

- कम्प्यूटरतर्फको कर्मचारीको दरवन्दी कम छ । सबै काम कम्प्यूटरबाटै हुने हुँदा थप कर्मचारीको व्यवस्था हुनु पर्ने देखिएको छ ।
- कुनै मुद्दामा पत्रकारले पहिले नै फैसला यस्तो हुनु पर्ने भनी घोषणा गर्ने र त्यस विपरीत फैसला भएमा जथाभावी लेख्ने प्रवृत्ति रहेको छ ।
- अभियोगपत्र पेश गर्दा देखाइएका साक्षीहरू उपस्थित नहुने प्रवृत्ति छ । सबैलाई ११५ नं. लगाई बकपत्र गराउनु पर्ने अवस्था छ । त्यसबाट मुद्दा फछ्र्यौट ढिला भएको छ ।
- न्यायाधीशको लागि न्यूनतम् पूर्वाधार छैनन्, पुस्तकालय, च्याम्बर कोठालगायतका भौतिक सुविधा छैनन् । कानूनका अध्यावधिक पुस्तकहरू छैनन् । आधारभूत सुविधाहरू तत्काल उपलब्ध हुनु पर्दछ ।
- नवनियुक्त न्यायाधीशहरूलाई सेवा प्रवेश तालिममा दिइएको आश्वासन हालसम्म कार्यान्वयन भएको छैन ।
- अदालतमा स्थायी कम्प्यूटर प्राविधिक भएमा तत्कालका समस्या समाधान हुन सक्दछन् ।
- न्यायिक काम कारवाहीको नियमित रुपमा अनुगमन गर्ने प्रणाली हुनु पर्दछ, राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने गरी दण्ड र पुरष्कारको व्यवस्था व्यवहारमा लागू हुनु पर्दछ । हल्ला गरेको भरमा धारणा बनाई कारवाही गर्ने हो भने सेवागत सुरक्षाको अनुभूति हुन सक्दैन ।
- जनशक्ति व्यवस्थापनलाई कडाईका साथ लागू नगरे योजनाको लक्ष्यअनुसार काम गर्न सकिँदैन ।
- आवश्यकता पहिचान गरी स्रोतको उचित परिचालन आवश्यक छ, नचाहिने ठाउँमा बजेट दिने, चाहिने ठाउँमा माग्दा पनि नदिने प्रवृत्ति रहेको अवस्था छ ।
- प्रहरीले वास्तविक अपराधी पक्राउ नगरी बनावटी मानिस ल्याउँदछन्, त्यस्तो अवस्थाको अन्त्य गरी अपराध अनुसन्धानलाई प्रभावकारी बनाइनु पर्दछ ।
- करार सेवामा लिएका कर्मचारीलाई काम लगाउन गाह्रो छ ।
- गोष्ठी लगायतका कार्यक्रमहरूमा भाग लिन पठाउँदा सबैले अवसर पाउने गरी गरिनु पर्दछ, नेतृत्वको नजिक रहेको मानिसले मात्रै अवसर पाउने वातावरणको अन्त्य हुनु पर्दछ ।

- कानून व्यवसायीले मुद्दा ठेक्का लिने प्रवृत्तिले गर्दा त्यसबाट न्यायाधीश बद्नाम हुने स्थिति पनि यदाकदा रहेको छ ।

**३. पुनरावेदन अदालत पोखरा र कास्की जिल्ला अदालतका सेवाग्राहीहरू**

- अदालतको काम छिटो छरितो भएको छैन । न्यायिक कार्यविधि ज्यादै जटिल र लामो भएकाले त्यसमा परिमार्जन आवश्यक छ ।
- निश्चित अवधिभित्र मुद्दा फैसला हुने व्यवस्थाको पालना हुनु पर्दछ ।
- राम्रो कानून नहुँदा पक्षलाई दोहोरो मार परेको छ ।
- अदालतका कर्मचारीले पैसा माग्दैनन् । बरु बाहिरी मान्छेले पैसा नभै मुद्दा जितिँदैन भन्दछन् ।
- सार्वजनिक जग्गाहरू खाने गिरोह सक्रिय छ, त्यसैले सार्वजनिक जग्गा संलग्न मुद्दामा अदालत संवेदनशील हुनु पर्दछ ।
- जिल्ला र पुनरावेदन अदालतबाट सार्वजनिक कायम भएका जग्गाहरू सर्वोच्च अदालतबाट उल्टिएर निजी कायम भएको छ । त्यसतर्फ पनि विचार पुऱ्याइनु पर्दछ ।

**४. मानव अधिकारकर्मी, पत्रकार तथा नागरिक समाज**

- सम्बन्धित निकायबाट खराव काम गर्नेलाई कारवाही नभएपछि पत्रिकाले लेख्नु पर्ने अवस्था आउँछ ।
- समयको प्रवाहअनुरुप न्यायपालिकाले आफ्नो कार्यशैलीमा परिवर्तन गर्नु जरुरी छ ।
- आफ्नो अनुकूल नभएसम्म पेशी सार्ने प्रवृत्ति छ भन्ने जनगुनासो छ ।
- मुद्दाको कारवाही किन ढिलो भैरहेको छ भन्ने कुराको उपयुक्त कारण पक्षलाई जानकारी गराईंदैन ।
- न्यायपालिकाको अवमूल्यन गर्ने प्रवृत्ति बढेको छ, त्यसलाई कम गर्न माथिल्लो तहबाटै प्रयास हुनु पर्दछ ।
- सर्वोच्च अदालत प्रशासनले छिटो छरितो न्यायका लागि अहिलेसम्म के गरेको छ भन्ने कुरा जनमानससम्म पुऱ्याउनु पर्दछ ।
- न्याय परिषद्बाट भएका नियुक्तिहरूमा पनि चलखेल भएको सुनिएको छ । त्यसको सुनुवाई हुनु पऱ्यो ।

- न्यायपालिकाले स्वतन्त्र छवि देखाउन नसकेर नै संसदको मातहतमा लगेर सुनुवाई गर्ने गरिएको त होइन ? त्यसतर्फ न्यायिक नेतृत्वले गम्भीरतापूर्वक विचार गर्नु पर्दछ ।
- कानून व्यवसायी आफैं धामी र झाँक्री भएका छन्, त्यसको निगरानी गर्ने संयन्त्र क्रियाशील हुनु जरुरी छ ।
- सर्वोच्च अदालत बार एशोसिएशनले तयार परेको प्रतिवेदन लागू गरिनु पर्दछ ।
- फैसला कार्यान्वयनमा संस्थागत जिम्मेवारी छैन । त्यसबाट जनताले अदालतप्रतिको जनविश्वास गुमाउँदै गएका छन् ।
- राजनीतिक प्रतिशोधका आधारमा मुद्दा लगाउने प्रवृत्ति छ, त्यसैले राजनीतिक दवाबबाट मुक्त भई काम गर्ने परिपाटी बसाल्नु पर्दछ ।
- अनुसन्धानमा अत्याधुनिक प्रविधि अपनाउनु पर्दछ ।
- व्यवहारबाटै विकृतिविहीन न्याय प्रणाली देखाउन सक्नु पर्दछ, अनियमितता गर्नेलाई मात्रै होइन, प्रलोभन देखाउनेलाई पनि कारवाहीको दायरामा ल्याउनु पर्दछ । न्यायप्रणाली भ्रष्टाचारमुक्त हुनु पर्दछ ।
- सामाजिक न्याय प्रदान गर्ने गरी अदालतले काम गर्ने परीपाटी हुनु पर्दछ ।
- संरचनागत कमजोरी, राजनीतिक प्रभाव, स्वच्छन्दता र भ्रष्टाचार जस्ता कुराहरूले अदालतलाई बदनाम बनाएको छ ।
- विकृतिका कारणहरूलाई केलाएर त्यसको निराकणतर्फ लाग्नु पर्दछ ।
- अदालती प्रक्रिया जटिल छ, सरलीकरण गरी पहुँचयोग्य बनाउनु पर्दछ । न्यायमा गरीव र असहायको समेत सहज पहुँच सुनिश्चित गरिनु पर्दछ ।
- न्यायाधीशको नियुक्ति सँगसँगै सम्पत्ति सार्वजनिक गर्ने व्यवस्था हुनु पर्दछ । खान पुग्ने सेवासुविधा पनि दिनु पर्दछ ।
- न्यायाधीशहरूले नैतिकता र स्वच्छ आचरण देखाउनु पर्दछ, मादक पदार्थ सेवन गरेर अदालत जाने न्यायाधीशलाई समेत कारवाही नगरिँदा त्यसले नकारात्मक सन्देश प्रवाह हुन जान्छ ।
- कैदी पूर्जी र फैसलाको जानकारी समयमै कारागारमा पुग्दैन । त्यसले गर्दा पनि समस्या भएको छ ।

- राष्ट्रिय महत्त्वको विवादमा सर्वोच्च अदालतले छिटो फैसला गरेर देशलाई निकास दिनु पर्दछ । मरेपछि औषधि दिएर नभए जस्तै ढिलो फैसला गर्नाले निरर्थक भएको छ ।
- न्यायाधीशमा नियुक्ति हुने व्यक्तिको योग्यता, सक्षमता र निष्ठाको पहिचान नगरी नियुक्ति गरिएको छ ।
- पहुँच र प्रलोभनको आधारमा अभियोग प्रभावित गर्ने गरिन्छ ।

**५. क्षेत्रीय प्रशासक, अर्धन्यायिक निकायका पदाधिकारी तथा सरकारी वकीलहरू**

- दण्डहीनताको कारणले गर्दा नै विकृति जन्मिएको हो ।
- राम्रा मानिसलाई राखी विकृति कम गर्न सकिन्छ । न्यायिक विकृत्तिउपर पनि नियमन र नियन्त्रणको दरिलो संयन्त्र आवश्यक छ, त्यस्तो संयन्त्र सर्वस्वीकार्य र अन्तर्राष्ट्रिय मापदण्डअनुरुपको हुनु पर्दछ । त्यस्तो नियमन गर्ने निकायमा राजनीतिक नियन्त्रण रहनु हुँदैन ।
- अहिलेको संसदीय नियन्त्रणले न्यायपालिकाको स्वतन्त्रतालाई क्षतविक्षत पार्दछ । राजनीतिक मनोवृत्ति खराव भएको अवस्थामा न्यायिक विकृति नियन्त्रण गर्ने निकाय राजनीतिक नियन्त्रणमा राख्ने हो भने हामी न्यायिक स्वतन्त्रताको कल्पना पनि गर्न सक्दैनौं ।
- पत्र पत्रिकामा प्रचारवाजी भएअनुरुप मिसिलमा तथ्य हुँदैनन् ।
- जाहेरी पर्ने वर्तमान परिवेश यथार्थमा आधारित छैन । राजनीतिक प्रतिशोधका कारणले जाहेरी दिने चलन छ ।
- अनुसन्धानको जिम्मेवारी प्रहरीमा रहेको छ । अनुसन्धान अधिकारीले सरकारी वकीलले दिएको निर्देशन पालना नगरे त्यसउपर कारवाही गर्ने कुनै संयन्त्र छैन ।
- अपराध अनुसन्धानमा सबैको सहयोग अपरिहार्य हुन्छ, तर त्यस्तो सहयोग दिने प्रवृत्ति नै छैन । जाहेरवाला स्वयंलाई आर्थिक प्रलोभनमा पार्ने प्रवृत्ति छ । त्यस्तो अवस्थामा प्रतिकूल (Hostile) हुने प्रवृत्तिलाई रोक्न सकिँदैन ।
- सरकारी वकीलले प्रहरीबाट पर्याप्त सहयोग पाउने अवस्था छैन ।
- अदालतमा पनि प्रतिकूल (Hostile) साक्षीलाई सरकारी वकीललाई जानकारी नै नदिई बकपत्र गराइन्छ ।

- सरकारी गवाहलाई अदालतसमक्ष आई वकपत्र गर्ने सुरक्षित वातावरण छैन । त्यसैले साक्षीको सुरक्षाको संस्थागत व्यवस्था हुनु पर्दछ ।
- सरकारी कर्मचारीप्रति नागरिकको सकारात्मक धारणा छैन ।
- कार्यक्षमता नभएका न्यायाधीशलाई कारवाही भएको छैन ।
- वन मुद्दामा अनुसन्धान गर्ने जनशक्तिको क्षमता विकासका कुनै कार्यक्रम छैनन् ।
- भीडबाट प्रभावित भई अनुसन्धान गर्ने प्रवृत्ति छ । फलस्वरुप मुद्दा कमजोर बन्दछ ।
- राज्यका सबै अंगले आफूलाई विकृतिविहीन बनाउन सक्नु पर्दछ ।
- कानूनको ज्ञान भएको मानिस अनुसन्धानमा जाँदैनन् । जुन प्रहरी उपलब्ध छ, उसैबाट अनुसन्धान गराउने प्रवृत्ति छ ।
- न्यायाधीशको रोहवरमा वकपत्र वा साक्षी परीक्षण र बयान हुन सकेको छैन ।
- कार्यविधि, हदम्याद र म्यादसम्बन्धी विद्यमान कानूनमा सुधार हुनु पर्दछ ।
- न्यायाधीशको नियुक्ति, सरुवा र वढुवामा नै संरक्षणवाद, नातावाद र परिवारवाद हावी भएको छ, त्यसमा सुधार हुनु पर्दछ ।
- फैसला कार्यान्वयनमा प्रभावकारिता छैन ।
- अर्धन्यायिक निकायमा कानूनको ज्ञान प्राप्त कर्मचारी छैनन् । काम जानेको कर्मचारी तुरुन्तै सरुवा गर्ने गरिएकोले समस्या भएको छ । त्यसैले अर्धन्यायिक निकायका लागि समेत न्याय सेवाकै कर्मचारी आपूर्ति हुने व्यवस्था हुनु पर्दछ, त्यसको विकल्पमा कार्यरत् कर्मचारीहरूलाई उपयुक्त तालिमको व्यवस्था गर्नु  पर्दछ ।
- कर्मचारीहरूको तलव सुविधाको कारणले पनि अनियमिता बढेको हो । न्यूनतम वेतनको प्रत्याभूति नभएसम्म कर्मचारीले लोभ लालच छोड्दैनन् । त्यसैबाट विकृति र अनियमितता जन्मिएको छ ।
- मुद्दाको प्रकृति र विषय हेरेर इजलास तोकिने व्यवस्था हुनु पर्दछ ।
- अदालतको फैसलाअनुसार कार्यान्वयन गर्दा पनि अख्तियारले सोधपुछ गरी हैरानी दिने र निर्देशन दिने गरेको छ ।
- मानव अधिकारवादीहरूको अनावश्यक दवाव छ ।

- सानातिना विवादहरू समाधान गर्न स्थानीय अदालतहरू स्थापना गर्नु जरुरी छ ।
- आफ्नै निर्णय कार्यान्वयन भए नभएको जाँच्ने प्रणाली हुनु पर्दछ ।
- स्थानीय निकाय पदाधिकारीविहीन भएकाले पनि समस्या देखिएको छ ।
- स्थानीय तहमा पनि केन्द्रकै जस्तो न्यायिक, प्रशासनिक र व्यवस्थापकीय अंगहरू हुनुपर्दछ ।
- स्थानीय निकायमा न्यायिक अंगको खाँचो छ, त्यसैले विकेन्द्रीत न्यायप्रणालीको आवश्यकता देखिएको छ ।
- सबै अंगको समन्वयको लागि नियमित रुपमा वैठक बस्ने परिपाटी कायम गरिनु पर्दछ ।
- असहाय पक्षलाई न्यायको अनुभूति/प्रत्याभूति हुन सकेको छैन । रणनीतिक योजनाको पुनरावलोकन गरी थप उपाय थप्नु पर्दछ ।
- मेलमिलाप प्रणालीलाई कानूनद्वारा नै विशेष जोड दिनु पर्दछ ।

**६. क्षेत्रीय, अञ्चल तथा जिल्ला प्रहरी कार्यालयका पदाधिकारीहरू**

- अपवादबाहेक अपराध अनुसन्धानका क्रममा शारीरिक यातना दिई प्रहरीले साविती गराउँदैन ।
- प्रहरीमा वास्तविक कुरा स्वीकार गरे पनि सरकारी वकील कहाँ पुगेपछि आफ्नो भनाई परिवर्तन गर्ने प्रवृत्तिले गर्दा समस्या देखिएको हो ।
- साक्षी वा अभियुक्तले सत्य बोले नबोलेको उपकरणबाट जाँच गर्ने प्रविधि आइसकेको छ । त्यसको अनुशरण विस्तारै गर्न सकिएला ।
- कुटपीट गरेको भनी व्यक्तिगत रुपमा मुद्दा दिनाले काम कारवाही र अनुसन्धान गर्ने कार्यमै असर परेको छ ।
- डाक्टरले अधिकार दुरुपयोग गरेर पनि अभियुक्तको शारीरिक जाँच प्रतिवेदन बनाई दिन सक्ने सम्भावना रहन्छ । त्यसको नियन्त्रण गर्न सकिएको छैन ।
- सरकारी मुद्दामा वादीका साक्षीहरू आर्थिक प्रलोभनमा परेर साक्षी गवाहको संरक्षण नभएर, प्रोत्साहन नभएर पनि प्रतिकूल (Hostile) हुने गरेको यथार्थ हो ।
- तारेख व्यवस्थाले पक्षलाई हैरानी भएको छ । यसको विकल्प सोच्नु पर्दछ ।
- अन्तर्निकायगत समन्वय र अन्तर्क्रिया हुनु जरुरी छ ।

- जीउ मास्ने वेच्ने मुद्दामा जस्तै गम्भीर प्रकृतिका मुद्दामा पनि पीडितको तत्काल बयान प्रमाणित गर्ने कानूनी व्यवस्था गरिएमा पछि प्रतिकूल हुने प्रवृत्ति समाप्त हुन्छ ।
- अदालतको बयान औपचारिकतामा आधारित छ । सरकारी वकील समक्ष भएको बयानलाई तत्काल अदालतले प्रमाणित गर्ने कानूनी व्यवस्था हुनु पर्दछ ।

**७. पोखरा स्थित विभिन्न अदालतहरूमा कार्यरत अधिकृत तथा संघ संगठनमा आबद्ध कर्मचारीहरू**

- कर्मचारीमा जनताका सेवक हौं भन्ने भावना जागृत गराउन आवश्यक छ ।
- वकपत्रको कार्यलाई कानून व्यवसायीहरूले अनावश्यक रुपमा लम्ब्याउने गरेको हुँदा त्यसमा कानून व्यवसायीहरू नै जिम्मेवार हुनु जरुरी छ ।
- बदमासलाई कारवाही नहुने र इमान्दारको कदर नभएको कारणले कर्मचारी वर्गमा नैराश्यता छाएको छ ।
- अदालतका कर्मचारी कुन हैसियतमा बसेका छन् भनेर हेरेपछि मात्र लाञ्छना लगाउनु उपयुक्त हुन्छ ।
- न्यायिक कोष ऐन लागू गर्नु पर्दछ ।
- कर्मचारीको वृत्ति विकासमा अवरोध आएको छ, त्यसले पनि नैराश्यता छाएको छ ।
- न्यायाधीशमा बढी संख्यामा बाहिरबाट प्रवेश गराउँदा सेवाभित्रका कर्मचारीहरू एउटै पदबाट अवकास हुने अवस्था आएको छ । त्यसतर्फ न्यायिक नेतृत्वले ध्यान दिनु जरुरी छ ।
- कानून व्यवसायी र विचौलीयाको कारणले पनि अदालत बदनाम हुन पुगेको छ । वकीलले पक्षसँग मुद्दा जिताई दिन्छु भनेर पैसा असूल गर्ने र आफ्नो पक्षमा फैसला नभए न्यायाधीश र कर्मचारीलाई दोष दिने गर्दछन् । त्यसैले न्यायपालिकालाई मात्र दोष दिएर हुँदैन । अरु निकायले पनि आफ्नो विकृति सुधार गर्नु जरुरी छ ।
- वारेसहरूले कर्मचारीको नाम लिएर पक्षसँग पैसा असुल्ने गर्दछन् ।
- राज्य व्यवस्थाले नै न्याय सेवालाई विभेद गरेको छ, कर्मचारीका कुण्ठा र अभावलाई सम्बोधन नगरेसम्म समस्या रही रहन्छ । सेवाभित्र पनि वर्गीय विभेद छ । तल्लो तहका कर्मचारीलाई मानवोचित सुविधा र व्यवहार छैन ।

- अदालतका योजनाहरू माथिबाट लादिएका हुन्छन्, त्यसका बारेमा तल्लो तहका कर्मचारीलाई जानकारी नै हुँदैन । त्यस्तो अवस्थामा योजनाअनुसारको काम सम्भव हुँदैन ।
- कर्मचारीले मात्र होइन, न्यायाधीशले पनि समय पालना गर्नु पर्दछ ।
- न्यायाधीश आचारसंहिताको पूर्णपालना हुनुपर्ने आवश्यकता छ ।
- अनावश्यक रुपमा पेशी स्थगित गर्ने परिपाटी छ ।

**२.२ कार्यदलसमक्ष लिखित रुपमा प्राप्त भएका सुझावहरू**

कार्यदलले मिति २०६६।९।५ को गोरखापत्रमा सूचना प्रकाशित गरी सुझाव आह्वान गरे अनुरुप विभिन्न निकाय, संस्था तथा व्यक्तिहरूबाट लिखित रुपमा सुझाव प्राप्त हुन आएको छ । त्यसरी प्राप्त भएका सुझावहरूलाई देहायमा छुट्टा छुट्टै बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

**२.२.१ पुनरावेदन अदालत जनकपुरका कर्मचारीहरू**

- निजामती कर्मचारीहरूको तलव भत्ता समयानुकूल वृद्धि गरिनु पर्दछ ।
- १२० दिनभन्दा वढी घर बिदा सञ्चित हुने कर्मचारीलाई बिदावापतको रकम भुक्तानी दिनु पर्दछ ।
- कर्मचारीहरूलाई लुगा भत्ताको व्यवस्था हुनु पर्दछ ।
- कर्मचारीहरूलाई सुरक्षित आवास वा घरभाडाको व्यवस्था हुनु पर्दछ ।
- न्याय सेवाका अधिकृतको योग्यता वी.ए., वी.एल. हुने हुँदा उनीहरूका लागि प्रशासन सेवाका अधिकृतको भन्दा बढी तलव सुविधा उपलब्ध हुनु पर्दछ ।
- अदालतहरूमा अतिरिक्त समय काम गरेवापतको भत्ता दिने व्यवस्था हुनु पर्दछ ।
- कर्मचारीहरूलाई पुरस्कृत गर्ने अधिकार कार्यालय प्रमुखलाई दिइनु पर्दछ ।
- कर्मचारीहरूलाई तालिम दिँदा जिम्मेवारीअनुसारको काम सम्पन्न गर्नसक्ने किसिमले दिनु पर्दछ ।
- न्यायाधीश र कर्मचारीको सम्वन्ध सुमधुर हुनु पर्दछ ।
- टाइपिष्ट दरवन्दीलाई कम्प्यूटर अपरेटरमा परिणत गरिनु पर्दछ ।

### २.२.२ माननीय न्यायाधीश श्री मिहिर ठाकुर, पुनरावेदन अदालत जनकपुर

- प्रत्येक न्यायाधीश, कर्मचारीको कार्यसम्पादन विवरण र सम्पत्ति विवरण सार्वजनिक गर्नु पर्दछ ।
- अदालतबाट दैनिक कजलिष्टअनुसार भएको फैसला र आदेशको विवरण सोही दिन सार्वजनिक गर्ने परिपाटी बसाल्नु पर्दछ ।
- पुनरावेदन अदालतबाट भएका फैसला त्रैमासिक रुपमा र जिल्ला अदालतबाट भएको फैसला अर्ध-वार्षिक रुपमा प्रकाशित गर्ने व्यवस्था मिलाइनु पर्दछ ।
- प्रत्येक अदालतको आय र व्यय विवरण मासिक वा त्रैमासिक रुपमा सार्वजनिक गर्नु पर्दछ ।
- न्यायाधीश र कर्मचारीको आचरणसम्वन्धी विवरण गोप्य राख्ने परम्परा हटाई सम्वन्धित व्यक्तिलाई दिने वा देखाउने प्रणाली बसाल्नु पर्दछ ।
- पुरष्कार र दण्डको व्यवस्था प्रभावकारी बनाइनु पर्दछ र त्यसलाई पारदर्शी गराइनु पर्दछ ।
- सूचना प्रविधि प्रणालीको अधिकतम् प्रयोग, कानून पत्रिकाको क्षेत्रीय स्तरमा प्रकाशन, सञ्चार माध्यमको नियमित प्रयोग, अनुगमन र सुपरिवेक्षणको प्रभावकारी संयन्त्र पारदर्शिता कायम गर्ने माध्यम र तरीका हुन्, त्यसैले त्यसतर्फ सार्थक प्रयास हुनु पर्दछ ।

### २.२.३ अधिवक्ता श्री इन्द्रनारायण ललन

- ढिलासुस्ती, असक्षम न्यायकर्ता, फैसला कार्यान्वयमा बाहिरी हस्तक्षेप र प्रभाव, न्यायालयभित्र विचौलीयाको गहिरो पहुँच, कानून व्यवसायी आचारसंहिताको पालना नहुनु जस्ता कुराहरूले न्यायपालिकामाथि विकृति बढेको देखिएको हो ।
- अदालतको अपहेलनालाई हतियार बनाई न्यायमूर्ति र कर्मचारीले विकृति बढाएका छन् । अदालती अवहेलनाको परिभाषा स्पष्ट गरिनु पर्दछ ।
- नियुक्ति, सरुवा, वढुवामा पारदर्शिता हुनु पर्दछ ।
- राज्यका सबै क्षेत्र विकृत रहेको अवस्थामा न्यायालयलाई मात्रै विकृतिविहीन बनाउन सजिलो हुँदैन ।
- न्यायालयका न्यायाधीश र अन्य कर्मचारीहरूको तलव सुविधा सार्क राष्ट्रहरूको तुलनामा तय गरिनु पर्दछ ।

### २.२.४ पुनरावेदन अदालत नेपालगञ्जका अधिकृत तथा कर्मचारीहरू

- कर्मचारीको पदस्थापन गर्दा सही मानिस सही ठाउँ (Right man in Right Place) को मापदण्ड अपनाई  गर्नु पर्दछ ।
- कर्मचारी वृत्ति विकासको लागि सेवाकालीन तालिम, वैदेशिक भ्रमण, सेमिनार, गोष्ठी, उच्च अध्ययनलाई न्यायोचित र पारदर्शी हिसावले व्यवस्थापन गर्नु पर्दछ ।
- न्यायपालिकाका कर्मचारीहरूका लागि सेवा शर्तसम्वन्धी छुट्टै ऐन बनाई लागू गरिनु पर्दछ ।
- तामेलदार पद रिक्त भएमा खारेज नहुने व्यवस्था मिलाइनु पर्दछ ।
- जिल्ला न्यायाधीश नियुक्तिमा सेवा बाहिरबाट प्रतिस्पर्धा गराउँदा कानून व्यवसायी मात्र नभई अदालतका अधिकृतहरूले पनि प्रतिस्पर्धा गर्न पाउने व्यवस्था गरिनु पर्दछ ।
- निजामती सेवा ऐनको दफा २४घ१. अनुसार वढुवा भएका कर्मचारीहरूको समायोजन गरिनु पर्दछ ।
- प्रवेश परीक्षामा नाम निकाल्ने सबै तहका कर्मचारीलाई अध्ययनको अवसर दिनुपर्दछ ।
- विकेन्द्रित न्यायप्रणालीलाई बढावा दिनुपर्दछ र सर्वोच्च अदालतको इजलास नेपालगञ्जमा समेत स्थापना गरिनु पर्दछ ।
- देवानी र फौजदारी संहिताहरू जतिसक्दो चाँडो तर्जुमा गरी लागू गर्नु पर्दछ ।
- कर्मचारीहरूका लागि कार्यालय आउन र फर्कनका लागि सवारी साधनको व्यवस्था गरिनु पर्दछ ।
- अभिलेखलाई व्यवस्थित गर्न कम्प्यूटराइज्ड र माइक्रो फिल्म सिष्टम लागू गर्नुपर्दछ ।
- न्यायिक सुरक्षाको भरपर्दो व्यवस्था गरिनु पर्दछ ।
- इ-न्यायपालिका (E-judiciary) को अवधारणालाई आत्मसात् गरी सबै अदालतहरूलाई सूचना सञ्जालसँग आवद्ध गराउनु पर्दछ ।
- न्यायाधीश, अदालतका कर्मचारी, कानून व्यवसायी र न्यायका उपभोक्ताहरू बीच सुमधुर सम्वन्धको वातावरण कायम गर्नु पर्दछ ।
- गरीवीका कारण कैदमा बस्नु पर्ने विद्यमान कानूनी व्यवस्थामा सुधार गरिनु पर्दछ ।

- फैसला कार्यान्वयनलाई प्राथमिकता दिनु पर्दछ र त्यसका लागि फैसला कार्यान्वयन निर्देशनालयलाई सक्रिय बनाउनु पर्दछ ।

**२.२.५ महान्यायाधिवक्ताको कार्यालयबाट प्राप्त लिखित सुझावहरू**

- न्यायलाई प्रभावकारी बनाउनको लागि अदालत, महान्यायाधिवक्ताको कार्यालय लगायतका सबै साझेदारहरूको समान रुपमा क्षमता विकास गर्नु पर्दछ ।
- जवरजस्ती करणीलगायतका मुद्दामा ३५ दिनको हदम्याद अत्यन्त न्यून भएकोले यस सम्वन्धी व्यवस्थालाई समयानुकूल बनाउनु पर्दछ ।
- अदालतले सकभर फैसला गरेकै दिन फैसला दिने व्यवस्था गरिनु पर्दछ । फैसलाको नक्कलसहितको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनु पर्दछ ।
- साक्षी उपस्थित नभएको, भएर पनि बकपत्र नगरेको वा प्रतिकूल बकपत्र गरेका साक्षीहरूलाई सरकारको तर्फबाट सुरक्षाको प्रत्याभूति दिलाउन नसकिएको र साक्षीलाई दिने सुविधा कागजमा मात्र सीमित भएकोले अधिकांश फौजदारी मुद्दाहरू असफल भएको हुँदा त्यसतर्फ गम्भीरतापूर्वक विचार पुऱ्याइनु पर्दछ ।
- पीडितको सुरक्षा र संरक्षणलाई पर्याप्त ध्यान दिनु पर्दछ ।
- अदालतबाट समयमै आदेशको प्रतिलिपि उपलव्ध हुनु पर्दछ ।
- मुद्दा पेश गरेकै दिन सरकारी साक्षीको वकपत्र हुने व्यवस्था भएमा प्रतिकूल (Hostile) हुने सम्भावना कम रहन्छ ।
- गम्भीर प्रकृतिका सरकारवादी फौजदारी मुद्दामा निरन्तर सुनुवाई (Conitinious Hearing) को व्यवस्था भएमा सरकारवादी मुद्दामा सफलता मिल्ने सम्भावना बढ्छ ।

**२.२.६ नेपाल निजामती कर्मचारी संगठन, सर्वोच्च अदालत**

- न्यायाधीश र कर्मचारीको सम्बन्ध सुधारको लागि संयन्त्र र प्रणालीको विकास गरिनु पर्दछ ।
- संवैधानिक अङ्गका रुपमा रहेको न्याय परिषद्लाई सक्षम, प्रभावकारी र अधिकारसम्पन्न बनाउने तर्फ आवश्यक ध्यान पुऱ्याइनु पर्दछ ।
- न्यायाधीश र कर्मचारीलाई एकिकृत आवास गृहको व्यवस्था गरिनु पर्दछ ।
- न्यायिक भत्ता र न्यायपालिकाका कर्मचारीको लागि छुट्टै ऐनको व्यवस्था गरिनु पर्दछ ।

- मुद्दा व्यवस्थापनलाई समयसारिणी (क्यालेण्डर) प्रणालीमा लैजानु पर्दछ ।
- अदालत सुधारसम्वन्धी समितिहरूमा आधिकारीक रुपमा कर्मचारी संगठनको समेत प्रतिनिधित्व गराइनु पर्दछ ।
- रणनीतिक योजना, प्रेस व्यवस्थापन, आइटी शाखा, कर्मचारीको करार नियुक्ति, हेल्प डेस्क, सिसिटीभी र इलेक्ट्रोनिक हाजिरी र मुद्दा व्यवस्थापनलाई प्रभावकारी बनाइनु पर्दछ ।

**२.२.७ राष्ट्रिय स्वतन्त्र कर्मचारी मिलन केन्द्र, सर्वोच्च अदालत**

- कामको चापअनुसार कर्मचारी दरवन्दी र न्यायिक भत्ता हुनु पर्दछ ।
- सेवा करारमा लिएका कर्मचारीलाई स्थायी सरह सुविधा दिइनु पर्दछ ।
- सबै कर्मचारीलाई सेवा प्रवेश तालिम दिनु पर्दछ ।
- हट लाइनमा आएका उजूरीहरूका सम्वन्धमा कारवाहीको जानकारी सूचना पाटीमा अनिवार्य रुपमा टाँस गर्नु पर्दछ ।
- सेवाग्राहीलाई उसको काम कति समयमा सकिन्छ भनेर जानकारी दिनु पर्दछ र उनीहरूको काम समयमा भएको छ, छैन भनी निरीक्षण भैरहनु पर्दछ ।

**२.३ न्यायाधीश तथा कर्मचारीउपर परेका उजूरी र सो सम्बन्धमा भएका कारवाहीसम्बन्धी विवरणहरू**

यस कार्यदललाई विकृतिविहीन न्यायपालिकाका सम्बन्धमा अध्ययन गर्ने मुख्य कार्यादेश रहेको र न्याय परिषद्, न्याय सेवा आयोग, कानून व्यवसायी परिषद् लगायतका संयन्त्रहरू प्रभावकारी हुन नसकेको भन्ने सबैतिरबाट आवाज उठेको सन्दर्भमा ती निकायहरूबाट सम्पादन भएका काम कारवाहीहरूका बारेमा समेत जानकारी लिनु पर्ने आवश्यकतावोध गरी कार्यदले ती निकायहरूमा परेको उजूरीहरू र त्यसमा भएका कारवाहीको विवरण समेत माग गरी अध्ययन गरेको थियो । त्यस्ता उजूरीहरूको प्रकृति, त्यसका आधारमा कारवाही भएको विवरण र कारवाहीको प्रकृति समेतलाई देहायमा संक्षेपमा प्रस्तुत गरिएको छ :

**२.३.१ न्याय परिषद्मा न्यायाधीश उपर परेका उजूरीको प्रकृति**

- आर्थिक एवं व्यक्तिगत प्रभावमा परी नजीर एवं कानूनको उल्लंघन गरी फैसला गरेको ।
- न्यायाधीशको व्यवहारबाट आफूलाई हराउने निश्चित भएकोले इजलास सारी पाऊँ ।

- बाल न्यायाधीश जस्तो देखिनाले न्याय गर्न नसक्ने ।
- आदेशलाई पुनः केरमेट गरी जग्गा रोक्का राखेको ।
- मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को माग दावीमा भवितव्य ठहर गरेको ।
- यातायात व्यवसायीसँग निःशुल्क टिकट मागी घर आउने जाने गरेको ।
- विभिन्न कार्यालयसँग इन्धन माग्ने गरेको ।
- पदीय मर्यादाअनुरुप आवास नलिएको, कानून व्यवसायीसँग साँठगाँठ गरी मुद्दामा प्रभाव पार्ने गरेको ।
- अरुलाई उचित व्यवहार नगरेको ।
- राजनीतिक पूर्वाग्रहबाट काम गरेको ।
- मन्त्रीको सल्लाहाकारको रुपमा काम गरेको ।
- अंश पाउँ भन्ने मुद्दा डिसमीस गरेको ।
- सवारी साधनको सुविधा लिई हिडेर आउने जाने गरेको ।
- कानूनबमोजिम कर नतिरेको, वेरुजु फछ्र्यौट नगरेको ।
- मुद्दाका विपक्षीहरूको भोज भतेरमा सामेल भएको ।
- सेवाग्राहीसँग अशोभनीय सम्पर्क राख्ने गरेको ।

**२.३.२ न्याय परिषद्बाट कारवाही भएका न्यायाधीशहरूको संख्या र कारवाहीको प्रकृति**

न्याय परिषद्समक्ष परेका उजूरीका आधारमा भएको कारवाहीका सम्बन्धमा परिषद्बाट देहायबमोजिमको विवरण प्राप्त हुन आएको छ :

- **छानवीनपछि कारवाहीमा परी पद मुक्त भएका न्यायाधीशको संख्या-** ६
- **छानवीनकै क्रममा राजीनामा दिई पदमुक्त भएका न्यायाधीशहरूको संख्या-** ५
    - सर्वोच्च अदालतका न्यायाधीश- २
    - जिल्ला अदालतका न्यायाधीश- ३
- **सचेत गराइएका न्यायाधीशहरूको संख्या-** ६ (सबै जिल्ला न्यायाधीश)
- **भ्रष्टाचारमा मुद्दा चलाइएका न्यायाधीशको संख्या- १** (जिल्ला न्यायाधीश)

- **स्थायी नगरिएको कारणबाट पदमुक्त भएका न्यायाधीशको संख्या-** १ (सर्वोच्च अदालतका न्यायाधीश)

**२.३.३ सर्वोच्च अदालत आन्तरिक तथा जिल्ला प्रशासन शाखाबाट उपलब्ध गराइएको सीडी प्रकरणका दोषी कर्मचारीहरूलाई भएको कारवाहीको विवरण र प्रकृति**

तत्कालीन प्रधान न्यायाधीशसमेतलाई मुछेर मुद्दाका पक्षसँग अदालतका कर्मचारीले गरेको टेलिफोन सम्बादको विवरण सञ्चार माध्यमबाट सार्वजनिक भएपछि सर्वोच्च अदालतबाट तत्कालै छानवीन गरी सम्बन्धित कर्मचारीहरूलाई यथोचित कारवाहीको सिफारिश गरिएको थियो । तदनुरुप सर्वोच्च अदालतबाट कारवाही समेत भएको भनी कार्यदल समक्ष प्राप्त भएको विवरण देहायबमोजिम रहेको छ :

- **चार वर्ष वढुवा रोक्का र विदा स्वीकृत नगरी विभागीय कारवाही गरिएको -** १ जनालाई
- **पाँच वर्ष वढुवा रोक्का र तत्काल "क" वा "ख" वर्गको न्यून कार्यबोझ भएका र जनसम्पर्क र जिम्मेवारी कम हुने अदालतमा सरुवा गरिएको -** ३ जनालाई
- **२ तलव वृद्धि रोक्का र तत्काल "क" वा "ख" वर्गको न्यून कार्यबोझ भएका र जन सम्पर्क र जिम्मेवारी कम हुने अदालतमा सरुवा गरिएको -** ३ जनालाई
- **नसिहत दिइएको -** २ जनालाई
- **पदाधिकार रहेको महान्यायाधिवक्ताको कार्यालयमा कारवाहीका लागि लेखी पठाइएको -** १ जनालाई

**२.३.४ नेपाल कानून व्यवसायी परिषद्मा परेका उजूरीको प्रकृति**

- कानून व्यवसायीले तारेख गुजारी मुद्दा डिसमीस गराएको,
- वारेसनामा कीर्ते गरेको,
- पक्षले दिएको लिफामा तमसुक बनाई सम्पत्ति हडप्ने प्रयास गरेको,
- संघ, संस्थाको रकम हिनामिना गरी मासी खाएको,
- पक्ष विपक्ष दुवैको तर्फबाट मस्यौदा गरी कानून व्यवसाय गरेको,
- व्यहोरा ढाँटी कानून व्यवसायीको प्रमाणपत्र लिएको,
- लागू औषध मुद्दामा सजाय पाएको,

- भ्रष्टाचार मुद्दामा सजाय पाएको व्यक्तिले व्यहोरा लुकाई कानून व्यवसायी प्रमाणपत्र लिएको,
- झूठा प्रमाणपत्र पेश गरी कानून व्यवसायीको प्रमाणपत्र लिएको,
- कीर्ते प्रमाणपत्र पेश गरी कानून व्यवसायी प्रमाणपत्र लिएको,
- अभिवक्ताले अधिवक्ता लेखी कानून व्यवसाय गरेको,
- प्रमाणपत्र नपाएको गैरव्यक्तिले कानून व्यवसाय गरेको,
- सरकारी छाप दस्तखत कीर्तेमा सजाय पाएको,
- गलत दफा प्रयोग गरी पक्षको अहित गरेको,
- एकै ल फर्मका दुई व्यक्तिले एउटै मुद्दाको पक्ष र विपक्षमा कानून व्यवसाय गरेको,
- न्यायाधीशलाई घूस खान सहयोग पुऱ्याएको,
- जालसाजी मुद्दामा सजाय पाएको,
- कीर्तेमा सजाय पाएको,
- कर्मचारीले कार्यालयको स्वीकृति नलिई कानून व्यवसाय गरेको,
- ठगी गरेको,
- आफू लेखक साक्षी भएको लिखत उपर कानून व्यवसाय गरेको,
- अर्को व्यक्तिले लेखेको मस्यौदा प्रमाणित गरेको,
- मुद्दा जिताई दिन्छु भनी पक्षलाई प्रलोभनमा पारी ठगी गरेको,
- पक्षको लिफा विपक्षीलाई दिई आफ्नो पक्षको अहित गरेको,
- पक्षलाई झुक्याएर एउटा मुद्दा भनी अन्य कागजातमा सही गराई आफ्नो पक्षको अहित गरेको,
- पत्रपत्रिकामा आफ्नो पेशाको विज्ञापन गरेको,
- मुद्दा चल्दैको अवस्थामा आफ्नो परिवारको नाममा विवादित जग्गा नामसारी गरी लिएको,
- एउटै मुद्दामा दोहोरो दावी लेखेको,
- विपक्षीको कानून व्यवसायीलाई अभद्र व्यवहार गरेको,
- साइन वोर्डमा आफ्नो पूर्व हैसियत उल्लेख गरेको ।

**२.३.५ कानून व्यवसायी परिषद्बाट हालसम्म भएका कारवाहीको विवरण र प्रकृति**

कानून व्यवसायी परिषद्समक्ष परेका उजूरीका आधारमा भएको कारवाहीका सम्बन्धमा परिषद्बाट देहायबमोजिमको विवरण प्राप्त हुन आएको छ :

- **प्रमाणपत्र रद्द गरिएको -**
    - अधिवक्ता - १ जना
    - अभिवक्ता - ५ जना
    - अभिकर्ता - १ जना
- **प्रमाणपत्र निलम्वन गरिएको -**
    - अधिवक्ता - १ जना
    - अभिवक्ता - २ जना
    - अभिकर्ता - १ जना
- **नसिहत दिइएको -**
    - अधिवक्ता - १२ जना
    - अभिवक्ता - ४ जना
- **सचेत गराइएको -**
    - अधिवक्ता - ८ जना
    - अभिवक्ता - २ जना

## परिच्छेद् - तीन

## संकलित विवरण तथा सुझावहरूको संक्षिप्त विश्लेषण

कार्यदलबाट संकलन गरिएका तथ्याङ्कहरू र न्यायपालिकाका सरोकारवालाहरू तथा सम्वद्ध पक्षहरूसँग गरिएको छलफल एवं अन्तर्क्रियाहरूबाट अदालतका काम कारवाही सम्वन्धमा व्यक्त भएका धारणाहरूलाई विश्लेषण गर्दा न्यायपालिका सामु थुप्रै चुनौतीहरू रहेको देखिएको छ। तर, ती चुनौतीहरू व्यवस्थापन गर्नै नसक्ने हदसम्मका भने छैनन् भन्ने पनि स्पष्ट भएको छ। न्यायपालिकाभित्रका समस्याहरूलाई न्यायिक नेतृत्व, न्यायपालिकाको प्रशासनिक नेतृत्व र न्यायपालिकाभित्रका जनशक्तिहरूको सामूहिक प्रयत्नबाट समाधान गर्न सकिने अवस्था देखिएको छ। बाह्य कारणबाट उत्पन्न भएका समस्याहरूको समाधानमा सरोकारवालाहरूको सहयोगको अपरिहार्यता महसूस गरिएको छ।

न्यायिक काम कारवाहीमा त्रुटि कमजोरीहरू रहनु र न्यायपालिकामा विकृति विसंगति देखिनु भनेको कानूनको शासन र सुशासन कायम गर्ने राज्यको प्रतिबद्धतामाथि समस्या उत्पन्न हुनु हो। त्यसैले न्यायपालिकाका विकृति विसंगतिहरूलाई शून्यीकरण वा न्यूनीकरण गर्ने लक्ष्य साथ अघि बढ्नको लागि यसका सबै सरोकारवालाहरूको कमी कमजोरीहरूलाई पहिल्याउनु पर्ने र त्यसको स्वरुप र प्रकृति समेतका बारेमा विश्लेषण गर्नुपर्ने हुन्छ। त्यसपछि मात्र वास्तविक समस्याहरूको पहिचान सम्भव हुन्छ र समाधानका उपायहरूको खोजी गर्न सहज हुन्छ।

न्यायपालिकामा देखा परेका विसंगतिहरूका सन्दर्भमा अध्ययन गर्दा न्यायपालिकाका सबै सरोकारवालाहरूलाई केन्द्रविन्दुमा राखिनु अपरिहार्य हुन आउँछ। त्यसक्रममा न्यायपालिकाका प्रत्येक सरोकारवालाहरू को को हुन् त भन्नेतर्फ हेर्दा देहायका संस्था, व्यक्ति वा पदाधिकारीहरूलाई सरोकारवालाका रुपमा राख्न सकिने देखिन्छ :

- मुद्दाका पक्षहरू अर्थात् सेवाग्राहीहरू,
- मुद्दामा प्रमाण स्वरुप प्रस्तुत हुने साक्षीहरू,
- कानून व्यवसायीहरू,

- सरकारवादी फौजदारी मुद्दाहरूका अनुसन्धानमा संलग्न हुने अनुसन्धान अधिकृत वा प्रहरीहरू,
- सरकारी वकीलहरू,
- अदालतका न्यायकर्मी अधिकृत एवं कर्मचारीहरू,
- न्यायाधीशहरू,
- न्याय परिषद्/न्याय सेवा आयोग,
- सरकारका विभिन्न निकायहरू,
- व्यवस्थापिका-संसद,
- स्थानीय निकायहरू,
- सञ्चार माध्यम, र
- नागरिक समाज ।

न्यायपालिकाका सरोकारवालाहरूमध्येका सबै वा केही पक्षबाट हुने काम कारवाहीमा कमजोरी रह्यो भने वा ती पक्षबाट अनुचित काम कारवाही गरियो भने त्यस्ता कुराहरू विकृति एवं विसंगतिका रुपमा देखा पर्दछन् । यसका अतिरिक्त न्यायपालिका सम्बन्धमा विचार गर्दा मुलुकमा प्रचलित संविधान एवं कानूनहरू, नेपाल सरकारका नीतिहरू एवं मुलुकमा विद्यमान शासन व्यवस्था समेत उत्तिकै महत्त्वपूर्ण रहन्छन् । त्यस्ता कानून, नीति तथा समग्र शासन प्रणालीको प्रभाव स्वाभाविक रुपमा न्यायपालिकामाथि पर्दछ ।

यसरी न्यायिक काम कारवाहीमा प्रत्यक्ष वा परोक्ष रुपमा भूमिका रहने सबै संस्था वा व्यक्तिहरूले गर्ने गल्तीको प्रभाव न्यायमाथि पर्दछ र त्यसको दोष न्यायपालिकाले पाउँछ भन्ने यथार्थलाई बुझेर सबैसँग सकारात्मक सोच र रचनात्मक सहयोगको अपेक्षा न्यायपालिकाले गरेको हुन्छ । प्रस्तुत अध्ययनमा पनि न्यायपालिकाभित्रको विकृति विसंगतिको बारेमा अध्ययन गर्दा सरोकारवालाहरूको भूमिकाको बारेमा पनि अध्ययन गरिएको छ । त्यसै सिलसिलामा यस कार्यदलले निम्नानुसारका कार्यलाई आफ्नो अध्ययन र विश्लेषणको आधार मानेको छ :

- कार्यदल गठनको जानकारी सार्वजनिक गर्न गोरखापत्र दैनिकमा सूचना प्रकाशन गरी राय सुझाव र प्रतिक्रिया आव्हान गरिएको ।
- कार्यदल गठनको सूचना सर्वोच्च अदालतको वेभसाइटमा राखी सर्वोच्च अदालतको इमेल ठेगानामार्फत राय सुझाव र प्रतिक्रिया आव्हान गरिएको ।
- छलफल तथा अन्तर्क्रिया गर्ने व्यक्ति, समूह, संस्था, कार्यालयका पदाधिकारीहरूको पहिचान गरिएको ।
- छलफल तथा अन्तर्क्रियाको स्थान र समयको चयन र निर्धारण गरिएको ।
- छलफल तथा अन्तर्क्रियाको लागि सहभागिता जुटाउने कार्य भएको ।
- सहभागीहरूको राय सुझाव प्रतिक्रिया मौखिक तथा लिखित रुपमा संकलन गर्ने कार्य गरिएको ।
- कार्यदलले आवश्यक ठानेका राय सुझाव प्रतिक्रिया सम्वन्धित ठाऊँबाट माग गर्ने व्यवस्था समेत मिलाइएको ।

न्यायपालिकाका सरोकारवाला मध्ये मुद्दाका पक्षहरू अर्थात् सेवाग्राहीहरू नै अग्रपङ्तिमा आउँछन् । उनीहरूका सन्दर्भमा विचार गर्दा अधिकांश सेवाग्राहीहरू कानूनी उपचारको लागि न्यायपालिकासमक्ष आएका हुन्छन् भने केही सेवाग्राहीहरू व्यक्तिगत स्वार्थका लागि अरुलाई मर्कामा पार्न उद्यत रहेका पनि हुन सक्छन् । दोस्रो वर्गका सेवाग्राहीहरूको सामान्य प्रवृत्ति जसरी भए पनि मुद्दा जित्ने तर्फ परिलक्षित हुन्छ । मुद्दा नजितिने अवस्थामा उनीहरूका तर्फबाट नै मुद्दाको परिणामलाई ढिलो तुल्याउने गरी विभिन्न प्रयास गरिने र मुद्दाको काम कारवाहीलाई प्रभावित पार्ने कार्यहरू समेत गरिन्छ । यसरी मुद्दाका पक्षबाट गरिने व्यवहारको प्रभाव स्वाभाविक रुपमा न्यायिक काम कारवाहीमा पर्न जान्छ र पक्षको गलत प्रवृत्तिको दोष न्यायपालिकामाथि पर्न जान्छ ।

यस्तै अवस्था मुद्दाका साक्षीहरूको समेत हुन्छ । साक्षी हुनु भनेको न्यायिक प्रक्रियामा सहयोग पुऱ्याउनु पनि हो भन्ने कुरातर्फ कुनै हेक्का नै नराखी केवल आफूले प्रतिनिधित्व गर्ने पक्षको इशारा र उसको स्वार्थको लागि मात्र भूमिका निर्वाह गर्ने साक्षीको प्रवृत्तिले पनि न्यायिक कार्य प्रभावित हुन्छ । सरकारी पक्षका साक्षीहरूको असहयोगी र प्रतिकूल व्यवहारले कतिपय अवस्थामा न्याय निरुपणको कार्यलाई नै दुरुह तुल्याइदिन्छ ।

कानून व्यवसायी र सरकारी वकीलको भूमिका न्यायिक प्रक्रियामा अत्यन्त महत्त्वपूर्ण मानिन्छ । उनीहरूको उचित सहयोग भएन भने न्यायिक प्रक्रिया नै अबरुद्ध हुने स्थिति पैदा हुन सक्छ । त्यसैले उनीहरूलाई न्यायपालिकाका सर्वाधिक महत्त्वपूर्ण अवयवका रुपमा लिइन्छ । उनीहरूले आफ्नो पक्षको प्रतिनिधित्व गर्ने भूमिका निर्वाह गर्दा गर्दै पनि न्यायिक प्रक्रियामा सहयोग पुऱ्याउन सक्दछन् । सरकारी वकीलले गर्ने अभियोजनमा कमजोरी रह्यो भने वा अन्य कानून व्यवसायीले प्रतिरक्षा गर्दा वा पक्षलाई कानूनी सेवा उपलब्ध गराउँदा कमजोरी रह्यो भने त्यसको सीधा असर न्याय सम्पादनमा पर्दछ । तर त्यस्ता कमजोरीबाट सम्बन्धित पक्षले भोग्नुपर्ने कठिनाईको दोष पनि न्यायपालिकामाथि नै आई पर्दछ ।

सरकारवादी मुद्दामा अनुसन्धान प्रक्रियामा कमजोरी भयो भने त्यसले न्याय निरुपणको कार्य प्रभावित हुन्छ । त्यसको दोष अनुसन्धान पक्षको हो, हाम्रो विद्यमान न्याय प्रणालीलाई दृष्टिगत गर्दा त्यसमा न्यायपालिकाको कुनै भूमिका रहेको हुँदैन, तर दोष न्यायपालिकामाथि लगाइन्छ ।

न्यायपरिषद्लाई कानूनले निश्चित जिम्मेवारी प्रदान गरेको छ । सो संस्थाले आफ्नो जिम्मेवारी पूरा गर्न सकेन, न्यायाधीशहरूको नियुक्तिमा निश्चित मापदण्ड बनाएर योग्यता, इमान्दारी, सक्षमता र निष्ठा समेतका कुराहरूको मूल्याङ्कन गरी नियुक्तिलाई विवादरहित तुल्याउन सकेन, न्यायाधीशहरूको सरुवालाई नियमित र व्यवस्थित बनाउनुका साथै सबैप्रति समभाव देखाउन सकेन, न्यायाधीशहरूको कार्यसम्पादनका विषयमा प्रश्न उठेका बेला तत्कालै जाँचबुझ गरी कानूनबमोजिम कारवाही गर्न सकेन भने त्यसबाट उत्पन्न हुने प्रतिक्रियाको मार पनि न्यायपालिकामाथि नै पर्दछ ।

कतिपय अवस्थामा कानूनी व्यवस्थाको त्रुटिका कारणले पनि न्यायिक कार्य प्रभावित हुन सक्ने सम्भावना रहन्छ । कानून निर्माण गर्ने कार्य न्यायपालिकाको होइन भन्ने नबुझीकनै त्यस्तो त्रुटिपूर्ण कानूनको कारणले देखिएका समस्याहरूमा पनि न्यायपालिकालाई नै दोषी ठान्ने प्रवृत्ति देखिएको छ ।

कहिले काँही सञ्चार माध्यमबाट मुद्दाको तथ्यभन्दा फरक रिपोर्टिङ हुने गरेको र त्यसरी गलत सूचना सम्प्रेषण गरिँदा आमजनतामा न्यायपालिकाप्रतिको नकारात्मक दृष्टिकोण बन्न पुगेको यथार्थलाई पनि नकार्न सकिँदैन । त्यसैले सञ्चार माध्यम लगायतका नागरिक समाजका अन्य संस्था तथा व्यक्तिहरू न्यायिक काम कारवाहीप्रति सहयोगी नबन्दा वा न्यायिक कार्यको संवेदनशीलतालाई नबुझीकन व्यवहार गरिदिँदा सिंगो न्यायपालिका लाञ्छित हुनु पर्ने अवस्था आउन सक्छ भन्ने कुरालाई सबैले बुझिदिनु जरुरी हुन्छ ।

न्यायपालिकाका सरोकारवालासँग सँगै न्यायपालिकाभित्रकै जनशक्तिको व्यवहार, उनीहरूको कामप्रतिको लगनशीलता, जागरुकता, कार्यशैली र सेवाग्राहीका समस्याहरूप्रति देखाइने चासो र सरोकारले पनि न्यायपालिकाप्रतिको आमदृष्टिकोणलाई सकारात्मक बनाउन मद्दत गर्दछन् । कुनै एक न्यायाधीश वा कुनै एक कर्मचारीको कमजोरीलाई सिंगो संस्थाको कमजोरीको रुपमा व्याख्या गर्ने वा त्यसैलाई बढाईचढाई गर्ने आमप्रवृत्तिलाई हृदयंगम गरी आफ्ना काम कारवाहीहरूलाई कमजोरीरहित बनाउनेतर्फ न्यायिक जनशक्ति सचेत र सजग हुनु उत्तिकै आवश्यक देखिन्छ ।

उल्लिखित परिप्रेक्ष्यमा न्यायपालिकामा विकृति देखिनुमा आन्तरिक र बाह्य कारणहरू उत्तिकै जिम्मेवार देखिएका छन् । त्यस्ता समस्याहरूको निराकरणमा न्यायपालिका एक्लैको प्रयास सार्थक हुन सक्दैन । सबैको साथ र सहयोगको बलमा मात्रै समस्याको समाधान संभव हुन्छ ।

यस कार्यदलबाट संकलन गरिएका तथ्यहरू र अन्तर्क्रियाका सिलसिलामा सहभागीहरूद्वारा व्यक्त भएका धारणाहरूलाई केलाउँदा एकले अर्कोको दोष औंल्याउने र आफूलाई दागरहित ठान्ने प्रवृत्ति पनि देखिएको छ । तथापि एकले अर्कोको दोष औंल्याउँदै जाँदा सबैका दोषहरू उजागर भएका छन् ।

सेवाग्राहीहरू आफ्नो अनुकूलको व्यवहारको अपेक्षा गर्ने, एउटै मुद्दाका पक्ष विपक्षले पनि आ-आफ्नो स्वार्थको आधारमा न्यायपालिकाप्रतिको धारणा बनाउने, कानून व्यवसायीहरू आफ्नो सेवा शुल्कलाई पारदर्शी बनाउने विषयलाई महत्त्व नदिने, करको दायरामा रहनु पर्ने कुरालाई पनि घुमाउरो पाराले इन्कार गर्ने, सञ्चार माध्यमहरू पारदर्शिताको मात्र कुरा गर्ने, तर आफ्नो सामाजिक दायित्वप्रति उदासीन रहने, सरकार र उसका संयन्त्रहरू न्यायिक कार्य न्यायपालिकाको एक्लो जिम्मेवारी हो भने जस्तो गरी पञ्छिन खोज्ने, व्यवस्थापिका न्यायिक उत्तरदायित्वको मात्र कुरा गरेर न्यायपालिकालाई सक्षम र प्रभावकारी बनाउन आवश्यक पर्ने कानूनहरूको निर्माणको विषयलाई प्राथमिकतामा नराख्ने, नागरिक समाज भीडको पछि लाग्ने, प्रहरी र सरकारी वकील अनुसन्धान र अभियोजनका विषयलाई गम्भीरतापूर्वक नलिई औपचारिकता पूरा गर्ने तर्फ मात्र उद्यत रहने र त्यसका कारणबाट राज्यसंयन्त्रप्रति आमजनतामा वितृष्णा र अविश्वास सिर्जना हुन सक्ने सम्भावनातर्फ बेखबर बस्ने जस्ता प्रवृत्तिहरूको एकिकृत प्रभावले न्यायपालिकामा विकृति र विसंगति रहेको छ भन्ने अवस्था देखिन आएको हो । त्यस्ता नकारात्मक सोच र एक्ला एक्लै अघि बढ्ने एकांगी व्यवहारको अन्त्य हुनु पर्ने र सबैको एकीकृत प्रयासबाट न्यायपालिकालाई सबल, सक्षम र प्रभावकारी बनाउनु पर्ने कुरामा सहभागीहरूका बीचमा विमति रहेको देखिँदैन । सरोकारवालाहरूबाट व्यक्त

भएका सकारात्मक विचारहरूको आलोकमा देखा परेका कमी कमजोरीहरूलाई हटाउँदै न्यायपालिकालाई विकृतिविहीन न्यायपालिकाका रुपमा स्थापित गर्न न्यायपालिका स्वयं अग्रसर हुनु पर्ने हुँदा त्यसमा न्यायिक नेतृत्वले दृढता र प्रतिबद्धता देखाउनु जरुरी भएको छ ।

सरोकारवाला निकाय, संस्था र व्यक्ति समेतलाई समन्वयात्मक ढंगले परिचालित गर्ने र आन्तरिक र बाह्य सबै खाले कमी, कमजोरी र त्रुटिलाई सच्याउँदै अघि बढ्नु नै विद्यमान समस्याको एकमात्र समाधान हो भन्ने कुरा अध्ययनका क्रममा व्यक्त भएका धारणाहरूले देखाएका छन् ।

सूचना संकलनमा मुख्य आधारका रुपमा अन्तर्क्रिया कार्यक्रममा सहभागीहरूले व्यक्त गरेका कुराहरू र कार्यदलको आह्वानबमोजिम लिखित रुपमा प्राप्त हुन आएका राय, सुझाव, प्रतिक्रियाहरूलाई लिइएको छ । त्यसरी अभिव्यक्त भएका धारणाहरूको विश्लेषण गर्दा यो मुद्दामा यो यो व्यक्ति वा पक्षबाट यो यस्तो त्रुटि, कमजोरी वा भ्रष्टाचार भयो भनी किटानी रुपमा उल्लेख गरेको अवस्था देखिँदैन । सबै पक्षबाट मुख्य रुपमा काम कारवाहीमा हुने कमी कमजोरी र ढिला सुस्ती, मुद्दाका पक्षको दुःख हैरानी आदिबाट उत्पन्न समस्याहरू र न्यायिक प्रक्रियामा संलग्न न्यायाधीश, कर्मचारी, प्रहरी, सरकारी वकील, कानून व्यवसायी समेतको प्रवृत्तिगत कुरालाई नै कमजोरी र समस्याको रुपमा औँल्याइएको पाइन्छ ।

न्यायपालिकाप्रतिका जनताका गुनासाहरूलाई व्यवस्थापन गर्दै स्वतन्त्र, सक्षम, निष्पक्ष र प्रभावकारी न्यायपालिकाको निर्माणको संकल्प न्यायपालिकाले पटक पटक गर्दै आएको छ । न्यायपालिकाभित्र योजनावद्ध विकासको थालनी गर्ने रणनीतिक योजना समेतले विभिन्न कार्यक्रमहरूको उद्घोष गरेको छ । हाल कार्यान्वयनमा रहेको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको परिदृश्य, परिलक्ष्य र मूल्यहरूमा पनि स्वच्छ, निष्पक्ष, छिटो छरितो र प्रभावकारी न्यायमा नै जोड दिइएको पाइन्छ ।

**स्वतन्त्र, सक्षम, कम खर्चिलो, छिटो छरितो, प्रभावकारी र जनताको सहज पहुँचयुक्त, जनआस्थामा आधारित न्यायप्रणालीमार्फत मानव अधिकारको संरक्षण गर्दै कानूनको शासनको माध्यमद्वारा सबैको निम्ति न्याय सुनिश्चित गर्नु**लाई नेपालको न्यायपालिकाको परिदृश्य (vision) का रुपमा राखिएबाट नै न्यायपालिकाको प्राथमिकताहरू स्वतः स्पष्ट भएका छन् । त्यसैगरी योजनाले संविधानप्रति आस्था, स्वतन्त्रता र स्वायत्तता, समाजप्रतिको कर्तव्य, न्यायको सर्वसुलभता, सक्षम न्याय, उच्च नैतिक स्तर, प्रतिनिधित्व तथा समावेशीकरण र स्वामित्वलाई न्यायपालिकाको मूल्यका रुपमा परिभाषा गरी ती विषयहरूलाई न्यायिक काम कारवाहीको मार्गदर्शक सिद्धान्तका रुपमा लिएको

छ । दोस्रो रणनीतिक योजनाले न्याय निरुपण गर्ने, फैसला कार्यान्वयन गर्ने र सुपरिवेक्षण तथा अनुगमन गर्ने कार्यलाई मूल कार्य मानी त्यसको प्रभावकारी कार्यान्वयनलाई सघाउन प्रक्षेपण गरिएका १२ वटै रणनीतिक उपायहरूले पनि न्यायपालिकाभित्रका समस्याहरूको समाधानमा जोड दिएको पाइन्छ । जसमध्ये देहायका उपायहरूलाई प्रस्तुत अध्ययनका सन्दर्भमा महत्वपूर्ण मान्न सकिन्छ :

- न्याय निरुपण कार्यलाई प्रभावकारी बनाउन मुद्दा व्यवस्थापन पद्धतिमा सुधार गर्ने,
- फैसला कार्यान्वयनलाई सरल, छिटो, छरितो र प्रभावकारी बनाउने,
- निरीक्षण एवं सुपरीवेक्षण प्रणालीमा सुदृढीकरण गर्ने
- सुरक्षा व्यवस्थामा सुधार गर्ने,
- न्यायिक स्वतन्त्रता, जवाफदेहिता र स्वायत्तताका मूल्यहरूको जगेर्ना गर्ने,
- न्याय सम्पादन, न्याय प्रणाली र न्यायिक सुधारसम्बन्धी अध्ययन अनुसन्धानलाई संस्थागत गर्ने,
- न्याय क्षेत्रका सरोकारवालाहरू सँगको सस्थागत र कार्यमूलक सम्बन्धलाई सुदृढ बनाउने,
- न्यायमा सहज पहुँच बढाउने र अदालतप्रतिको जनआस्था अभिबृद्धि गर्ने, र
- अदालत तथा न्यायाधिकरणहरूको संस्थागत क्षमता सुदृढीकरण गर्ने ।

योजनाहरूको कार्यान्वयनका प्रमुख आधार भनेको त्यसभित्रको जनशक्ति नै हो । न्यायपालिकाभित्रको जनशक्तिलाई जिम्मेवार तुल्याउने संकल्प पनि योजनाले गरेको छ । रणनीतिक योजनामा न्यायकर्मीहरू नैतिकता, सदाचार, निष्ठा, उत्तरदायित्व, पारदर्शिता र इमान्दारी कायम राख्न अभिप्रेरित एवं निर्देशित हुनेछन् भनिएको छ । त्यसैगरी न्यायाधीश आचारसंहिता, २०५५ मा समसामयिक परिमार्जनको आवश्यकतावोध गरी न्यायाधीश आचारसंहिता, २०६५ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । सो आचारसंहिताले स्वतन्त्रता, निष्पक्षता, निष्ठा, सदाचार, सक्षमता र लगनशीलता समेतका विषयलाई समेटेको छ । न्यायपरिषद्, न्याय सेवा आयोग र नेपाल कानून व्यवसायी परिषद्समक्ष प्राप्त भएका उजूरीका आधारमा कारवाही भएको विवरण समेत कार्यदल समक्ष प्राप्त भएका छन् । न्यायाधीश तथा कर्मचारीबाट सम्पादित कामका विषयमा प्रश्न उठेको अवस्थामा कारवाही नै नभएको भन्ने पनि संकलित विवरणहरूको अध्ययनबाट देखिँदैन । उक्त विवरणलाई हेर्दा उजूरीहरूका सम्बन्धमा सुनुवाई भएको अवस्था देखिएको छ । आफूबाट भए गरेका

कारवाहीहरूलाई पारदर्शी रुपमा सार्वजनिक नगरिनु, परेका उजूरीहरूको उचित समयभित्र टुंगो नलगाइनु र आफ्ना संयन्त्रहरूलाई अपेक्षित रुपमा क्रियाशील गराउन नसक्नुलाई सम्बन्धित निकायहरूको कमजोरी नै मान्नु पर्दछ । उजूरी नपरीकन कसैलाई पनि कारवाही हुँदैन भन्ने सन्देश जाने गरी सम्बन्धित निकायले व्यवहार गर्ने हो भने त्यस्ता संयन्त्रहरूको औचित्य र प्रभावकारिताका सम्बन्धमा प्रश्नचिन्ह खडा हुन्छ भन्ने कुरालाई बुझ्नु पनि उत्तिकै जरुरी देखिन्छ । त्यसैगरी उजूरी दिँदा वस्तुगत आधारहरू उल्लेख गर्नु पर्ने, कसैलाई वदनाम गर्ने वा आरोपित गर्ने नियतका उजूरीहरू दिन नहुने कुरालाई ती विवरणहरूले पुष्टि गरेको छ ।

यस बाहेक न्यायपालिकाको नेतृत्वबाट समय समयमा जारी भएका निर्देशनहरूमा पनि विकृतिविहीन न्यायपालिकाको निर्माण गर्ने कुरामा नै जोड दिइएको पाइन्छ । न्यायपालिकाबाट हुँदै आएका अध्ययन अनुसन्धानहरूमा पनि सेवाग्राहीहरूका अपेक्षाहरूलाई सम्बोधन गर्ने प्रयास हुँदै आएको पाइन्छ । त्यस्ता अध्ययन प्रतिवेदनहरूका आधारमा थुप्रै सुधारात्मक कार्यहरूको प्रारम्भ पनि भएको छ । तर, यी सबै प्रयासका बाबजुद पनि जनताका अपेक्षाहरू पूरा हुन सकेका छैनन्, न्यायपालिका सम्पूर्ण रुपमा कमी कमजोरी, विकृति र विसंगतिबाट मुक्त हुन सकेको अवस्था भने छैन ।

न्यायपालिकाभित्रको विकृतिलाई नै मुख्य विषय बनाएर गरिएका अध्ययन अनुसन्धानहरूमध्ये नेपाल कानून समाजले गरेको **न्याय सम्पादनमा अदालतको भूमिका र प्रभावकारिता विषयक जनअभिमत सर्वेक्षण, २०५९** को प्रतिवेदन र सर्वोच्च अदालत बार एशोसिएशनले गरेको अध्ययनमा आधारित **न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि अध्ययन समितिको प्रतिवेदन, २०६४** प्रमुख देखिन्छन् । ती प्रतिवेदनहरूले न्याय निरुपणमा भएको ढिलाई, कार्यविधिगत जटिलता, तयारी अवस्थामा नरहने न्यायाधीश तथा कानून व्यवसायी, कमजोर प्रमाण संकलन प्रक्रिया र निर्णयमा एकरुपताको अभाव, नजीर सिद्धान्तको अपालना, अस्पष्ट र द्विविधायुक्त कानून समेतलाई पनि समस्याको रुपमा औंल्याएको पाइन्छ ।

त्यसैगरी अदालतलाई विकृति विसंगति शून्य अवस्थामा पुऱ्याई अदालतप्रतिको निष्ठा र विश्वास जगाउनका लागि न्यायाधीशहरूबाट भएका भ्रष्टाचारको छानविन गरी यदि गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति भेटिए त्यसलाई जफत गर्न र दोषीलाई कारवाही चलाउन उच्चस्तरीय संयन्त्रको निर्माण गरिनुपर्ने कुरामा जोड दिइएको छ । न्यायाधीशको मूल्याङ्कन, फैसला वा आदेशका आधारमा हुनुपर्ने, फैसलाको निश्चित ढाँचा तोकिनुपर्ने, न्यायाधीश विरुद्धको उजूरी उपरको

कारवाहीका लागि प्रभावकारी संयन्त्रको निर्माण हुनुपर्ने, आचार संहिताको प्रभावकारी कार्यान्वयन हुनुपर्ने, न्यायपरिषद्को पुनर्संरचना गर्नुपर्ने, न्याय प्रशासनमा न्यायाधीश र स्रेस्तेदार/रजिष्ट्रारबाट हुँदै आएको द्वैध प्रशासनको अन्त्य हुनुपर्ने, न्यायाधीश र कर्मचारीहरूका बीचमा रहेको तलव र सुविधाको अन्तर घटाउनु पर्ने, विशेष प्रकृतिका अदालतहरूको विघटन र न्यायिक निकायको एकीकरणलगायतका विषयहरू समेटिएको छ ।

फैसला कार्यान्वयनमा ढिलाई, तारिख प्रथा, वहस प्रणाली, पेशी र नि.सु. प्रथामा समस्या, वैज्ञानिक प्राथमिकता क्रमको अभाव जस्ता समस्याहरूलाई केलाउँदै स्पष्ट समयसारिणीको व्यवस्था, अदालतका कर्मचारीको निश्चित कार्यविवरण, उजूरी सुनुवाईको प्रभावकारी संयन्त्र, सार्वजनिक सरोकारका विवादका सम्बन्धमा ठोस मापदण्डको निर्धारण, मुद्दा व्यवस्थापनका लागि विशेषज्ञताका आधारमा न्यायाधीशहरूको समूह निर्माण, वाणिज्य इजलासको गठन, निरोधात्मक न्याय प्रणाली जस्ता विषयमा महत्त्वपूर्ण सुझावहरू पनि प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

सञ्चारकर्मीहरूमा आवश्यक कानूनी ज्ञानको अभाव, विचाराधीन मुद्दाका सम्बन्धमा टिप्पणी गर्ने प्रवृत्ति, तथ्य यकीन नगरीकनै न्यायाधीशको आचरणका सम्बन्धमा समाचार प्रकाशन गर्ने प्रवृत्तिलाई समस्याका रुपमा चित्रण गरिएको छ । हरहालतमा मुद्दा जित्नैपर्ने, दूषित कामबाट दाम कमाउने, कृत्रिम मुद्दा खडा गरी हैरानी दिने, दलाल पाल्ने, परीक्षणका लागि मुद्दा लड्ने, मुद्दा स्थगित गर्ने सुविधाको दुरुपयोग गर्ने, घूसको माध्यम बन्ने, आयस्रोतको अपारदर्शिता, अर्को पक्षसँग मिलेमतो गरी मुद्दा विगारिदने, विचौलीयाको भूमिका समेत निर्वाह गर्ने जस्ता विकृतिहरू कानून व्यवसायीभित्र पनि रहेको तथ्य उजागर गरिएको छ । बन्नुपर्ने कानून नबनेको र बनेका कानून लागू हुन नसकेको विडम्बनापूर्ण अवस्थाको चित्रण गर्दै जनआस्था घटाउनमा कानून समेत जिम्मेवार रहेको अवस्थालाई समेत प्रतिवेदनमा औँल्याइएको छ ।

यसरी न्यायपालिकाबाहिरबाट भएका ती अध्ययन प्रतिवेदनहरूमा न्यायिक प्रक्रिया र सिंगो न्याय प्रणालीमा देखिएका समस्याहरूको सम्वोधन गर्ने प्रयत्न गरिएको पाइन्छ । खास मुद्दामा खास व्यक्तिबाट भ्रष्टाचार भएको भन्ने तथ्यहरू प्रस्तुत गर्न नसकी प्रवृत्तिगत समस्याहरूलाई नै उजागर गरेको पाइन्छ । ती प्रतिवेदनहरूबाट पनि न्याय क्षेत्रका सरोकारवालाका रुपमा रहेका सबै क्षेत्रमा समस्या रहेको र सबैको सामूहिक प्रयत्नबाट मात्रै ती समस्याहरूको समाधान गर्न सकिने निष्कर्ष निस्कन्छ ।

सर्वोच्च अदालत बार एशोसिएशनबाट प्रकाशित न्यायपालिकाप्रति जनआस्था अभिबृद्धि अध्ययन समितिको प्रतिवेदन, २०६४ ले विभिन्न थरिका बिचौलीयाहरूको पहिचान समेत गरेको छ ।

त्यस्ता विचौलीयाहरूमा देखिएको फट्टा (मुद्दा हारेमा फिर्ता गर्ने शर्तमा मुद्दाका दुबै पक्षबाट रकम लिने प्रवृत्ति) खेल्ने प्रवृत्ति सबैभन्दा खतरनाक र न्यायप्रणालीकै उपहास हुने खालको देखिन्छ । त्यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्नुको बदला प्रोत्साहित र संरक्षण प्रदान गर्ने संरक्षणवादी प्रवृत्ति पनि न्यायिक स्वच्छताको सबैभन्दा ठूलो बाधकका रुपमा रहेको  छ ।

संरक्षणवादकै सन्दर्भमा सीडी काण्डमा गहन छानवीन पछि सर्वोच्च अदालतले नै गठन गरेको माननीय न्यायाधीशज्यूहरु सम्मिलित समितिले सो काण्डमा संलग्न पाइएका कर्मचारीहरुलाई कारवाहीका लागि सिफारिश गरेको भएतापनि त्यस्ता कर्मचारीहरुको समेत बढुवा गरिएको र कारवाही स्वरुप सरुवा भएका कर्मचारी पनि केही समयभित्रै पूर्व स्थानमा खटिएको देखिएबाट निर्णय कार्यान्वयन हुन नसकेको स्पष्ट भएको छ । न्यायपालिकालाई नै वदनाम गराउने कार्यमा संलग्न रहेका कर्मचारीहरूको संरक्षण गर्ने प्रवृत्तिलाई कठोरतापूर्वक नियन्त्रण गर्न नसक्दासम्म न्यायिक सुशासनको कल्पना समेत गर्न नसकिने हुँदा संरक्षणवादको पछिल्लो दृष्टान्तका रुपमा रहेको यस किसिमको व्यवहारलाई निरुत्साहित गर्ने कुरामा न्यायिक नेतृत्व तथा सर्वोच्च अदालतका रजिष्ट्रारले गम्भीरतापूर्वक विचार पुऱ्याउनु पर्ने आवश्यकता कार्यदलले महसूस गरेको छ ।

# परिच्छेद् - चार

## समस्याको पहिचान

कार्यदलबाट न्यायपालिकाका सरोकारवालाहरू तथा सम्वद्ध पक्षहरूसँग गरिएको छलफल एवं अन्तर्क्रियाहरूबाट अदालतका काम कारवाहीका सम्बन्धमा व्यक्त भएका धारणालाई अध्ययन, मनन् एवं विश्लेषण गर्दा न्यायपालिकाका काम कारवाहीलाई सरल, सुलभ र पहुँचयोग्य बनाउन विभिन्न कारणहरू समस्याको रुपमा देखिएका छन् । ती कारणहरूको निराकरण हुन नसक्दासम्म न्यायपालिकाभित्रका विकृति, विसंगति, त्रुटि र कमजोरीहरू कायमै रहने र जनमानसमा न्यायपालिकाप्रतिको नकारात्मक छवि बनिरहने अवस्था रहन्छ । त्यस्ता समस्याहरू कतिपय आन्तरिक कारणले उत्पन्न भएका छन् भने कतिपय बाह्य कारणले उत्पन्न भएका देखिएका छन् ।

यस अघि परिच्छेद्- ३ मा गरिएको विश्लेषणबाट पनि न्यायिक प्रक्रिया र न्याय प्रणालीभित्र थुप्रै समस्याहरू रहेको र त्यसको समाधानमा न्याय क्षेत्रका सरोकारवाला सबैको सामूहिक प्रयत्नको खाँचो रहेको भन्ने तथ्य स्थापित भएको छ । त्यसैले न्यायपालिका सामु रहेका आन्तरिक र बाह्य समस्याहरूमध्येका प्रमुख समस्याहरूका रुपमा ढिलासुस्ती, फैसला कार्यान्वयन, महङ्गो न्याय, पारदर्शिताको अभाव, आर्थिक अनियमितता तथा भ्रष्टाचारलाई लिइएको छ र तिनीहरूको कारण र त्यसको मात्रा समेत यस परिच्छेद्मा उल्लेख गरिएको छ :

### ४.१ ढिलासुस्ती

#### ४.१.१ आन्तरिक कारण र समस्या

- म्याद, सूचना समयमै जारी र तामेल नहुनु,
- पुनरावेदन म्याद समयमा जारी नहुनु र तामेल नहुनु,
- थाम्ने थमाउने र दर्ता गर्ने समेतका म्यादको अबधि अनावश्यक रुपले धेरै हुनु,
- वेरितको म्याद समयमै बदर नगरिनु,
- प्रमाण मुकरर आदेश गर्दा एकै पटक नगरी पटक पटक गरिनु,

- आदेशअनुसार एकै पटक सम्पन्न गर्न सकिने काम एकैपटक नगरी पटक पटक गर्ने भनी तारेख तोकी रहनु,
- अंग पुगी सकेपछि पनि मुद्दा पेशीमा चढाउन विलम्व गरिनु,
- कानूनले नै तोकेबमोजिम भन्दा बढी पटकका लागि समेत पेशी स्थगितका निवेदन स्वीकार गर्नु र पेशी स्थगित गरिनु,
- बहस व्यवस्थापन नगरिनु,
- फैसला लेखनलाई कानूनले तोकेबमोजिमको अबधिभित्र सम्पन्न गर्नेतर्फ सक्रियता नदेखाई लामो समय लगाइनु,
- जनशक्ति व्यवस्थापन हुन नसक्नु,
- जनशक्ति छनौट कार्यमा त्रुटि रही राम्रो र सक्षम जनशक्ति छनौट हुन नसक्नु,
- कर्मचारीमा दण्ड र पुरष्कारको व्यवस्था लागू हुन नसक्नु,
- न्यायाधीश नियुक्तिमा निश्चित मापदण्ड नबनाइनु र आफ्नो अनुकूल हुने गरी व्यवस्था गरिएको कुरा व्यवहारमा देखिनु,
- न्याय परिषद र न्याय सेवा आयोगले प्रभावकारी भूमिका निर्वाह गर्न नसक्नु,
- कार्यरत जनशक्तिहरू कर्मचारी संघ, संगठनमा आवद्ध भई संस्थागत अनुशासन कायम गर्न कठिनाई रहनु,
- न्याय सेवामा कार्यरत् कर्मचारीहरूको सेवा शर्त र सुविधासम्वन्धी पृथक ऐन नहुनु,
- निरीक्षण र अनुगमन व्यवस्थालाई प्रभावकारी नबनाइनु,
- फैसला कार्यान्वयन प्रक्रिया जटिल हुनु,
- फैसला कार्यान्वयनको लागि परेका निवेदनमा चरण चरणका आदेशमा तहतहबाट पटक पटक सुनवाई हुनु र रिट क्षेत्राधिकार समेत प्रयोग हुनु,
- कार्यरत जनशक्तिलाई समयसापेक्ष ज्ञान र सीपमूलक तालिम दिन नसक्नु,
- समय पालना र नियमिततालाई न्यायाधीशले ध्यान नदिनु,
- न्यायाधीश र कर्मचारीमा सुरक्षाको अनुभूति नहुनु, र

- न्यायाधीश र कर्मचारीका बीचमा तलब, भत्ता र सुविधामा ठूलो अन्तर रहनु ।

४.१.२ वाह्य कारण

- म्याद तामेलीमा पक्षको सक्रिय सहयोग नहुनु,
- मुद्दाका केही पक्षले मुद्दालाई अनावश्यक रुपमा लम्ब्याउने प्रयास गर्नु,
- मुद्दाको काम छिटो छरितो गराउनमा कानून व्यवसायीको पूर्ण सहयोग नरहनु,
- पक्ष र कानून व्यवसायीले पटक पटक पेशी स्थगित गराउनु,
- विपक्षको गलत ठेगाना उल्लेख गरी वा सही ठेगानाको जानकारी नै नदिई मुद्दा दर्ता गर्न ल्याइनु,
- ठेगाना परिवर्तन भएमा अदालतलाई जानकारी नगराइनु,
- फौजदारी मुद्दामा फरार प्रतिवादीको ठेगाना अभियोगपत्रमा स्पष्ट नगरिनु र गराउन चासो समेत नदेखाउनु,
- सरकारी गवाह तोकिएको समयमा उपस्थित नगराइनु,
- बहस व्यवस्थापनमा कानून व्यवसायीले सहयोग नपुऱ्याउनु,
- विचौलीयाले मुद्दा जिताई दिने गलत आश्वासन दिनु,
- इजलास छनौट गर्ने प्रवृत्ति व्याप्त हुनु,
- तोकिएको समयमा तोकिएको काम गर्न पक्ष वा निजको प्रतिनिधि उपस्थित नहुनु,
- अन्य अड्डा अदालतबाट समयमै पठाउनु पर्ने मिसिल कागजात नपठाइनु,
- न्यायपालिकालाई अनुत्पादक संस्था मानी सरकारले पर्याप्त वजेट विनियोजन नगर्नु,
- न्यायपालिकाका आदेश र निर्णय समयमै कार्यान्वयन नगर्ने प्रवृत्ति सरकारी निकायहरूमा कायम रहनु, र
- ऐन कानूनको सुधारका विषयमा सरकारले यथोचित ध्यान नपुऱ्याउनु ।

### ४.१.३ अनुमानित मात्रा

उल्लिखित तथ्यलाई आधार मान्दै न्यायपालिकाभित्रको ढिलासुस्ती मापन गर्दा न्याय सोचे जति छिटो छरितो हुन नसकेको यथार्थलाई इन्कार गर्न सकिने अवस्था छैन । तर बाहिर हल्ला र प्रचार गरिए जति मात्रामा भने ढिलासुस्ती नभएपनि विद्यमान समस्याका आन्तरिक र वाह्य कारणलाई विश्लेषण गर्दा ढिलासुस्तीको कारण र मात्रालाई पनि अझ बढी न्यून गर्न आवश्यक छ । यसमा अदालत, प्रहरी, सरकारी वकील, कानून व्यवसायी र मुद्दाका पक्ष लगायत सरोकारवाला सबैको दायित्व उत्तिकै रहेको छ । सबैले आ-आफ्नो क्षेत्रबाट अपेक्षित भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता टड्कारो रुपमा महसूस गरिएको छ । साथै कुनै न कुनै मात्रामा सबै पक्षले आ-आफ्ना कमी कमजोरी महसूस गरी त्यसको निराकरणका लागि सामूहिक प्रयास गरिनु पनि नितान्त जरुरी देखिएको छ ।

## ४.२ फैसला कार्यान्वयन

### ४.२.१ जटिलता

- वादी प्रतिवादी समेतको गलत ठेगाना उल्लेख हुनु र ठेगाना परिवर्तन भैरहनु,
- प्रतिवादीको स्पष्ट ठेगाना खुलाउनु भन्दा पनि मिसिल अदालतमा बुझाउन पाए काम सकिन्थ्यो भन्ने प्रहरी र सरकारी वकीलको मानसिकता रहनु,
- अभिलेख व्यवस्थित नहुनु,
- कार्यविधि लामो र झण्झटिलो हुनु,
- शान्ति सुरक्षाको सुनिश्चितता नहुनु,
- मुद्दाका पक्षले नै फैसला कार्यान्वयनको अनुकूल वातावरण खोजी गर्ने सिलसिलामा प्रक्रियालाई अनावश्यक रुपमा लम्ब्याउनु,
- विपक्ष र निजको प्रतिनिधिले सहयोग नगर्नु,
- स्थानीय निकाय लामो समयसम्म जनप्रतिनिधिविहीन भइरहनु,
- पञ्चकृते मूल्य विवादित भैरहनु,
- स्थानीय नियकायका कर्मचारी स्वयंले नै असुरक्षा महसूस गर्नु,

- मुद्दा अन्तिम हुँदासम्म दसीका मालसामान सडी गली जाने, नासिने, मासिने र काम नलाग्ने अवस्थामा पुग्नु,
- अदालत स्वयंले पनि फैसला कार्यान्वयनलाई कम प्राथमिकता दिनु,
- फैसला कार्यान्वयनमा न्यायाधीशले चासो नराख्ने प्रवृत्ति देखिनु,
- कैद, दण्ड, जरीवाना लागेको व्यक्तिलाई पक्राउ गरी असूलउपर गर्न अदालतको आफ्नै सुरक्षालगायतको जनशक्ति नहुनु,
- स्थलगत काममा खटिने अदालतका कर्मचारीले आफूलाई सुरक्षित महसूस गर्न नसक्नु,
- दण्ड जरीवाना असूलउपर अदालत एक्लैको काम हो भन्ने धारणा राखी सरकारले यसतर्फ कुनै जिम्मेवारीवोध नगर्नु,
- असूल तहसीललाई समयसापेक्ष रुपमा व्यवस्थित गर्न नसक्नु,
- अदालतले गरेको दण्ड, जरीवाना, कैद नतिरे नबुझाए पनि केही हुँदैन भन्ने आम धारणा रहनु,
- अपराधीलाई पक्राउ गर्न प्रहरी स्रोत साधन सम्पन्न नहुनु र त्यसमा चासो समेत नदेखाइनु,
- अदालतका फैसला आदेश समयमै प्रहरी समक्ष नपुग्नु,
- प्रहरीमा कैद, दण्ड जरीवानाको लगत राख्ने पद्धति नहुनु,
- अपराधी भगाउने र लुकाउने पक्ष सक्रिय हुनु र त्यसलाई नियन्त्रण गर्न सुरक्षा निकाय सफल नहुनु,
- फैसला कार्यान्वयनको प्रभावकारी संयन्त्र निर्माण हुन नसक्नु, र
- सरकार वादी फौजदारी मुद्दामा भएका फैसलाको जानकारी सरकारी वकीलले यथासमयमा प्रहरीलाई दिने परिपाटी नहुनु ।

### ४.२.२ अनुमानित मात्रा

अदालतमा बाँकी रहेका दण्ड जरीवाना र कैदको लगतको मात्रा हेर्दा अत्यन्त कहालीलाग्दो अवस्था देखिन्छ । फैसला कार्यान्वयनतर्फ परेका दुनियावादी मुद्दाका विगो भराउने, चलन चलाउने, वण्डा छुट्याउने, निकास खुलाउने, घर भत्काउने, माना चामल भराउने समेतका दरखास्तको लगत फछ्र्यौट र बाँकीको अवस्थालाई हेर्दा भने व्यवस्थापन गर्नै नसकिने स्थिति भने देखिँदैन । तथापि यसो

भनेर सन्तोष लिने ठाउँ भने छैन । सर्वोच्च अदालतको आ.व. २०६५/०६६ सालको वार्षिक प्रतिवेदनलाई आधार बनाई हेर्दा असूलउपर हुनुपर्ने दण्ड जरीवाना रु.४,१७,७९,६१,४२८।८१ (चार अरव सत्र करोड उन्नासी लाख एकसट्ठी हजार चार सय अठाइस रुपैया एकासी पैसा) र कैद ८१,००७/०६/१९ (एकासी हजार सात वर्ष छ महिना र उन्नाइस दिन) देखिन्छ । फैसला कार्यन्वयनतर्फ परेका दरखास्तहरू मध्ये ५९७८ थान बाँकी देखिन्छन् । फैसला कार्यान्वयनमा देखा परेको यो स्थिति र अवस्थाको लागि अदालतमात्र नभै सरकार, प्रहरी, पक्ष, सरकारी वकील र अन्य सम्वद्ध निकाय पनि उत्तिकै जिम्मेवार रहेका देखिन्छन् ।

### ४.३ महङ्गो न्याय

#### ४.३.१ कारणहरू

अदालतलाई विकृतिविहीन बनाउन महङ्गो न्याय बाधकको रुपमा रहेको छ । जसका निम्न कारणहरू रहेका छन् :

- मुद्दा दर्ता, निवेदन प्रतिवेदन, प्रतिउत्तर, साक्षी वकपत्र, प्रमाण पेश लगायत विभिन्न चरणमा कानूनले नलाग्ने कुनै न कुनै किसिमको दस्तूरी लाग्छ भनी लिई दिई काम गर्ने गराउने प्रवृत्ति व्याप्त हुनु,
- तोकिएको समयमा तोकिएको काम सम्पन्न नहुँदा पटक-पटक आउनु जानु पर्ने हुँदा यातायात, बास, होटल खर्च लगायतका सेवाग्राहीको अनावश्यक खर्च हुने र सो खर्चलाई पनि मुद्दा लड्दा भएको खर्च मानिनु,
- मोफसलमा मुद्दाका जानिफकार, ठालू तथा विचौलीया समेतलाई सदरमुकाममा प्रत्येक तारेखमा र वकील भेट्न समेत पक्षले आफ्नै खर्चमा सदरमुकाम ल्याई होटेलमा राखी ख्वाउनु पियाउनु समेत गर्नु पर्दा ठूलो खर्च हुनु,
- कानून व्यवसायीले मस्यौदा गर्नु पर्ने, बहस गर्नु पर्ने लगायतका कामको लागि लिइने पारिश्रमिक पक्षको हैसियत, विवादको विषयवस्तु र कानून व्यवसायीको प्रवृत्तिअनुसार अनियन्त्रित हुनु,
- सामान्य अवस्थामा बाहेक आर्थिक तथा सामाजिक रुपमा असहाय र असक्षम अवस्थामा रहेका कमजोर पक्षको समस्यालाई अदालतले सम्वोधन गर्न सक्ने कानूनको अभाव रहनु,

- म्याद तारेख थाम्ने थमाउने, पेशी हटाउने, पटक पटक प्रमाण बुझ्ने, नक्सा सर्जमिन गर्ने जस्ता विविध खाले प्रक्रियागत जटिलता र कमजोरीले पनि न्यायलाई ढिलो मात्र नभई महङ्गो समेत बनाइएको अवस्था रहनु,
- न्यायिक प्रक्रियामा जुनसुकै नाममा हुने सम्पूर्ण खर्चलाई अदालती दस्तूरसँग गाँस्ने प्रवृत्ति रहनु,
- अदालतहरूमा आवश्यक स्रोत साधनको अभावको अवस्था रहनु,
- पक्षको दुःख र हैरानीप्रति न्यायिक जनशक्ति संवेदनशील नहुनु,
- केही कानून व्यवसायी तथा वारेसले पक्षमा रहेको कानूनी अज्ञानताको फाइदा उठाई बढी रकम असूलउपर गर्ने गरेको भन्ने जनगुनासो रहनु,
- विचौलीयाको झूठा आश्वासनमा पक्षले विश्वास गर्नु,
- नियमित कामको लागि समेत अतिरिक्त रकम लिने न्यायाधीश तथा कर्मचारीहरूलाई आवश्यक कारवाही गर्ने व्यवस्थालाई प्रभावकारी बनाउन नसक्नु,
- समयसापेक्ष रुपमा संशोधन गर्न भनी अदालतले पेश गरेका ऐन, नियमका व्यवस्थाहरू सरकार र व्यवस्थापिका-संसदबाट समयमै संशोधन हुन नसक्नु, र
- अदालतको आवश्यकताअनुसार समय समयमा गठन हुने समिति, कार्यदलको प्रतिवेदन समयमै कार्यान्वयन गर्न न्यायिक नेतृत्व स्वयं र सरकार समेत उदासीन रहनु ।

### ४.२.२ अनुमानित मात्रा

न्याय महङ्गो भनिएपनि न्याय नै पाउन नसक्ने अवस्थामा पुगेको स्थिति भने देखिँदैन । तर, रकमको अभावमा न्याय विमुख हुनुपर्ने जनताको उपस्थितिलाई सम्वोधन गर्न नसक्दासम्म न्यायप्रणालीप्रति जनताको आस्था र विश्वास कायम गर्न कठिन हुन्छ । न्याय महङ्गो पार्नमा अदालतका साथै यससँग सम्वद्ध र आवद्ध व्यक्ति, संघ, संस्थाको भूमिका बढी देखिएको छ । त्यस सँगसँगै विद्यमान कानूनी व्यवस्था समेत त्यत्ति नै जिम्मेवार देखिन्छ । अदालतबाट सम्पादन गरिने न्यायलाई महङ्गो बनाउनुमा सबैभन्दा बढी भूमिका विचौलीयाहरूको रहेको देखिन आउँछ ।

### ४.४ पारदर्शिताको अभाव

### ४.४.१ कारणहरू

अदालती काम कारवाहीमा पारदर्शिताको अभाव हुनु पनि समस्याको रुपमा रहेको छ । जसका निम्न कारण देखिन्छन् :-

- सञ्चार माध्यमसँगको सम्बन्धलाई परिभाषित नगरिनु,
- कुनै विवादास्पद विषयमा आएको समाचारको आवश्यकताअनुसार खण्डन गर्ने र स्पष्ट पार्ने तर्फ भन्दा चूप लागेर बस्ने प्रवृत्ति कायम रहनु,
- आफूभन्दा माथिल्ला अधिकारीले गरेको काममा प्रश्न उठाउनु हुँदैन भन्ने परम्परागत मानसिकताबाट कर्मचारीहरू ग्रसित हुनु,
- न्यायपालिकाका सकारात्मक काम कारवाहीको प्रचार प्रसार सञ्चारका माध्यमबाट नहुनु वा ज्यादै न्यून मात्रामा हुनु,
- न्यायपालिकाबाट गरिने काम वा दिइने कतिपय निर्णयमा पर्याप्त आधार र कारण नखोलिनु,
- वजेट बाँडफाँड, खर्च र प्रयोगमा उपयुक्त मापदण्डको अभाव हुनु,
- कानून व्यवसायी, कर्मचारी र न्यायाधीशको सम्पत्ति गोप्य राखिनु,
- कानून व्यवसायीको शुल्क निश्चित नगरिएको कारणबाट कानून व्यवसायीको इच्छामा निर्भर हुनु,
- मुद्दा कहिले निर्णय हुन्छ भन्ने सूचना पक्षलाई यकीन रुपमा दिन नसक्नु,
- आफ्ना मान्छेका गलत कामहरू ढाकछोप गर्ने संरक्षणवादी प्रवृत्ति कायमै रहनु,
- निश्चित पद्धति भन्दा पनि व्यक्तिगत इच्छाको भरमा काम गर्ने र हुने प्रवृत्ति कायम रहनु,
- आफ्नो मान्छेलाई मात्र सुविधा र अवसर प्रदान गर्ने प्रवृत्ति केही हदसम्म न्यायिक तथा प्रशासनिक नेतृत्वमा कायम रहनु,
- अदालती काम कारवाहीको नियमित सूचना सम्प्रेषण र प्रवाहको प्रभावकारी व्यवस्था नहुनु,
- असल नियतले गरेको कामप्रति समेत शंकाको दृष्टिकोणले हेरिनु र कारवाहीको घेरामा ल्याउने प्रवृत्ति हुनु,

### ४.४.२ अनुमानित मात्रा

अदालतका काम कारवाहीहरू अपेक्षाकृत पारदर्शी हुन्छन् । नक्कल सार्न पाइने व्यवस्था तथा खुल्ला इजलासमा सुनुवाई हुने जस्ता कार्य प्रणालीले पनि न्यायिक काम कारवाहीलाई पारदर्शी तुल्याएका छन् । तर, त्यत्तिले मात्र पारदर्शिता भएको मान्न सकिँदैन । सञ्चार माध्यमसँग सम्बन्धको आधार निश्चित नगरिएको कारणबाट सञ्चार माध्यमको राम्रो र सकारात्मक सहयोग लिन सकिएको छैन । यदाकदा समाचारहरू भ्रामक हिसावले गइदिँदा जनता तथा सेवाग्राहीमा राम्रो सन्देश जान सकेको छैन । अदालत स्वयंले चासो दिई आवश्यक स्रोत, साधन र जनशक्ति जुटाई अदालती काम कारवाहीलाई बढी पारदर्शी बनाउन व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ ।

## ४.५ आर्थिक अनियमितता र भ्रष्टाचार

### ४.५.१ कारणहरू

न्यायिक विकृति ल्याउने प्रमुख समस्याको रुपमा आर्थिक अनियमितता र भ्रष्टाचारलाई लिन सकिन्छ । त्यसका प्रमुख कारण निम्न देखिन्छन् :

- आर्थिक अनियमितता र भ्रष्टाचार गर्नेलाई सशक्त र उपयुक्त किसिमको कारवाही नहुनु,
- आर्थिक अनुशासनका विषयमा प्रश्न उठेको अवस्थामा तत्कालै छानवीन गरी सत्य तथ्य सार्वजनिक गर्ने परिपाटीको अभाव देखिनु,
- न्यायपालिकाको वजेटको औचित्यपूर्ण वितरणमा समस्या रहनु,
- मातहतका अदालतका लागि आवश्यक पर्ने भौतिक साधनहरूको व्यवस्थापनमा समेत केन्द्रबाटै नियन्त्रण गर्ने परिपाटी कायम रहनु,
- गैसस र अगैससको प्रभावमा परी न्याय निरुपण गरियो भन्ने आशंकाले ठाउँ पाउनु,
- वैदेशिक सहायता जहाँ जे जस्तो रुपमा प्राप्त भएपनि स्वीकार्ने प्रवृत्ति बढ्नु,
- न्याय परिषद्, न्याय सेवा आयोग र विभागीय प्रमुखले आफ्नो अधिकार र जिम्मेवारीको प्रभावकारी प्रयोग र कार्यान्वयन नगर्नु,
- कर्मचारीलाई कामको आधारमा सेवा सुविधा र अतिरिक्त कामको रकम दिन नसक्नु,
- न्याय सेवाका कर्मचारीलाई न्यायिक भत्ता दिने भनी कारवाही अगाडि बढाइए पनि सो व्यवस्था लागू हुन नसक्नु,

- कर्मचारीहरू विभिन्न संघ/संगठनमा आवद्ध र सक्रिय भै संस्थागत तथा पदीय अनुशासनमा नरहने प्रवृत्ति हावी हुँदै जानु,
- न्यायाधीश र कर्मचारीहरुका बीचको सेवा र सुविधामा ठूलो अन्तर रहनु,
- मुद्दाका पक्षहरूमा जुनसुकै तरिकाले पनि मुद्दा जित्नै पर्ने मानसिकता हुनु,
- अदालत र न्यायाधीशको नाममा पैसा असुल्ने गरेको भन्ने जनगुनासो रहेको सन्दर्भमा त्यस्तो कार्यमा संलग्न कानून व्यवसायी, कर्मचारी, सरकारी वकील, प्रहरी, वारेस, विचौलीयाहरूको पहिचान गरी त्यस्ता व्यक्तिहरूलाई निरुत्साहित र दण्डित गर्न नसकिनु,
- भनसुन र व्यक्तिगत भोज भतेरको निमन्त्रणालाई स्वीकार गर्ने न्यायाधीश अनियमिततामा संलग्न भएको भन्ने आशंका रहनु,
- अदालतको फैसला उपर पुनरावेदन नगर्ने नाममा सफाई पाउने र चित्त बुझाउने पक्षसँग सरकारी वकीलको साँठगाँठ रहेको भन्ने गुनासो यथावत् रहनु,
- अदालतमा ठूलो दावी लिए थुनिने त्रास देखाई पक्षसँग कुरा मिले सरकारी वकीलले सानो दावी लिई अभियोगपत्र पेश गर्ने जस्तो प्रवृत्ति समेत यदाकदा देखिनु, र
- अदालतमा भ्रष्टाचार हुन्छ र बिना खर्च मुद्दा जितिँदैन भन्ने धारणा सेवाग्राहीमा रहनु र त्यसमा परिवर्तन ल्याउन नसकिनु ।

### ४.५.२ अनुमानित मात्रा

उल्लिखित दृष्टान्तहरूबाट न्यायिक काम कारवाहीमा आर्थिक अनियमितता र भ्रष्टाचारले समेत प्रभाव पारेको भन्ने कुरालाई नकार्न सकिँदैन । कार्यदलले गरेको छलफल अन्तर्क्रिया समेतबाट भ्रष्टाचारका रुपमा निम्न माध्यमहरू प्रमुख रुपमा विद्यमान रहने गरेको भन्ने अवस्था देखा पर्दछ :

- आर्थिक लेनदेन,
- सानातिना लेनदेन,
- भनसुन,
- कोसेलीपात,
- गैसस, अगैसससँगको अनपेक्षित संलग्नता ।

न्यायपालिकामा भ्रष्टाचारको मात्रा बढी भएको भनी अतिरञ्जित समाचार सम्प्रेषण हुने गरेको कारणले गर्दा पनि न्यायपालिकाप्रतिको दृष्टिकोण दिन प्रतिदिन नकारात्मक बन्दै गएको अवस्था छ । अदालतमा हुने सानातिना खुद्रे लेनदेन, भनसुन, कोसेलीपात र गैसस, अगैससँगको अनपेक्षित सम्पर्कबाट हुने भ्रष्टाचारको अनुमानित मात्रालाई यदाकदा हुने अपवादात्मक घटनाक्रम भनेर कम आँकलन गर्न मिल्ने अवस्था भने छैन । तर, त्यस्ता कुनै पनि खालका भ्रष्टाचारको मात्रामा सूचना संकलन, छलफल र अन्तर्क्रियाबाट देहायका वर्ग, समुदाय, व्यक्ति र संस्था जिम्मेवार रहेको भन्ने देखा पर्दछ :

- न्यायाधीशका आफन्त, नातेदार र साथीभाई,
- न्यायाधीश स्वयम्,
- कानून व्यवसायी,
- मुद्दाका पक्ष विपक्ष,
- बिचौलीया,
- कर्मचारी,
- सरकारी वकील,
- प्रहरी, र
- गैसस, अगैसस ।

माथि पहिचान हुन आएका आन्तरिक र बाह्य समस्याहरूलाई दृष्टिगत गर्दा न्यायपालिकाले अवलम्वन गरी आएको संयमपूर्ण कार्यशैली, सञ्चार माध्यमसँग कायम गरिएको दूरी र जिम्मेवार निकायहरुको निष्क्रियताले गर्दा न्यायपालिका वास्तविकता भन्दा बढी मात्रामा अफवाहको शिकार भएको छ । सेवाग्राहीको सबभन्दा पहिले सम्पर्क हुने कानून व्यवसायी तथा ल फर्मका सहयोगी र अदालतमा मुद्दा दर्तामा जिम्मेवारी वहन गर्ने कर्मचारीको व्यवहारले भ्रष्टाचारको मात्रा अत्यन्त गम्भीर रहेको भन्ने जनमानसमा भ्रम पर्न गएको छ । प्रहरी अनुसन्धानको कमजोरी र सरकारी वकीलको कमी कमजोरीबाट निर्णयमा पर्ने स्वाभाविक प्रभावको जिम्मेवारी पनि न्यायपालिकाले वहन गर्नु परिरहेको छ । बिचौलीयाको चलखेलले समस्त न्यायपालिकाप्रतिको जनआस्थाको मात्रामा गम्भीर

असर परिरहेको छ । मुद्दामा आफ्ना कमी कमजोरी लुकाउन न्यायपालिकालाई विकृति र विसंगतियुक्त संस्थाका रुपमा सेवाग्राहीसमक्ष चित्रण गर्ने विचौलीया र केही कानून व्यवसायीको प्रवृत्ति पनि न्यायपालिकालाई विकृतियुक्त निकायको रुपमा प्रस्तुत गर्न जिम्मेवार रहेको अध्ययनबाट देखिएको छ ।

## परिच्छेद् - पाँच

## निष्कर्ष, समाधानका उपाय तथा सुझावहरू

यस अघिको परिच्छेद्मा न्यायपालिकाभित्रको विकृति विसंगतिका प्रमुख कारकहरूका बारेमा विस्तारमा चर्चा गरिएको छ । त्यसरी समस्याको पहिचान गरिएका समस्याहरूको समाधानका उपायहरूको खोजी नै यस अध्ययनको प्रमुख उद्देश्य भएकाले यस परिच्छेद्मा त्यस्ता उपायहरू पहिल्याउने कोशिस गरिएको छ ।

अदालती विकृति जन्माउन र फैलाउन भूमिका खेल्ने विभिन्न खालका समस्याहरूलाई सम्वोधन गरी समाधान गर्न विभिन्न उपायहरू अवलम्वन गर्नुपर्ने निष्कर्षमा यो कार्यदल पुगेको छ । न्यायपालिकालाई विकृतिविहीन तुल्याउने कुरा न्यायपालिका एक्लैको प्रयासमा मात्र सम्भव हुँदैन । तर, यसका लागि न्यायपालिकाले नै सक्रिय र सकारात्मक भूमिका निभाउनु पर्ने हुन्छ । यथार्थमा भन्नु पर्दा न्याय सम्पादनको कार्य बहुआयामिक विषय हो । न्यायिक कार्यलाई न्यायका सरोकारवालाहरू सबैको सामूहिक प्रयत्नको उपजका रुपमा लिने गरिन्छ । न्यायका सरोकारवाला निकायहरू र त्यस्ता निकायसँग सम्बद्ध व्यक्तिहरू मध्ये कुनै एउटाले मात्र पनि असहयोग गरेमा वा तिनीहरूमा कार्यक्षमताको अभाव भएमा वा तिनीहरूले कार्यसम्पादनमा लापरवाही गरेमा वा उनीहरूको काम कारवाहीमा विकृति विसंगति देखिएमा त्यसको सीधा असर न्यायिक कार्यमा पर्दछ र अन्ततोगत्वाः समग्र न्यायप्रणाली प्रभावित हुन पुग्दछ । त्यसैले सरोकारवालाहरूको जिम्मेवारी र भूमिकाको विषय न्यायपालिकामात्र नभएर सिंगो न्याय प्रणालीप्रतिको जनताको आस्था र विश्वाससँग अन्योन्याश्रित रुपमा जोडिने विषय बन्न पुगेको छ ।

न्यायपालिकाका सरोकारवालाहरू मध्ये कुनै एक अंगमा लागेको दागको धब्बा न्यायपालिकामा प्रतिविम्वित हुने वास्तविकता र जुनसुकै सरोकारवालाबाट भएका कमी कमजोरी र त्रुटिलाई न्यायपालिकाबाटै भएको ठान्ने र सबै कसिङ्गर न्यायपालिकामाथि नै थोपर्ने प्रवृत्तिले गर्दा सुशासनयुक्त न्यायपालिकाको अपेक्षा राख्दा सरोकारवाला सबैभित्र सुशासन र स्वच्छता कायम गर्नु अपरिहार्य हुन्छ । न्यायपालिकाभित्रै पनि केहीको कमजोरीको प्रतिविम्व सिंगो संस्थामा देखिने कुरालाई हृदयंगम गरी संस्थाभित्रका सबैले आ-आफ्नो क्षेत्रबाट स्वच्छ निष्पक्ष र प्रभावकारी कार्य सम्पादनको प्रतिबद्धता व्यक्त हुनु जरुरी हुन आउँछ । त्यसैले संस्थाभित्र र बाहिर सबैतिर स्वच्छता कायम गर्न सबैले

व्यक्तिगत रुपमा पनि जिम्मेवारीवोध गर्नुपर्ने र काम कारवाहीको निरन्तर अनुगमन र मूल्याङ्कन गर्ने परिपाटी बसाल्न सोसम्बन्धी संयन्त्रहरूलाई प्रभावकारी बनाएर अघि बढ्नु पनि उत्तिकै आवश्यक हुन्छ ।

तुलनात्मक रुपमा भन्नु पर्दा न्यायपालिका यथार्थमा भन्दा अतिरञ्जित अफवाहले बढी आक्रान्त छ । न्यायपालिकाभित्रका विकृति बाहिर चर्चामा आए जतिको सघन छैनन् । सानातिना त्रुटि कमजोरीलाई पनि बढाइचढाई गर्ने र व्यक्ति विशेषबाट भएका गलत कार्य र कमजोरीको दोष सिंगो संस्थामाथि थोपर्ने प्रवृत्तिले गर्दा न्यायपालिकाप्रतिको जनताको आस्था र विश्वासमा आँच पुगेको अवस्था देखिन्छ । न्यायपालिकाभित्रका केही कमजोर पक्षलाई आधार बनाएर न्यायपालिकाले हासिल गरेका उपलब्धिहरूको मूल्याङ्कन नगर्ने प्रवृत्ति विद्यमान रहेको छ । सञ्चार माध्यमहरूले केही घटनाहरूलाई नै समग्रता मानी त्यसैका आधारमा समाचार सम्प्रेषण गर्ने, सेवाग्राहीहरू न्यायपालिकाबाट थालनी गरिएका विभिन्न सुधारात्मक प्रयासहरू, सेवाग्राही मैत्री कार्यक्रमहरूको प्रभावकारिता, सेवाग्राहीहरूप्रतिको व्यवहारमा आउन थालेको सुधार जस्ता पक्षहरूमा भन्दा कुनै स्थान विशेष र व्यक्ति विशेषबाट भएका कमजोरीलाई आधार बनाएर आलोचक बन्ने, कानून व्यवसायीहरूले न्यायपालिकाको महत्त्वपूर्ण अंग आफू पनि हुँ भन्ने यथार्थलाई बिर्सेर यदाकदा न्यायपालिकाप्रति अस्वाभाविक आक्षेपहरू लगाउने, राज्यका अन्य अंगहरूले न्यायपालिकालाई आवश्यक सहयोग नपुऱ्याई निरुत्साहित गर्ने हो भने त्यसले न्यायपालिकालाई कमजोर बनाउँछ, न्यायपालिकाको गरिमा र मर्यादामा चोट पुग्दछ ।

न्यायपालिका यस्तो संस्था हो, जसले आफूलाई पूर्ण रुपमा विकृतिविहीन तुल्याएर अन्य संस्थाहरूका लागि उदाहरण प्रस्तुत गर्नु पर्दछ । किनभने न्यायपालिकाको प्रमुख जिम्मेवारी भनेकै कानूनको शासन स्थापित गर्नु हो, भ्रष्टाचारजन्य क्रियालाई दण्डित गर्नु हो, नागरिकका हक अधिकारहरूको सुरक्षा गर्नु हो । त्यसैले न्यायपालिकालाई सबैको सामूहिक प्रयत्नबाट साँचो अर्थमा विकृतिविहीन न्यायपालिकाका रुपमा स्थापित गर्ने अभियानको प्रारम्भ न्यायपालिकाले नै गरेको छ, यो अध्ययन त्यही अभियानको एउटा कडी हो । अध्ययनबाट न्यायपालिकाभित्र र बाहिरका समस्याहरू पहिचान गरिएको हुँदा अबको प्रयास भनेको समस्याहरूको समाधान गर्दै अघि बढ्ने र त्यस क्रममा सरोकारवाला सबैलाई क्रियाशील गराउने हुनु पर्दछ भन्ने यस कार्यदलको निष्कर्ष छ ।

कार्यदललाई समस्या समाधानका अल्पकालीन र दीर्घकालीन उपायहरू सिफारिश गर्ने र सिफारिश कार्यान्वयन तथा अनुगमन गर्ने निकायको प्रभावकारीताका उपाय निर्धारण गर्ने प्रमुख

जिम्मेवारी सुम्पिइएको परिप्रेक्ष्यमा प्रस्तुत अध्ययनबाट विद्यमान समस्याहरूको समाधानका लागि विभिन्न उपायहरूको अवलम्वन गर्नु पर्ने देखिएको छ । त्यस्ता उपायहरूलाई दीर्घकालीन र अल्पकालीन गरी दुई वर्गमा विभाजन गरी देहायमा प्रस्तुत गरिएको छ :

## ५.१ दीर्घकालीन उपायहरू

दीर्घकालीन उपायहरूअन्तर्गत विभिन्न संहिताहरूको निर्माण, विशिष्टीकृत ऐनको व्यवस्था र विद्यमान कानूनमा समसामयिक परिमार्जन, अनुसन्धान प्रणालीको पुनरावलोकन, न्याय परिषद्को संरचनागत परिमार्जनलगायतका देहायका विषयहरूलाई समेटिएको छ । यी विषयहरू न्यायपालिका एक्लैको प्रयासमा सम्भव नहुने र त्यसका लागि अध्ययन अनुसन्धानको निश्चित प्रक्रिया पार गरी निष्कर्षमा पुग्नुपर्ने आवश्यकता रहने हुँदा त्यसलाई दीर्घकालीन उपायका रुपमा राखिएको हो । तर, दीर्घकालीन उपायअन्तर्गत परेका विषयलाई सम्वोधन गर्न सम्बन्धित निकायले उदासीनता देखाउने हो भने विकृतिविहीन न्यायपालिकाको अभियानले सार्थकता पाउन सक्ने छैन ।

- संविधान निर्माणमा स्वतन्त्र न्यायपालिकाको प्रत्याभूति, न्यायाधीश नियुक्तिको मापदण्ड निर्धारण र न्याय परिषद्को पुनर्संरचना गरिनु पर्ने ।
- सरलीकृत देवानी र फौजदारी संहिता तथा कार्यविधि संहिताहरू तर्जुमा गरी लागू गरिनु पर्ने ।
- विचौलीयाका क्रियाकलापहरुलाई कारवाहीको दायरामा ल्याउन सो समेतका विषयवस्तुहरुलाई समेट्ने गरी अदालतको अवहेलनासम्बन्धी छुट्टै ऐन तर्जुमा गरी लागू गरिनु पर्ने ।
- न्याय सेवाका कर्मचारीहरूका लागि छुट्टै सेवा शर्त सम्बन्धी ऐन हुनु पर्ने ।
- न्यायपालिकाका आर्थिक अनियमितता र भ्रष्टाचारका सम्बन्धमा छुट्टै ऐन तर्जुमा गरी लागू गरिनु पर्ने ।
- कोर्ट फी ऐन र आय टिकट दस्तूर ऐनमा समसामयिक संशोधन गरिनु पर्ने ।
- अ.वं. १७ नं. को सुधारात्मक क्षेत्राधिकार बारे पुनर्विचार हुनु पर्ने ।
- म्याद र हदम्याद घटाउनु पर्ने र थाहा पाउने अवस्था सम्बन्धमा व्यावहारिक मापदण्डयुक्त कानूनी व्यवस्था गरिनु पर्ने ।
- न्याय परिषद्मा न्यायाधीशका अनियमित काम कारवाही र आचरणका सम्बन्धमा छानवीन गर्न संयन्त्र निर्माण गरी त्यसलाई प्रभावकारी रुपमा परिचालन गरिनु पर्ने ।

- गम्भीर अपराधका अभियुक्तलाई विदेश वा स्वदेशमै स्थानहद गर्ने व्यवस्था हुनुपर्ने ।
- नेपालका सन्दर्भमा मुद्दा चलाउने/नचलाउने विषयमा प्रहरीले राय बझाउन सक्ने साविकको व्यवस्थाको उपयोगिता समेतका सम्बन्धमा अध्ययन अनुसन्धान गरी सो सम्बन्धमा समसामयिक र व्यवहारिक रुपमा सुधार गरी लागू गरिनु पर्ने ।
- अनुसन्धान तथा अभियोजन त्रुटिपूर्ण देखिएको अवस्थामा सरकारवादी फौजदारी मुद्दाहरूमा पुनः अनुसन्धान एवं अभियोजन वा पूरक अभियोजनको व्यवस्था प्रभावकारी रुपमा लागू गर्नु पर्ने र त्यसप्रकारको निर्देशन अदालतबाट हुन सक्ने गरी सम्बन्धित कानूनहरूमा परिमार्जन गरिनु पर्ने ।
- सरल र प्रभावकारी फैसला कार्यान्वयन ऐन/नियमावली तर्जुमा गरी लागू गरिनु पर्ने ।
- सानातिना मुद्दामा संक्षिप्त प्रक्रिया (समरी ट्रायल) अदालतको अवधारणाअनुरुपको व्यवस्था गरिनु पर्ने ।
- नेपाल कानून व्यवसायी परिषद् ऐनमा समसामयिक सुधार गरिनु पर्ने ।

### ५.२ अल्पकालीन उपायहरू

अल्पकालीन उपायहरू अन्तर्गत न्यायपालिका र यसका सरोकारवाला निकायहरूको सहकार्यमा तत्काल गर्न सम्भव हुने विषयहरूलाई समावेश गरिएको छ । कार्यविधि कानूनमा सुधारको विषयमध्येका केही विषय विधायिकी अधीनको विषय भएपनि अदालत नियमावलीहरूमा संशोधन र परिमार्जन गरी त्यसको तत्कालीन समाधान खोज्न सकिने कार्यदलको निचोड रहेको छ । त्यसैगरी न्यायिक नेतृत्वले दृढ इच्छाशक्ति देखाउन सकेमा न्याय परिषद् र न्याय सेवा आयोगको विद्यमान संरचनाअन्तर्गत नै ती निकायहरूलाई प्रभावकारी रुपमा परिचालन गर्न सकिने अवस्थालाई पनि यसमा ईंगित गरिएको छ । त्यसका अतिरिक्त सञ्चार माध्यमसँगको सम्बन्धलाई परिभाषित गरी समन्वयात्मक ढंगले कार्य गर्नु पर्ने विषय, अदालत व्यवस्थापनका विविध क्षेत्रमा बारसँग सहकार्य गर्दै अघि बढ्नु पर्ने विषय, न्यायपालिकाको प्रशासनिक नेतृत्वले वहन गर्नु पर्ने जिम्मेवारीको विषय, सेवाग्राहीमैत्री कार्यक्रमहरूको सञ्चालन र उनीहरूसँगको सम्बन्ध सुधारको विषय, अपराध अनुसन्धान र अभियोजन पक्षको प्रभावकारीताको विषय र अध्ययन अनुसन्धानका विषयहरूलाई यसअन्तर्गत समावेश गरी देहायबमोजिम प्रस्तुत गरिएको छ :

### ५.२.१ कार्यविधि कानूनमा सुधार

विद्यमान कार्यविधि कानून जटिल, झण्झटिलो र लामो समय व्यतीत हुने खालको रहेको छ भन्ने गुनासो कायमै रहेको सन्दर्भमा कार्यविधि कानूनलाई समयानुकूल परिमार्जनको आवश्यकतावोध गरिएको छ । कार्यविधि कानूनको ठूलो हिस्सा मुलुकी ऐनले लिएको सन्दर्भमा सो को परिमार्जनको विषय न्यायपालिकाको मात्र अधीनमा नरहने यथार्थ हुँदा हुँदै पनि सम्बन्धित निकायहरूबाट यथोचित सहयोग प्राप्त हुने अपेक्षाका साथ अदालत नियमावलीहरूमा थप, संशोधन र परिमार्जनको विषय न्यायपालिका आफैंले व्यवस्थापन गर्न सक्ने विषय भएकाले त्यस्ता विषयमा न्यायिक नेतृत्वले तत्कालै पहल गर्नु पर्ने आवश्यकता यस कार्यदलले महसूस गरेको छ । त्यसै सन्दर्भमा कार्यविधि कानूनमा सुधारका क्षेत्रहरूलाई देहायमा औंल्याइएको छ :

- अदालत नियमावलीहरू (सर्वोच्च/पुनरावेदन/जिल्ला अदालत नियमावलीहरू) मा संशोधन गरिनु पर्ने-
  - पुनरावेदन तहमा तारेख हटाउने ।
  - फैसला कार्यान्वयन निर्देशनालयको स्थापना ।
  - पुनरावेदन अदालतमा पनि क्रमशः समूहकृत मुद्दा प्रणाली (प्यानल) लागू गर्ने ।
- प्रमाण संकलन र परीक्षणमा व्यापक सुधार गरिनु पर्ने ।
- लिखत तयार गर्दा सरल मस्यौदा ढाँचा विकसित गराइनु पर्ने ।
- शुरु तहमा मेलमिलाप प्रक्रियालाई उच्च महत्त्व प्रदान गरी प्रोत्साहित गर्ने ।
- दोहोऱ्याई पाऊँ र अ.वं. १७ नं. समेतका निवेदनमा शीघ्र निर्णय दिनुपर्ने र त्यस्ता निवेदन साथ आवश्यक कागज समेत पेश हुनुपर्ने ।
- अदालतमा मुद्दा दर्ता भएदेखिका फैसलासम्मका प्रक्रिया जनिने गरी समयसारिणी (क्यालेण्डर) बनाई मुद्दाका पक्षलाई उपलब्ध गराउनु पर्ने ।
- फैसला भएपछि फैसलाको प्रतिलिपि प्राप्त गर्ने अबधि निश्चित गरी दिन र समय तोकी पक्षलाई जानकारी गराउनु पर्ने ।
- प्रमाण मुकरर पेशीमा मुद्दाका पक्षहरू बीच मुख नमिलेको कुरा र मुद्दामा ठहर गर्नु पर्ने कुराको पहिचान गर्ने, हदम्याद, हकदैया, अदालतको अधिकारक्षेत्र जस्ता प्राविधिक कारणवाट

मुद्दा खारेज हुने अवस्था रहे नरहेको यकीन गर्ने तथा पक्षहरूका बीच मुख मिलेको कारणबाट प्रमाण बुझिरहनु पर्ने अवस्था नभए मुद्दा फैसला गर्ने समेतको कार्य गर्ने गरी सो पेशीलाई **"पूर्व सुनुवाइ छलफल"** को रुपमा प्रयोगमा ल्याइनु पर्ने ।

- प्रमाण मुकरर आदेश भन्दा पहिले पक्षहरूले चाहँदै नचाहेमा बाहेक निश्चित प्रकृतिका मुद्दा बाहेक सबै मुद्दा मेलमिलापमा पठाउनै पर्ने व्यवस्था हुनुपर्ने ।
- गम्भीर एवं जटिल प्रकृतिका मुद्दाको सुनुवाई निरन्तर हुनुपर्ने । खासगरी सरकार वादी फौजदारी मुद्दामा यो प्रक्रियाको प्रारम्भ तत्काल गरिनु पर्ने ।
- अपवादको अवस्थामा बाहेक दशीका सामान तुरुन्त जाहेरवालालाई फिर्ता दिनुपर्ने ।

### ५.२.२ न्याय परिषद्/न्याय सेवा आयोगको सक्रियता बढाउने

न्याय परिषद् र न्याय सेवा आयोगलाई संविधानले नै संवैधानिक अंगका रुपमा राखेको छ । न्यायिक स्वतन्त्रतालाई जीवन्त राख्ने प्रयोजनका लागि न्यायाधीशहरूको नियुक्ति, सरुवा, कार्यक्षमता वा आचरणको मूल्याङ्कन र कारवाहीको प्रक्रियामा न्याय परिषद्लाई महत्त्वपूर्ण जिम्मेवारी सुम्पिइएको पाइन्छ । त्यसैगरी न्यायसेवाका अधिकृत कर्मचारीहरूको  सरुवा, बढुवा तथा विभागीय कारवाही समेतका विषयमा न्यायसेवा आयोगले भूमिका निर्वाह गर्दछ । यी दुबै निकायलाई छुट्टा छुट्टै निकायका रुपमा राखिएको भए पनि एउटै सचिवालयअन्तर्गतका कार्य सञ्चालन हुँदै आएको अवस्था छ । दुबै निकायको नेतृत्वमा प्रधान न्यायाधीश रहने अवस्थाले दुबै निकायलाई प्रभावकारी बनाउने विषय स्वाभाविक रुपमा न्यायिक नेतृत्वसँग जोडिन पुगेको छ ।

ती निकायअन्तर्गतका संयन्त्रहरूलाई क्रियाशील गराई कानूनले निश्चित गरे बमोजिमको अनुगमन नियन्त्रण समेतका माध्यमबाट न्यायिक जनशक्तिमा स्वच्छता, शुद्धता, इमान्दारी, नैतिकता, अनुशासन, निष्ठा कायम गराएर सुशासनको अनुभूति गराउनु पर्ने आवश्यकता महसूस गरिएको हुँदा यहाँ केही सुझावहरू प्रस्तुत गरिएको छ :

- कानूनले निर्धारित गरेका न्याय परिषद्सँग सम्बन्धित नियमन र अनुगमनका संयन्त्रहरूलाई सक्रिय बनाइनु पर्ने ।
- न्यायाधीश नियुक्ति प्रक्रियालाई प्रणालीवद्ध र पारदर्शी बनाउनु पर्ने, त्यस प्रयोजनका लागि न्याय परिषद् ऐनको दफा ४ मा रहेको कार्यविधिगत व्यवस्थालाई प्रभावकारी बनाइनु पर्ने ।

- न्यायपालिकाभित्रका कुनै ठाउँलाई आकर्षक र कुनै ठाउँलाई अनाकर्षक भनी छुट्याएको जस्तो देखिनु र व्यवहार गरिनु आफैंमा विकृतिको परिचायक भएकोले सरुवा वा पदस्थापन गर्दा निश्चित मापदण्ड अपनाउनु पर्ने ।
- न्याय परिषद्लाई देहायका आधारमा सक्रिय बनाइनु पर्ने :
    - प्रधान न्यायाधीश हप्ताको एक दिन पूरै समय परिषद्मै बस्ने ।
    - कामको आधारमा मूल्याङ्कन गरी असल काम गर्ने न्यायाधीशलाई प्रोत्साहित गर्नुपर्ने ।
    - गलत निर्णयमा टिप्पणी प्रथा/उल्टी अभिलेख प्रथालाई प्रयोगमा ल्याइनु पर्ने ।
    - न्यायाधीश नियुक्तिमा यथासम्भव समावेशी सिद्धान्तलाई समेत आत्मसात् गर्दा पनि योग्यलाई मात्र स्थान दिनु पर्ने ।
    - परिषद्का पदाधिकारीहरूले गलत वा हुनै नसक्ने आश्वासन दिन नहुने ।
    - न्यायपरिषद्को बैठकलाई नियमित गराउन क्यालेण्डर बनाइनु पर्ने ।
- पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरुले न्याय परिषद् ऐनको दफा ४ख. मा तोकिए बमोजिम आफ्नो अदालत र मातहतका जिल्ला अदालतका न्यायाधीशहरुको काम कारवाहीको सम्बन्धमा निरीक्षण गरी मूल्यांकन प्रतिवेदन तथा मातहतका अदालतको न्यायिक गतिविधि समेतको जानकारी न्याय परिषद् सचिवालयमा पठाउने समेतको जिम्मेवारीलाई प्रभावकारी रुपमा निर्वाह गर्नु पर्ने र परिषद्ले त्यसलाई न्यायाधीशहरूको मूल्याङ्कनको आधार बनाउनु पर्ने ।
- न्याय परिषद्का काम कारवाहीमा आवश्यकताअनुसारको गोप्यता कायम गरिनु पर्ने ।
- उजूरी परेका फैसलाको सम्बन्धमा व्यापक रुपमा अध्ययन गर्ने परिपाटी बसाल्नु पर्ने ।
- सर्वोच्च अदालतका रजिष्ट्रार र न्याय परिषद् सचिवबीच उचित समन्वय कायम हुनु पर्ने ।
- उजूरी नपरी कारवाही नहुने प्रवृत्तिलाई त्यागी आफ्नै संयन्त्रहरूबाट अनुगमन र मूल्याङ्कन गरी त्यसका आधारमा कारवाही गर्ने पद्धति बसाल्नु पर्ने ।
- न्याय परिषद्ले प्रारम्भ गरेको कारवाही प्रक्रियालाई लामो समयसम्म विचाराधीन नराखी तुरुन्त निर्णय गरी उचित निकासा दिनुपर्ने ।

- न्यायाधीशको उल्टी रेकर्ड राख्ने प्रयोजनका लागि सम्बन्धित फैसलामा कानूनको व्याख्या वा प्रमाणको मूल्याङ्कन वा तथ्यको व्याख्या मध्ये केलाई आधार बनाइयो भन्ने कुरा निर्णयमा स्पष्ट रुपमा खुलाउनु पर्ने ।
- तथ्यको व्याख्या र प्रमाणको मूल्याङ्कनमा भएका त्रुटिलाई गम्भीर रुपमा लिई त्यसैका आधारमा छानवीन गर्ने पद्धति बसाल्नु पर्ने ।
- न्यायाधीशको असक्षमता हटाउन क्षमता विकासका कार्यक्रमहरूलाई प्राथमिकता दिई त्यसमा सम्बन्धित न्यायाधीशहरूलाई सहभागी गराउनु पर्ने ।
- न्यायाधीशमा उच्च मनोवल कायम राख्न उचित वातावरण बनाउनु पर्ने ।
- न्याय सेवा आयोगले न्याय सेवाका अधिकृत कर्मचारीहरूको सरुवालाई पारदर्शी र उपयुक्त आधारमा गर्ने गरी व्यवस्थित तुल्याइनु पर्ने ।
- अधिकृत कर्मचारीको बढुवा प्रक्रियालाई नियमित तुल्याउन त्यससम्बन्धी समयसारिणी ( क्यालेण्डर) समेत बनाई लागू गर्नु पर्ने ।

### ५.२.३ सञ्चार माध्यमसँगको सम्बन्ध र सूचना सम्प्रेषण

प्रभावकारी न्यायपालिकाको अपेक्षा गर्नेले न्यायप्रणालीमा देखिएका कमजोरी औंल्याउनु पर्दछ, तर त्यसलाई अतिशयोक्तिपूर्ण रुपमा प्रस्तुत गरिँदा त्यसले न्यायप्रणालीप्रति नै वितृष्णा जगाउन सक्छ, न्यायप्रणालीप्रतिको वितृष्णाको परिणाम न्यायपालिका मात्र कमजोर हुने होइन त्यसले समग्र राज्य व्यवस्थालाई नै असफलतातर्फ उन्मूख गराउँछ । त्यसैले सन्तुलित टिप्पणी, स्वस्थ्य आलोचना र रचनात्मक खवरदारी नै स्वच्छ र स्वतन्त्र न्याय प्रणालीको विकासका लागि महत्त्वपूर्ण आधार बन्न सक्दछ भन्ने कुरालाई हृदयंगम गरी सञ्चार माध्यमसँगको सम्बन्धलाई परिभाषित गर्दै अघि बढ्नु पर्ने र न्यायपालिकालाई कमजोर पार्ने निहीत उद्देश्यका साथ अतिरञ्जनापूर्ण समाचारहरूको सम्प्रेषणलाई निरुत्साहित गर्न सञ्चार क्षेत्रका आधिकारिक निकायहरू र न्यायपालिकाभित्रको समन्वय संयन्त्रका माध्यमबाट संस्थागत सम्बन्धको आधार खडा गर्नु पर्ने सन्दर्भमा केही सुझावहरू प्रस्तुत गरिएको छ :

- सञ्चार माध्यमसँगको सम्बन्ध निर्धारण गरी अन्तर्क्रियालाई निरन्तरता दिनु पर्ने ।
- सर्वोच्च अदालतको आफ्नै सूचना संयन्त्र (वेभसाईट) लाई अद्यावधिक गरी आफ्नो काम कारवाहीको यथार्थपरक रुपमा प्रचार प्रसार गरिनु पर्ने ।

- गलत खवरको तत्काल खण्डन गर्ने परिपाटी बसाल्नु पर्ने ।
- सार्वजनिक सरोकारको मुद्दाद्धारा लोकप्रिय हुने प्रवृत्तिलाई सबैले त्याग्नु पर्ने ।
- न्यायाधीश आचारसंहिता र कानून व्यवसायी आचारसंहिता तथा त्यसको परिपालनाको विषयलाई सञ्चार माध्यमहरुको सहयोगमा प्रचार प्रसार गरिनु पर्ने ।
- विचौलीयाहरुका पहिचान र उनीहरुको निगरानीमा सञ्चार माध्यम र विशेष गरी कानून पत्रकारहरुले सक्रियता देखाउनु पर्ने ।
- मुद्दाको सुनुवाई खासगरी थुनछेकमा सञ्चार माध्यमको आक्रामक रिपोर्टिङ र नारा जुलुससमेतले सही निर्णय दिन गम्भीर व्यवधान पैदा हुने गरेको पाईंदा त्यस्तो वातावरण हुन नदिन सम्बन्धित सबैले सहयोग गर्नु पर्ने ।
- सरोकारवालाहरूले अदालतबाट भएका राम्रा कामको प्रचार प्रसार गर्ने कुरालाई आफ्नो दायित्व सम्झी उत्साह देखाउनु पर्ने ।
- गलत रिपोर्टिङलाई निरुत्साहित गर्न प्रेस काउन्सिल, पत्रकार महासंघ र सञ्चार माध्यमसँग सम्बन्धित अन्य संघ, संस्थाहरूसँग समन्वय समितिको माध्यमबाट नियमित रुपमा छलफल र अन्तर्क्रिया गर्ने ।

### ५.२.४ कानून व्यवसायीसँगको सम्बन्ध र अपेक्षा

कानून व्यवसायीलाई अदालतको सहयोगी, अदालतको अधिकृत (Officer of the Court) र अदालतको मित्रका रुपमा लिइन्छ । कानून व्यवसायीको प्रमुख जिम्मेवारी भनेको आफ्नो पक्षको प्रतिरक्षा गर्नु हो, तर न्याय निरुपणको कार्यमा कानून व्यवसायीहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । उनीहरूको सहयोगबिना न्यायिक प्रक्रियालाई टुंगोमा पुऱ्याउने कार्य कठिन हुन्छ । कानून व्यवसायी पक्षको सर्वाधिक निकटमा रहेर काम गर्ने वर्ग भएकाले मुद्दाका पक्षले न्यायपालिकाप्रति राख्ने धारणाको निर्माणमा पनि उनीहरूको अहं भूमिका रहन्छ । प्रस्तुत अध्ययनका क्रममा र न्यायिक सुशासनका विषयमा यस अघि विभिन्न संघ संस्थाहरूबाट गरिएका अध्ययनले पनि अदालतभित्रको विकृतिको एउटा प्रमुख माध्यमका रुपमा कानून व्यवसायी र कानून व्यवसायीसँग सम्बद्ध व्यक्तिहरूलाई पनि शंकाको घेरामा राखेको पाइन्छ । न्यायिक प्रक्रियालाई छिटो, छरितो, कम खर्चिलो र पारदर्शी बनाउन कानून व्यवसायीको भूमिका अत्यन्त महत्त्वपूर्ण हुने देखिएको छ ।

कानून व्यवसायीहरूको भूमिका सम्बन्धी आधारभूत सिद्धान्तहरू, १९९० ले पनि कानून, न्याय प्रशासन, मानव अधिकारको प्रबर्द्धन र संरक्षण लगायतका न्याय तथा कानूनसँग सम्बन्धित विषयहरूलाई सार्वजनिक बहसमा ल्याउने अधिकार कानून व्यवसायीलाई हुन्छ । तर, त्यस्तो अधिकारको प्रयोग विद्यमान कानून र व्यावसायिक मर्यादा तथा नैतिकतासम्मत हुनुपर्दछ भन्ने मान्यता राखेको छ । नेपाल कानून व्यवसायी परिषद् ऐन र त्यसअन्तर्गत जारी गरिएको कानून व्यवसायीको आचार संहिताले पनि कानून व्यवसायीका निश्चित मूल्य मान्यतामा जोड दिएको छ । यसै पृष्ठभूमिमा विकृतिरहित न्यायपालिकाको स्थापनामा कानून व्यवसायीको सहयोगको अपेक्षासहित देहायमा केही बुँदाहरू प्रस्तुत गरिएको छ :

- विभिन्न तहका बार एकाइहरूसँगको अन्तर्क्रियालाई निरन्तरता दिनु पर्ने ।
- बहस व्यवस्थापनको कार्यमा कानून व्यवसायीले सहयोग गर्नु पर्ने ।
- पेशी हटाउने प्रवृत्तिलाई निरुत्साहित गर्न पेशी हटाउने कानून व्यवसायीको अभिलेख राख्नु पर्ने ।
- पेशी हटाउने काम पेशी सूची प्रकाशन हुनुअघि नै गरिसक्नु पर्ने व्यवस्था गरी त्यसलाई कडाइका साथ पालना गराउनु पर्ने ।
- कानून व्यवसायीको फर्म दर्ता गर्ने र निजको आम्दानी विवरण पारदर्शी बनाउने व्यवस्था गरिनु पर्ने ।
- कर नतिर्ने कानून व्यवसायीलाई सरकारी वा सरकार अधिनस्थ निकाय र सरकारी आयोग, समितिहरुमा कानूनी सल्लाहकार लगायतका पदमा नियुक्ति गर्न नहुने ।
- कानून व्यवसायीको बहसलाई महत्त्व दिने तथा मेल नखाने र अनावश्यक नजीर उद्धृत गरेमा त्यसको उल्लेख निर्णयमै गर्ने ।
- कानून व्यवसायीको सम्पत्ति विवरण कानून व्यवसायी परिषद्मा अनिवार्य रुपमा पेश गर्नु पर्ने व्यवस्था गरिनु पर्ने ।
- कानून व्यवसायीको आचार संहिताको पालनाको विषयमा कानून व्यवसायी परिषद्ले प्रभावकारी अनुगमन गर्नु पर्ने ।
- आचरण विपरीत काम गर्ने कानून व्यवसायीलाई दण्डित गर्ने र त्यसको प्रचार प्रसार गर्ने परिपाटी बसाल्नु पर्ने ।

### ५.२.५ प्रशासनिक पक्षमा सुधारका क्षेत्र

न्याय निरुपण गर्ने कार्य न्यायाधीशको एक्लो प्रयासमा सम्भव हुँदैन । न्यायपालिकाभित्रका सबै अवयवले उपयुक्त ढंगले काम गरेमा मात्र न्यायपालिकाको छबि उज्यालो बन्दै जान्छ । न्यायका सेवाग्राहीहरूसँग सोझो सम्पर्कमा रहने कर्मचारीहरूले गर्ने व्यवहारमा सिंगो न्यायपालिकाको छबि प्रतिविम्वित हुन्छ । न्यायिक जनशक्ति मध्येको महत्त्वपूर्ण हिस्साका रुपमा रहने अधिकृत तथा सहायक कर्मचारीलाई कामप्रति उत्प्रेरित गराइराख्ने तथा उनीहरूलाई पेशागत/संस्थागत/व्यक्तिगत आचरण पालनाप्रति प्रतिबद्ध बनाउन न्यायपालिकाको प्रशासनिक नेतृत्वले प्रभावकारी भूमिका खेल्नु पर्दछ । यिनै कुराहरूलाई आधार बनाएर प्रशासनिक नेतृत्वले तत्काल‍ै गर्नु पर्ने केही कार्यहरूलाई देहायमा प्रस्तुत गरिएको छ :

- सबै अदालतमा उजूरी सुन्ने हटलाईनको व्यवस्था मिलाई त्यसको प्रचार प्रसार गरिनु पर्ने ।
- कर्मचारीहरूको आचरणसम्बन्धी व्यवस्थालाई परिपालना गर्न गराउन प्रभावकारी अनुगमनको व्यवस्था गरिनु पर्ने ।
- दण्ड र पुरष्कारसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाइनु पर्ने ।
- कार्यसम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ठ बनाई उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई लक्षित गरी प्रोत्साहनमूलक कार्यक्रमहरू लागू गरिनु पर्ने ।
- वैदेशिक सहयोग के कति र कसरी लिने भन्ने बारेमा स्पष्ट नीति बनाई त्यसैका आधारमा सहयोग ग्रहण गर्ने वा नगर्ने कुराको निर्णय गर्ने निश्चित परिपाटी बनाउनु पर्ने ।
- गैरसरकारी संस्थाहरूसँगको सम्बन्धलाई नियमित र व्यवस्थित गराई त्यसको प्रभावकारी अनुगमन समेत गरिनु पर्ने ।
- कर्मचारीहरूलाई सेवाग्राहीमैत्री व्यवहार गर्न प्रेरित गर्ने र त्यसका लागि अनुशिक्षण कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने ।
- कर्मचारीहरूलाई काम प्रति उत्प्रेरित बनाई राख्न न्यायिक भत्ताको समेत व्यवस्था गरिनु पर्ने ।
- न्यायाधीश, कर्मचारी, कानून व्यवसायी, सरकारी वकील समेतका सबैले अनिवार्य रुपमा स्पष्ट देखिने खालको परिचयपत्र अदालत परिसरभित्र लगाउनु पर्ने ।
- जनशक्ति व्यवस्थापन गर्दा यथासम्भव कर्मचारीको क्षमता, विशेषज्ञता र उसको रुची समेतलाई बुझी जिम्मेवारी दिने परिपाटी बसाल्नु पर्ने ।

- काज खटाउने व्यवस्थालाई व्यवस्थित गरिनु पर्ने, त्यस सिलसिलामा अत्यावश्यक अवस्थामा मात्र उचित आधार र कारण समेत स्पष्ट गरी काज खटाउने परिपाटी बसाल्नु पर्ने ।
- अदालतमा कार्यरत् कर्मचारीहरूका लागि एकिकृत कर्मचारी आवास गृहको व्यवस्था गरिनु पर्ने ।
- कर्मचारीको वृत्ति विकासका अवसरहरूलाई बढावा दिई त्यसको न्यायोचित वितरणमा गम्भीरतापूर्वक ध्यान दिनुपर्ने ।
- अधिकारको विकेन्द्रीकरणलाई प्रशासनिक नेतृत्वको अधीनको विषय नबनाई कानूनद्वारा नै सुनिश्चित गरिनु पर्ने ।
- न्यायपालिकाका प्रत्येक इकाइहरूले आफ्नो आय व्ययको विवरण आवधिक रुपमा सार्वजनिक गर्ने परिपाटी बसालिनु पर्ने ।
- साधन स्रोतहरूको दुरुपयोग हुन नदिने तर्फ निरन्तर रुपमा अनुगमन गर्नु पर्ने ।
- आर्थिक अनुशासन, भ्रष्टाचारमुक्त, चुस्त र सेवाग्राहीमुखी प्रशासनको सुनिश्चितताका साथै प्रशासन संयन्त्रको तटस्थता तथा निष्पक्षताप्रति न्यायपालिकाको प्रशासनिक नेतृत्व सदैव प्रयत्नशील रहनु पर्ने ।

### ५.२.६ न्यायिक नेतृत्वबाट अपेक्षा

न्यायिक नेतृत्व स्वच्छ हुँदा, इमान्दार हुँदा र न्याय सम्पादनको कार्यप्रति प्रतिबद्ध हुँदा न्यायपालिका सामु विद्यमान अधिकांश समस्या स्वतः समाधान हुन्छन् भन्ने कुरालाई यो अध्ययनको सिलसिलामा सवैजसो सरोकारवालाहरूले उठाएको पाइयो । संविधान तथा सम्बद्ध कानूनहरूले पनि न्यायपालिकाको नेतृत्व लिने प्रधान न्यायाधीशलाई गहनतम् जिम्मेवारी सुम्पिएको छ । न्यायपालिकालाई विकृतिविहीन न्यायपालिकाको रुपमा विकास गर्ने र सेवाग्राहीले न्यायपालिकाबाट राखेका अपेक्षाहरूलाई सम्वोधन गरी उनीहरूलाई साँचो अर्थमा न्यायको अनुभूति गराउन प्रधान न्यायाधीशले नेतृत्वदायी भूमिका निर्वाह गर्ने पर्ने हुन्छ ।

त्यस अतिरिक्त पुनरावेदन अदालतका मुख्य न्यायाधीशले पनि आफ्नो र मातहत अदालतबाट हुने काम कारवाहीको निरन्तर अनुगमन र मूल्याङ्कन गर्ने हो भने त्यसबाट पनि सार्थक परिणाम आउन सक्छ । जिल्ला अदालतको हकमा पनि सम्बन्धित न्यायाधीशले दृढता र इमानदारी देखाउने, सेवाग्राहीसँग नियमित रुपमा सम्वादको वातावरण मिलाउने र सरोकारवालाहरूबीच सहकार्य र

सम्बन्ध कायम गर्ने हो भने अदालतभित्र र बाहिरका सबै खाले समस्याहरूको समाधान सहज रुपमा गर्न सकिन्छ । त्यसैले यहाँ न्यायिक नेतृत्वले निर्वाह गर्नु पर्ने भूमिकाका विषयमा बुँदागत रुपमा विषय उठान गरिएको छ :

- प्रधान न्यायाधीशले न्यायिक काम कारवाहीलाई प्रभावकारी बनाउन बाधक रहेका कानूनी व्यवस्थाहरूको पुनरावलोकन, न्यायपालिकासँग सम्बन्धित समसामयिक विषयहरूमा नयाँ कानूनहरूको निर्माण, विभिन्न तहका अदालतहरूको क्षेत्राधिकारको पुनरावलोकन, विशिष्टीकृत अदालतहरूको स्थापना लगायतका विषयमा सरकार तथा विधायिकासमेतसँग आवश्यक समन्वय कायम गरी प्रक्रिया अगाडि बढाउनु पर्ने ।
- न्यायिक विकृति र विसंगति हटाउन प्रधान न्यायाधीशले नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्ने ।
- पुनरावेदन अदालत नियमावलीको नियम ३क. बमोजिम मुख्य न्यायाधीशको जिम्मेवारी र कर्तव्य पालना गराउन प्रधान न्यायाधीशले सक्रियता देखाउनु पर्ने ।
- पुनरावेदन अदालत र मातहतका जिल्ला अदालतको विसंगति नियन्त्रण गर्न पुनरावेदन अदालतका मुख्य न्यायाधीशले जिम्मेवारी वहन गरे नगरेको अनुगमन गर्नुपर्ने ।
- न्यायक्षेत्रका सरोकारवालाहरू विशेष गरी प्रहरी, सरकारी वकील, बार प्रतिनिधि र न्यायाधीशबीच नियमित रुपमा अन्तर्क्रियाको प्रबन्ध हुनुपर्ने ।
- अदालतभित्र विचौलीयाहरूको प्रभाव रहँदैन भन्ने सन्देश जाने गरी सम्बन्धित सबैले आचरण र व्यवहार गर्नु पर्ने र न्यायिक नेतृत्वले यसमा विशेष निगरानी राख्नु पर्ने ।
- न्यायपालिकाभित्र संरक्षणवाद हावी रहेको भन्ने सन्दर्भमा सिडी काण्डमा संलग्न कर्मचारीहरूलाई आवश्यक कारवाही नगरिएको भन्ने दृष्टान्त प्रस्तुत गरिने गरेको हुँदा कसका कारणले किन त्यसो भयो भन्ने सम्बन्धमा उचित छानवीन गरी त्यस्तो अवस्थाको पुनरावृत्ति हुन नदिने तर्फ पनि सबै सजग रहनु पर्ने ।
- न्यायाधीश आचारसंहिताको प्रभावकारी पालना र अनुगमनमा प्रधान न्यायाधीश, पुनरावेदन अदालतका मुख्य न्यायाधीश र जिल्ला न्यायाधीशले सक्रियता देखाउनु पर्ने ।
- अदालतमा देखा पर्ने विभिन्न खाले विकृति हटाउने प्रयोजनको लागि गठन हुने वा न्यायिक काम कारवाहीमा सुधार ल्याउन गठन हुने समिति, कार्यदल, जाँचबुझ समितिबाट प्रस्तुत हुने प्रतिवेदन यथासमयमै कार्यान्वयन गर्ने तर्फ सक्रिय हुनु पर्ने ।

- सबै तहका न्यायक्षेत्र समन्वय समितिलाई प्रभावकारी बनाई सरोकारवालाहरूबीच सार्थक सम्बन्ध कायम गर्ने ।
- सरोकारवाला निकाय, संस्था, पदाधिकारी वा संस्थाबाट भएका कमी कमजोरीको न्यूनीकरणमा समन्वय समितिलाई क्रियाशील गराउने ।

### ५.२.७ आन्तरिक सुधारका क्षेत्र

न्यायपालिकाभित्रका कतिपय आन्तरिक कारणहरूले पनि न्याय सम्पादनको कार्यलाई प्रभावकारी बनाउन बाधा पुऱ्याएका छन् । प्रशासनिक तहबाटै आन्तरिक रुपमा व्यवस्थापन गर्न सकिने कतिपय विषयहरूतर्फ ध्यान जान नसकेकै कारणले गर्दा त्यस्ता विषय समस्याका रुपमा रहिरहेका छन् । अदालतको आन्तरिक सुरक्षा व्यवस्था, सेवाग्राहीलाई पुऱ्याइने सेवाको विवरण, फाँट व्यवस्थापन, वृत्ति विकासका अवसरहरूको न्यायोचित वितरण समेतका विविध विषयहरूलाई यसमा समेटेर प्रस्तुत गरिएको छ :

- सबै मुद्दाको टिपोट गरी त्यसलाई अद्यावधिक गर्दै जाने पद्धति लागू गरिनु पर्ने ।
- प्रत्येक अदालतमा नागरिक वडापत्र/सूचना केन्द्र/सहयोग केन्द्र जस्ता आधारभूत कुराहरूको उचित व्यवस्था गरिनु पर्ने र त्यसको प्रयोगमा सेवाग्राहीहरूलाई प्रेरित गर्नु पर्ने ।
- कानून व्यवसायीहरूमध्ये वरिष्ठलाई वढी महत्त्व दिने प्रवृत्ति रहेको भन्ने आलोचनाबाट सतर्क भै सबै प्रति समान व्यवहार प्रदर्शन गरिनु पर्ने ।
- अदालतमा प्रयोग हुने भाषालाई शुद्ध र सरल बनाइनु पर्ने ।
- सीसीटीभीको प्रयोग बढाउँदै लैजाने र त्यसलाई अदालत हाताभित्रको सुरक्षा तथा अदालतभित्र सुशासन कायम गर्ने प्रमुख आधारका रुपमा प्रयोग गर्न त्यसको प्रभावकारिता बढाउनु पर्ने ।
- अदालतभित्रको फाँट सरुवालाई आवधिक र नियमित गराइनुपर्ने ।
- तालिम, विदेश भ्रमण र अध्ययनमा सबै कर्मचारीलाई समान अवसर प्रदान गर्न निश्चित मापदण्ड बनाई लागू गर्नुपर्ने ।
- इजलास अधिकृतहरूलाई कामप्रति जागरुक तुल्याउन उनीहरूको कार्यप्रकृतिका आधारमा वृत्ति विकासका अवसरहरू प्रदान गरिनु पर्ने ।

### ५.२.८ विकृतिका मूल कारक र तिनको नियन्त्रण

न्यायपालिका कमजोरीरहित छैन, यो समस्यारहित पनि छैन । तर त्यसमध्ये विकृतिका केही स्वरुप अलि गम्भीर प्रकृतिका छन् । सुशासन र कानूनको शासन विपरीतका क्रियाकलापहरूलाई न्यायपालिकाले निरुत्साहित गर्नु पर्दछ । विचौलीयाहरूले न्यायपालिकालाई नै बदनाम गराएको यथार्थलाई सबैले स्वीकार गरेको अवस्था छ । विचौलीया भनेको कुनै एक वर्ग वा व्यक्ति नभै यो एउटा अत्यन्त खराव प्रवृत्तिका रुपमा विद्यमान रहेको हुँदा त्यस्ता विचौलीयाहरूको पहिचान गरी त्यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने जिम्मेवारी न्यायपालिकाले वहन गर्नु जरुरी भएको छ । न्यायिक जनशक्तिको कुनै किसिमको संलग्नता नभएको विषयमा पनि विचौलीयाहरूले अदालतलाई मुछेर गलत काम कारवाही गर्ने गरेको र त्यसको नकारात्मक प्रभाव सिंगो न्यायपालिकामाथि परेको यथार्थवोध यो अध्ययनले पनि गरेको छ ।

विचौलीया कुनै एउटा विकृत व्यवसायको रुपमा हुर्कदो छ । अदालतमा भ्रष्टाचार व्याप्त छ र भ्रष्टाचार बिना कुनै काम हुँदैन भन्ने सन्देश प्रवाह गर्नमा यो वर्ग उद्यत रहेको छ । विचौलीयाहरुलाई नियन्त्रण गर्न सकिएमा न्यायपालिकाभित्रका विकृति धेरै हदसम्म नियन्त्रित हुन पुग्नेछन् । यसका लागि मूलतः न्यायाधीश भ्रष्ट छैनन्, न्यायाधीशलाई प्रलोभित पार्न सकिँदैन भन्ने कुरा, मन, बचन र कर्मले स्थापित गर्न आवश्यक छ । बस्तुतः न्यायका सरोकारवाला सबैको सहयोगको बलमा त्यस्तो प्रवृत्तिलाई निर्मूल गर्नु पर्ने खाँचो महशूस गर्दै देहायमा केही बुँदाहरू सिफारिशको रुपमा प्रस्तुत गरिएको छ :

- विचौलीयाहरुको पहिचान गरी उनीहरुलाई निरुत्साहित गर्ने तर्फ मूलतः न्यायिक नेतृत्व र प्रशासनिक प्रमुख समेतले विशेष रुपमा प्रयास गर्नु पर्ने र त्यस्ता व्यक्तिहरुलाई दण्डित गर्न आवश्यक कानूनी व्यवस्था समेत गरिनु पर्ने ।
- दस्तूरी प्रथा नियन्त्रण गर्न मुद्दाका पक्षहरूले कानूनबमोजिम बुझाउनु पर्ने दस्तूरका सम्बन्धमा स्पष्ट रुपमा जानकारी गराउन अदालतका सूचना पाटीहरुमा त्यस्तो विवरण टाँस गर्ने परिपाटी बसाल्नु पर्ने ।
- न्यायपालिकाभित्रका कमी कमजोरीहरूका बारेमा निरन्तर रुपमा अध्ययन, अनुसन्धान र अनुगमनको व्यवस्था गरिनु पर्ने ।

- प्रत्येक अदालतमा गुनासो सुन्ने अधिकारी तोक्ने र यथासम्भव उच्च तहका कर्मचारीलाई त्यस्तो जिम्मेवारी दिइनु पर्ने ।
- गुनासो सुन्ने अधिकारीलाई बिचौलीयाको पहिचान गर्ने समेतको जिम्मेवारी प्रदान गर्ने र निजको रिपोर्टिङका आधारमा आवश्यक छानवीन गरी कारवाही गर्ने परिपाटी समेतको विकास गरिनु पर्ने ।
- अदालतबाट कैद र जरीवाना लागेको व्यक्ति सो भुक्तान नगरी निर्धक्क भएर हिँड्ने प्रवृत्तिलाई निरुत्साहित गरी दण्डहीनताको स्थिति आउन नदिन त्यस्ता व्यक्तिहरूको सूची नियमित रुपमा सार्वजनिक गर्ने र त्यसको प्रचार प्रसार गर्ने परिपाटी बसालिनु पर्ने ।
- दण्ड जरीवाना लागेका व्यक्तिहरू बारेको सूचनासहितको पुस्तिका जारी गरी असूलउपर गराई दिन सहयोग गर्ने व्यक्तिलाई आकर्षक रकम पुरष्कारस्वरुप दिने व्यवस्था हुनु पर्ने ।

### ५.२.९ सेवाग्राहीसँगको सम्बन्ध सुधार

न्यायपालिकाको मूल कार्य नै न्याय निरुपण हो । न्याय निरुपण गर्ने कार्य न्यायका सेवाग्राहीसँग सम्बन्धित विषय हो । न्यायपालिकाभित्रका कमी कमजोरीको कारणबाट न्यायापेक्षीहरू न्याय पाउने आफ्नो नैसर्गिक अधिकारबाट वञ्चित हुनु नपरोस् भन्ने सोच न्यायपालिकाले राख्नै पर्दछ। न्याय माग्न अदालतमा प्रवेश गर्ने प्रत्येक व्यक्तिले न्यायपालिकाप्रतिको सकारात्मक छाप लिएर निस्कन पाओस् भन्ने तर्फ पनि न्यायपालिकाका जिम्मेवार अधिकारीहरू सजग र सतर्क हुनु पर्दछ । सेवाग्राहीप्रति कर्मचारीले गर्ने व्यवहारदेखि लिएर उनीहरूले अपेक्षा गर्ने सुविधा समेतका विषयमा न्यायपालिकाका जिम्मेवार अंग संवेदनशील हुनै पर्दछ । त्यसैले यहाँ सेवाग्राही मैत्री व्यवहार र सेवाग्राही मैत्री भौतिक संरचना लगायत सेवाग्राहीका केही अपेक्षाहरूलाई सम्वोधन गरिनु पर्ने कुरा प्रस्तुत गर्ने प्रयास गरिएको छ :

- सेवाग्राहीसँग मैत्रीपूर्ण व्यवहार गर्नुपर्ने ।
- अदालतको भौतिक संरचना सेवाग्राही मैत्री बनाउँदै लैजानु पर्ने ।
- सबै अदालतमा काउण्टर प्रणाली लागू गरी सेवाग्राहीलाई एकद्वार सेवा प्रदान गर्ने व्यवस्था मिलाइनु पर्ने ।

- नि.सु.राख्ने प्रथालाई यथासम्भव निरुत्साहित गर्नु पर्ने । नि.सु.मा रहेको मुद्दामा तोकिएको नि.सु.को पेशीका दिन काबु बाहिरको परिस्थिति बाहेकको अवस्थामा अनिवार्य रुपमा निर्णय सुनाउने ।
- धरौटी फिर्ता र दण्ड जरीवाना फिर्ता पाउने प्रक्रियालाई सरलीकरण गरिनु पर्ने ।
- प्रधान न्यायाधीश, पुनरावेदन अदालतका मुख्य न्यायाधीश र जिल्ला न्यायाधीशले सेवाग्राहीसँग नियमित रुपमा अन्तरक्रिया गर्ने परिपाटी बसाल्नु पर्ने ।

### ५.२.१० अपराध अनुसन्धान र अभियोजन प्रणालीमा सुधार

अपराध अनुसन्धान र अभियोजनमा हुने त्रुटिले न्याय प्रदान गर्ने कार्यलाई नै प्रभाव पार्दछ । अनुसन्धान र अभियोजनसम्बन्धी निकाय सुदृढ भएनन् वा ती निकायहरूभित्रको विकृति विसंगतिको अन्त्य भएन भने विकृतिविहीन न्यायपालिकाको अभियान सार्थक हुन सक्दैन । अध्ययनका क्रममा ती निकायहरूका कमजोरी पनि उजागर भएका छन् । त्यस्ता कमजोरीहरूलाई सच्च्याउँदै अघि बढ्नु पर्ने आवश्यकतावोध गरी देहायमा केही सुझावहरू प्रस्तुत गरिएको छ । यी सुझावहरू सम्बन्धित निकायबाटै कार्यान्वयन हुनु पर्ने प्रकृतिका छन्, त्यसलाई गम्भीरतापूर्वक लिई ती निकायहरूले आ-आफ्ना संयन्त्रहरूलाई प्रभावकारी रुपमा परिचालन गर्ने अपेक्षा गरिएको छ ।

- अपराधको अनुसन्धानमा निष्पक्षता र व्यावसायिक निष्ठा कायम गर्नु पर्ने ।
- प्रहरीभित्र विशिष्टीकृत अपराध अनुसन्धान एकाई हुनुपर्ने ।
- अपराधको अनुसन्धानका क्रममा सरकारी वकील र अनुसन्धान गर्ने प्रहरीबीचको समन्वयको लागि प्रभावकारी संयन्त्र बनाउनु पर्ने ।
- अभियोजनमा अनुसन्धान गर्ने प्रहरीको भूमिका हुनु पर्ने र अनुसन्धान पक्षको राय पनि अभियोगपत्रका साथ अदालत समक्ष आउने व्यवस्था गरिनु पर्ने ।
- सरकारी वकीललाई मुद्दा बुझाएपछि प्रहरीको सम्पर्क टुटे जस्तो अवस्था आउन नदिन दुई निकायबीचको समन्वयलाई प्रभावकारी बनाउनु पर्ने ।
- सरकारवादी फौजदारी मुद्दा दर्ता भएपछि फेला परेका प्रमाण समेत मिसिलमा सामेल गर्ने पद्धति बसाल्नु पर्ने ।
- अनुसन्धानमा राजनीतिक हस्तक्षेपको स्थितिलाई निरुत्साहित गर्नु पर्ने ।

- विशेष गम्भीर प्रकृतिका मुद्दामा अनुसन्धानका लागि थुनामा रहेका व्यक्तिको मुद्दा २५ दिनभित्र अदालतमा पेश गर्नै पर्ने व्यवस्था अव्यावहारिक रहेको हुँदा त्यस सम्बन्धमा अपराधको प्रकृति समेतलाई विचार गरी अवधि निश्चित गरिनु पर्ने ।
- अनुसन्धान प्रक्रियामा भएका राम्रा पक्षहरूलाई फैसलामा समेत उल्लेख गरी अनुसन्धानमा संलग्न सुरक्षा जनशक्तिलाई प्रोत्साहित गर्ने परिपाटी बसालिनु पर्ने ।
- प्रमाण संकलन जस्ता महत्त्वपूर्ण कार्यमा बजेट लगायतका प्राबिधिक कुराले व्यवधान नआउने अवस्थाको सिर्जना गर्न सरकारको ध्यान जानु पर्ने ।
- सरकारवादी फौजदारी मुद्दाको निर्णयको जानकारी यथासमयमै प्रहरीलाई हुने खालको प्रणालीको विकास गरिनु पर्ने ।
- मुद्दामा पर्याप्त तैयारी गरी स्तरीय रुपमा प्रस्तुत हुने सरकारी वकीललाई महान्यायाधिवक्ताले प्रोत्साहित गर्नु पर्ने ।
- समय सापेक्ष रुपमा विशेषज्ञता हासिल गरेको जनशक्तिको उपलब्धताका लागि सरकारी वकीलको वृत्ति विकास, तालिम र उच्च अध्ययनको यथोचित प्रबन्ध सरकारले गर्नु पर्ने ।
- प्रतिकूल साक्षी (Hostile Witness) लाई समेत जीरहको व्यवस्था हुनु पर्ने ।
- अपराध अनुसन्धानमा त्रुटि भएका मुद्दामा सो कुराको उल्लेख फैसलामा समेत गरी टिप्पणी लेख्ने र त्यसलाई सम्बन्धित अनुसन्धान अधिकृतको मूल्याङ्कनको आधार बनाउने परिपाटी कायम गरिनु पर्ने ।
- अपराध अनुसन्धान अधिकारी र अभियोजनमा संलग्न अधिकारीको काम कारवाहीका सम्बन्धमा सम्बन्धित निकायले प्रभावकारी रुपमा अनुगमन मूल्याङ्कन गर्नु पर्ने । त्यस सिलसिलामा सफल/असफल भएका मुद्दाहरूलाई समेत आधार बनाउनु पर्ने ।

### ५.२.११ ध्यान दिनु पर्ने अन्य क्षेत्र

माथि विभिन्न शीर्षकअन्तर्गत सुधारका क्षेत्रहरूको उल्लेखन गरिएको छ । ती विषयमा नसमेटिएका तर न्यायपालिका र न्याय प्रणालीको समग्र सुधार प्रक्रियामा महत्त्वपूर्ण देखिएका केही विषयहरूलाई देहायमा प्रस्तुत गरिएको छ :

- अर्धन्यायिक निकायका काम कारवाहीमा पनि स्वच्छता कायम गरिनु पर्ने ।

- अर्धन्यायिक निकायले समेत आधारभूत न्यायिक प्रक्रियाको अवलम्वन गरी न्याय निरुपण गर्ने परिपाटी कायम गरिनु पर्ने ।
- सरकारी गवाहको सुरक्षा र खर्चको व्यवस्था गरिनु पर्ने र त्यस्ता साक्षीको तत्कालै परीक्षण गर्ने परिपाटी बसालिनु पर्ने ।
- भीड, अनावश्यक हल्ला र समाचारले न्याय प्रभावित हुन नदिन सुरक्षालगायतका आवश्यक प्रबन्ध मिलाउने ।
- न्यायाधीश आचार संहिता, २०६५ को पालनामा सबै न्यायाधीश प्रतिबद्ध हुनु पर्ने ।
- फैसला कार्यान्वयनमध्ये दण्ड जरीवानाको असूलीलाई प्रभावकारी बनाउन त्यस्तो दण्ड जरीवाना तिर्नु बुझाउनु पर्ने व्यक्तिलाई निश्चित समय तोकी तिर्नु बुझाउनु भनी सूचना जारी गर्ने, निर्धारित समयभित्र भुक्तानी नगर्ने व्यक्तिको तीन पुस्तेसहितको विवरण सार्वजनिक गर्ने, जरीवाना असूल गराउन सहयोग गर्नेलाई उचित प्रोत्साहन रकम उपलब्ध गराउने र भविष्यका लागि फोटो र ल्याप्चेसहितको अभिलेख राख्ने व्यवस्था मिलाउने ।
- कानूनी सहायतासम्बन्धी व्यवस्थालाई प्रभावकारी र व्यवस्थित बनाई समाजका कमजोर र असहाय वर्ग त्यसबाट वञ्चित नहुने प्रणालीको विकास गरिनु पर्ने ।
- गरीव र असहाय पक्षको न्यायमा सहज पहुँचको सुनिश्चितता गरिनु पर्ने ।
- थुनुवा मुद्दामा भएको काम कारवाही एवं निर्णयको जानकारी यथासमयमै थुनुवालाई हुने व्यवस्था मिलाउनु पर्ने ।
- न्याय निरुपण गर्दा अपराध पीडितको पीडालाई समेत हृदयंगम गरिनु पर्ने ।
- गैसस, अगैसससँग सम्बन्धित मुद्दालाई अनपेक्षित रुपमा प्राथमिकता दिने प्रवृत्ति त्यागी त्यस्तो विषयमा संयमित हुनु पर्ने ।
- नजीरमा एकरुपता कायम गरिनु पर्ने र त्यसको पालनामा जोड दिनु पर्ने ।
- न्यायपालिकाका कर्मचारीहरूका लागि छुट्टै आचारसंहिता तर्जुमा गरी लागू गरिनु पर्ने ।
- अर्धन्यायिक निकाय, न्यायाधीकरण, श्रम अदालत, प्रशासकीय अदालत समेतका काम कारवाहीको नियमित अनुगमन गर्ने परिपाटी बसाल्नु पर्ने ।
- कानूनको शिक्षा नै नलिएका कर्मचारीबाट सेवा लिनु पर्ने अहिलेको अवस्थालाई दृष्टिगत गरी शिक्षा प्रणालीका विषयमा सुधार ल्याउनु पर्ने र त्यसका आधारमा उचित व्यवस्था नहुँदासम्म

सेवा प्रवेशपछि तत्कालै आधारभूत तालिमको प्रबन्ध गरी त्यसपछि मात्र कार्यक्षेत्रमा खटाउने व्यवस्था गरिनु पर्ने ।

- केही जिल्ला अदालतमा नमूनाका रुपमा लागू गरिएको देवानी र फौजदारी इजलासको व्यवस्थाको प्रभावका बारेमा अध्ययन र मूल्याङ्कन हुनुपर्ने ।
- जिल्ला, पुनरावेदन तथा सर्वोच्च अदालतमा फैसला लेखनमा समन्वय तथा कम्प्यूटर सञ्जाललाई प्रभावकारी बनाउन सकिएमा फैसला/निर्णयको प्रतिलिपि तुरुन्त दिन सकिने हुँदा त्यसतर्फ पहल गरिनु पर्ने ।
- फैसला लेखनमा हाल प्रचलित ढाँचा र प्रकृतिमा समेत परिमार्जन गरी त्यसलाई वोधगम्य, सरल र छरितो तुल्याइनु पर्ने ।
- अदालतका कर्मचारी तथा न्यायाधीशहरूको कार्यक्षमता बढाउन र विषयगत विशेषज्ञता हासिल गराउन विषयहरू निर्धारण गरी आवधिक तालिम तथा अभिमूखीकरण कार्यक्रमहरू सञ्चालन गरिनु पर्ने ।
- अध्ययन, अनुसन्धान, तालिम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरूको सञ्चालनमा राष्ट्रिय न्यायिक प्रतिष्ठानलाई प्रभावकारी तुल्याइनु पर्ने ।
- संविधानसभाबाट नयाँ संविधान निर्माणको क्रममा हुने राज्यको पुनर्संरचनाको सन्दर्भ समेतलाई दृष्टिगत गरी त्यससँग सापेक्ष हुने गरी जनशक्तिको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनु पर्ने ।
- सुरक्षाका दृष्टिले संवेदनशील मानिएका जिल्लाहरूमा सुरक्षाको विशेष प्रबन्ध मिलाइनु पर्ने ।
- अर्धन्यायिक निकायका कर्मचारी र पदाधिकारीको कार्यक्षमता बढाउन तालिमको व्यवस्था गरिनुपर्ने ।

अन्त्यमा अध्ययनका क्रममा धारणा र प्रवृत्तिगत कुरा बाहेक कसैलाई ईंगित एवं किटान गरी विकृति, विसंगति एवं भ्रष्टाचारजन्य कार्यमा संलग्न भएको पहिचान साथ स्पष्ट कुरा आएको देखिएन । तथापि न्यायिक काम कारवाहीमा ढिलासुस्ती रहेको, कार्यविधि कानून परम्परागत र जटिल रहेको, फैसला कार्यान्वयन प्रभावकारी हुन नसकेको भन्ने जस्ता कार्यविधिगत पक्षलाई सबैले समस्याका रुपमा ईंगित गरेको पाइयो ।

त्यसैगरी न्याय परिषद्, न्याय सेवा आयोग, कानून व्यवसायी परिषद् लगायतका संयन्त्रहरूले अपेक्षित प्रभावकारिता देखाउन नसकेको, न्यायाधीश नियुक्तिका सम्बन्धमा निश्चित मापदण्ड कायम हुन नसकेको, दण्ड र पुरष्कारको व्यवस्थालाई उचित रुपमा लागू नगरिएको, संरक्षणवादले गर्दा सबैप्रति समान व्यवहार हुन नसकेको, न्यायिक जनशक्तिमा कार्यक्षमताको अभाव रहेको, कर्मचारीहरूमा सेवाग्राहीप्रतिको व्यवहारमा अपेक्षित सुधार नआएको, कर्मचारीलाई कार्यबोझको अनुपातमा सेवा सुविधा उपलब्ध गराउन नसकिएको, कर्मचारीहरूका लागि वृत्ति विकासको अवसरमा असमान व्यवहार हुने गरेको, न्यायाधीशहरूको गैसस अगैसससँग अनपेक्षित सम्बन्ध देखिएको, आचारसंहिताहरूको पालनाप्रति गम्भीरता नदेखिएको तथा प्रभावकारी अनुगमन नभएको, असहाय पक्षको न्यायमा सहज पहुँच सुनिश्चित हुन नसकेको र नजिरमा एकरुपता कायम हुन नसकेको भन्ने जस्ता न्यायपालिका भित्रकै आन्तरिक समस्याका विषयहरू उठाएर त्यसबाट न्यायपालिकामा हुने विकृति र विसंगतिलाई हटाएर न्यायपालिकाभित्र सुधारको आवश्यकता रहेको भन्ने कुरा स्थापित गर्ने कोशिस अधिकांश सहभागीहरूले गरेका थिए ।

अपराध पीडितका समस्याप्रति राज्यले उचित संवेदनशीलता देखाउन नसकेको, अपराध अनुसन्धान प्रभावकारी हुन नसकेको र अनुसन्धान र अभियोजनका बीचमा समेत अपेक्षित समन्वय कायम हुन नसकेको, अपराध अनुसन्धानलाई आधुनिक बनाउने तर्फ राज्यको ध्यान जान नसकेको, सञ्चार माध्यमबाट यथार्थमा आधारित भन्दा पनि अतिरञ्जित तरिकाले न्यायिक समाचारहरू सम्प्रेषण हुने गरेको, कानून व्यवसायीले मुद्दाका पक्षसँग लिने शुल्क पारदर्शी नभएको, कानून व्यवसायीका तर्फबाट भएका कमजोरीहरूलाई सच्च्याउने कुरालाई कानून व्यवसायी सम्बद्ध संस्थाहरूले जिम्मेवारीवोध गर्न नसकेको, अर्धन्यायिक निकायबाट हुने न्यायिक कार्यमा त्रुटि हुने गरेको, अर्धन्यायिक निकायहरूमा आधारभूत कानूनी ज्ञानको समेत अभाव देखिएको भन्ने जस्ता सरोकारवाला निकायहरूसँग सम्बन्धित विषयलाई पनि समस्याका रुपमा उठाएको छ ।

त्यसबाहेक विचौलीयाहरूको सञ्जाललाई तोड्न तथा नियन्त्रण गर्न नसकिएको, विचौलीयाका कारणबाट उत्पन्न हुने स्वाभाविक विकृतिको नियन्त्रणमा अपेक्षित क्रियाशीलता अवलम्वन हुन नसकेको र न्याय क्षेत्रका सरोकारवाला विभिन्न निकायहरूका बीचमा अपेक्षित समन्वयको अभाव रहेको भन्ने जस्ता साझा समस्याका विषयहरू पनि प्रमुखताका साथ उठाइएका छन् । उल्लिखित परिप्रेक्ष्यमा कसैले पनि दोषी किटान गरी न्यायपालिकाभित्रको विकृतिलाई नऔंल्याइएको भन्दैमा सुझाव वा प्रतिक्रियाका रुपमा औंल्याइएका विविध विषयहरूको सान्दर्भिकतालाई यस अध्ययनको

सिलसिलामा पनि नकार्न मिल्ने अवस्था देखिएन । त्यसैले न्यायपालिकाको समग्र सुधार अभियानमा गहिरो सम्बन्ध राख्ने ती विषयहरूलाई आधार मानेर नै सुधारका क्षेत्र पहिचान गरी उपर्युक्त बमोजिमको निष्कर्षमा कार्यदल पुगेको छ । प्रतिवेदनमा प्रस्तुत गरिएका सुझावहरु सम्बन्धित क्षेत्रबाट प्रभावकारी रुपमा कार्यान्वयन हुनेछन् भन्ने अपेक्षा पनि कार्यदलले राखेको छ ।